# कृषि जर्नल

कृषि जर्नल २०७८ भाद्र (krishijournal-2021, (August-Sep)



दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार
कृषि जर्नल
Agriculture Journal
मासिक
काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३
वर्ष-१७, अङ्क ८७ भाद्र २०७८

## यस अङ्कमा


१. भीमदत्त पन्त र सशस्त्र किसान विद्रोह ३

२. किसानहरुका लागि प्रेरणाको स्रोत : भीमदत्त पन्त
सन्दर्भ : ३० किसान सहिद दिवस तथा
६८ औं भीमदत्त पन्त स्मृति दिवस ७

३. धान बीउ छनौंटमा प्रजनन्को भूमिका १४

४. भुइँऐसेलु खेती प्रविधि १५

५. वायूमण्डलीय प्रभावका कारण प्राणी जगत संकटमा १६

६. राष्ट्रिय कृषि नीति २०६१ २०

७. मेवा खेती प्रविधि २२

८. कृषिको विकास पछि पर्नु हामी आफै जिम्मेवार छ २४

9. G 20: FAO Director-General calls for closing of digital divide 28

10. A top priority call to action is to use antimicrobial drugs 29

11. 5 ways Indigenous Peoples can help the world eliminate hunger 30

12. Global food prices decline in July 31

13. The Greenthumb Youth Group casts their nets 32

14. Community-driven change brings water security 33

15. IFAD Announce upcoming coalition to support the public 35











व्यक्तिगत मूल्य रु. ५०/-
संस्थागत मूल्य रु. १००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि.
सल्लाहकार : कृष्ण कोइराला, डा. गिरीराज त्रिपाठी प्रबन्ध निर्देशक : श्रीबहादुर खड्का
प्रधान सम्पादक : धनबहादुर मगर, मुख्य कार्यालय : बागबजार २८
फिल्ड कार्यालय : टौखेल मच्छेगाउँ १, चन्द्रागिरी नगरपालिका, फोन : ०१४२८८७४३,
मोवाइल : ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं ।
Online : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com,

# नेपालमा कृषि विकासमा कृषि सञ्चारको महत्व

सम्पादकीय



नेपाल कृषि प्रधान देश हो । यहाँ कृषि व्यवसायले दिन प्रतिदिन औद्यौगिक रुप लिदै आएको छ । व्यवसायिक बन्दै गएको आधुनिक कृषि र कृषि उद्योगहरु पनि दिन प्रतिदिन बढ्दै गएको छ । विश्वमा भएको नयाँ-नयाँ कृषि प्रविधिको विकास, कृषिमा आएका नयाँ-नयाँ औजारका बारेमा पाठक तथा कृषकहरुले यथेष्ट सूचना पाउन सकिरहेका छैंन । त्यसकारण नेपाली कृषि व्यवसाय हदसम्म परम्परागत शैलीमा अडिरहेको छ । किसानको नारालाई व्यवहारमा कार्यन्वयन गर्ने अभियान स्वरुप कृषि, वन, सिँचाई, र वातावरण सम्म पहुँच कसरी बनाउने भन्ने चिन्ताका साथ जनचेतनाको माध्यमबाट आम जनतालाई सचेत गराउने उद्देश्य कृषि सञ्चार माध्यमले बोकेको हुन्छ ।

आजको यस वस्तुगत आवश्यकतालाई परिपूर्ति गर्न कृषिमा आधुनिकीकरण अपरिहार्य छ । यस क्षेत्रमा जनचेतना जगाउने उद्देश्यले कृषि सूचनासँग सम्बन्धित प्रकाशनहरु प्रकाशन भइरहेका छन् ।

हामीले कृषिलाई दीर्घकालीन रुपमा कृषि क्रान्तिको लागि एउटा उर्जा दिन सकोस् र प्रत्येक नेपालीहरुले अन्नविना भोको रहन नपरोस् भन्ने हाम्रो उद्देश्य हुन्छ । त्यसकारण पनि पाठकहरुमाझ, कृषि कर्म गर्ने किसानहरूको माझ कृषि सञ्चारलाई कसरी अगाडि बढाउने ?

कृषि सम्बन्धी सूचना र सञ्चारलाई प्राथमिकता दिने संघ-संस्थाहरूको योगदान कसरी अगाडि बढाउने र उनीहरुलाई कसरी सहयोग पुऱ्याउने भन्ने कुरा, कृषि कर्म गर्ने व्यवसायिक कृषकहरुको सूचना कसरी अगाडि लैजाने र आम जनमानसमा आफ्नो पहुँच कसरी पुऱ्याउने भन्ने कुरा महत्वपूर्ण छ ।

केही समयदेखि नेपालको कृषि क्षेत्रमा सूचना प्रवाह गर्न कृषि सम्बन्धी अनलाइनहरु पनि आफ्नो संस्करणलाई अगाडि बढाईरहेको छ । टेलिभिजन कार्यक्रमहरु पनि अगाडि आइरहेको छ भने मूल प्रवाहका सञ्चार माध्यमहरुले पनि कृषि सञ्चारलाई प्राथमिकता दिएर आफ्नो प्रशारण अगाडि बढाईरहेको अवस्था छ ।

यो विषय देशको लागि सकारात्मक विषय हो । सम्पूर्ण पाठक, स्रोता र सम्बन्धित निकायहरु कृषि क्षेत्रको विकासमा दत्तचित्त भएर लाग्दै आएको छ । तर पनि अझै जिम्मेवारी पूरा नभएको अनुभव भइरहेको छ । देशको कृषि व्यवसायलाई केहीन केही सहयोग पुऱ्याउन सक्छ भन्ने आशा हामीले लिएका छौं । हाम्रो लक्ष्य भनेको साझा लक्ष्य हुनु पर्छ । यो लक्ष्यलाई आफ्नै लक्ष्य ठानी कृषि व्यवसाय प्रति समर्पित रहेर मुलुकलाई सम्पन्न गराउने उद्देश्यमा सहयोग पुऱ्याउनु पर्छ । यी विषयहरुमा केन्द्रीत भएर अगाडि बढ्नु पर्छ । म कृषि प्रति समर्पित व्यक्तित्व भएको नाताले मेरो योगदान यही क्षेत्रमा हुनु पर्छ भन्ने भावनाको विकासमा एकाकार भएर जान सके मात्र हाम्रो आफ्नो क्षेत्रको विकास अगाडि बढ्न सक्छ ।

वर्तमान परिवेशमा कृषि सम्बन्धी सूचना र सञ्चारको महत्व पनि दिनानु दिन बढ्दै गएको छ । यसका लागि नेपाल सरकार कृषि, भूमि, सिँचाई, वन जस्ता निकायहरु संस्थागत रुपमा स्थापना भएको कृषि सम्बन्धी सहकारी संस्थाहरुको विशेष भूमिका रहन्छ । तर, हुँदाहुँदै पनि पुलको काम गर्ने माध्यम भनेको कृषि सञ्चार नै हो । कृषि सञ्चारको विकासले सरकारको काम कारवाही, कृषकहरुको काम कारवाही, उनीहरुले गरेका क्रियाकलापहरुको योगदानको मूल्याङ्कनको आदान प्रदान गर्न सञ्चारको अझ भूमिका महत्वपूर्ण रहने कुरामा कसैको दुईमत हुन सक्दैन ।

दुःखको कुरा नेपालको ८० प्रतिशत भू-भागमा अझै कृषिले फड्को मार्न सकिरहेको छैन । शहर केन्द्रीत कृषिले नेपालको कृषिमा आत्मनिर्भर बन्न सक्दैन । सघन बालीहरु तरकार र बालीमा मात्र केन्द्रीत हुन नहुने अवस्थाको बारेमा हामीलाई शिक्षा दिएको छ । अबको व्यवसायिक किसान बन्न किसानले मात्र चाहेर हुँदैन । सरकार स्वयम अगाडि सर्नु पर्छ । राज्यले कृषिमा सघन लगानी गर्ने वातावरण नबनाए सम्म नेपालको कृषि फस्टाउन सक्दैन । नेपालको खेर गईरहेको कृषि भूमि सदुपयोग गर्ने वातावरण जबसम्म राज्यले गर्न सक्दैन तबसम्म नेपालको कृषि अगाडि बढ्न सक्दैन । जबजस्ती रुपमा नेपाली कृषि अगाडि बढे पनि किसानले कति दिनसम्म आफूलाई ऋणको जोखिममा पारेर टिक्न सक्छ भन्ने विषय चिन्ताको विषय बन्दै आएको छ । विगतका धेरै व्यवसायिक किसानहरू कृषि पेशा छाडेर अन्य पेशा अंगाल्न पुगेको देखिन्छ । निर्वाहमूखी कृषि पेशालाई आत्मनिर्भर, नाफामूखी बनाउन किसानले अझ सकिरहेको छैन । किसानहरु जीविकोपार्जन सहज होस् भनेर नै कृषि पेशामा संलग्न भएका छन् । तर पनि दिनप्रतिदिन घाटा सहनु परेको अवस्था देखिन्छ ।

त्यसकारण किसानको लगानी नडुब्ने र घाटामा नजाने वातावरण सिर्जना गर्न पहिलो दायित्व सरकारको हो । सञ्चारमाध्यम खाली माध्यम मात्र हो । सञ्चारले कृषि क्षेत्रमा के भइरहेको छ भन्ने सत्यतथ्या कुरा जनमानसमा ल्याउने हो । यसमा सरकार अगाडि र सञ्चार पछिपछि हुनु पर्ने हो तर सञ्चार अघि अघि सरकार पछि पछि भइरहेको अवस्था छ । त्यो अवस्था त्यति सन्तोषजनक होइन । किसानले आफ्नो लगानी यसरी फसिरहेको छ भन्ने कुरा किसानले पनि लुकाउँदै आइरहेको अवस्था छ । भित्री यथार्थ अवस्था किसानले दिइरहेको देखिदैन । सतही रुपमा मात्र अगाडि आइरहेको छ । किसान र सरकार बीचमा समन्वय भइरहेको देखिदैन । त्यसकारण पनि धेरै समस्या किसानले भोग्नु परेको छ । यस बीचमा सरकार र किसानहरू बीचको समन्वय गर्न र किसानहरुको यस्तो अवस्था आउन नदिन सञ्चार क्षेत्रमा काम गर्ने सञ्चारकर्मीहरुले नेपाली किसानहरुको यथार्थता अगाडि ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनु पर्ने आजको आवश्यकता बनेको छ ।

# भीमदत्त पन्त र सशस्त्र किसान विद्रोह

*आफ्नो अध्ययनलाई थाँती राखी अङ्ग्रेज विरुद्धको भारतीय स्वतन्त्रता सङ्ग्राममा भारतीय जनताको पक्षबाट आन्दोलनमा सरिक हुनुभयो । आन्दोलनमा अगाडि बढ्दै जाने क्रममा भीमदत्त पन्त अङ्ग्रेजहरूबाट गिरफ्तारीमा पर्नुभयो । गिरफ्तारी पछि पन्तलाई भारतको इलाहावाद जेलमा ठुलो दमन र यातनाका साथ राखियो । १८ महिनाको कठोर जेल सजायपछि उहाँ रिहा हुनुभयो ।*




**चित्रबहादुर श्रेष्ठ**
अध्यक्ष
अखिल नेपाल किसान महासंघ
(क्रान्तिकारी केन्द्र)




प्राण त्याग गरिसकेका भीमदत्त पन्तको हत्या गरेर पनि नपुगेर सँगै गएको सरकारी भिजिलान्ते समूहको अर्को हत्यारो जल्लाद भीमबहादुर दयालले आफ्नो कम्मरमा भिरेको खुकुरी झिकेर उहाँको गर्दनमा प्रहार गर्‍यो । शरीर र टाउको अलग-अलग छुट्याई हत्यारो जत्थाले भीमदत्त पन्तको शरीर त्यहीँ छोडी टाउको बोकेर डडेल्धुराको सदरमुकाम खलङ्गातिर लागे । हत्यारो जत्था टाउको बोकेर भोलिपल्ट अर्थात २०१० श्रावण १८ गते दिउँसो खलङ्गा सदरमुकाममा पुगे ।

नेपाली जनताको मुक्तिकामी सङ्घर्षको इतिहासमा सुवर्ण अक्षरहरूले अङ्कित सशस्त्र किसान विद्रोहका नायक तथा नेपाली किसान आन्दोलनका एक निडर, जनप्रिय र महान् क्रान्तिकारी नेता भीमदत्त पन्त को जन्म वि. सं. १९८३ साल मङ्सिर १० गते नेपालको सुदूर पश्चिमको डडेल्धुरा जिल्लाको सदरमुकाम अमरगढीबाट झण्डै १ किलोमिटर दक्षिणमा पर्ने डोटी घटाला गा.वि.स. वडा नं १ (हाल अमरगढी नगरपालिका वडा नं.२) को कारीगाउँको एक मध्यम किसान परिवारमा बुवा तारानाथ पन्त र आमा सरस्वती देवीको एकल पुत्रका रूपमा भएको थियो ।

बाल्यकाल आफू जन्मेकै गाउँमा बितेको थियो । अध्ययन गर्ने उमेर पुगे लगत्तै उहाँलाई नेपालको सिमावर्ती भारतीय भूमि सिङगाईमा आफन्तहरूको संरक्षणमा पढ्नको लागि पठाइयो । पढाईमा अत्यन्तै मेहनती र लगनशील भएकाले भीमदत्त पन्तले १५ वर्षको उमेरमा वि.सं. १९९८ सालमा मेट्रिक पास गर्नुभयो । मेट्रिक पास गरिसकेपछि उहाँ नेपाल फर्किनु भयो ।

युवा अवस्थामा प्रवेशसँगै उहाँले देशको आर्थिक, सामाजिक र साँस्कृतिक असमानता र जातीय उत्पीडनले जकडिएको सामन्ती सामाजिक परिवेश, कुरीति र कुसंस्कारलाई बदल्न आफू अग्रगमनको साहसिक बाटोमा अगाडि बढ्ने अठोट गर्नुभयो । उहाँ २००६ सालदेखि राजनीतिमा प्रत्यक्ष संलग्न हुँदै गरिब तथा श्रमजीवी किसान, मजदुर र उत्पीडित दलित तथा जनजाति समुदायलाई प्रशिक्षित र सङ्गठित गर्दै शोषक, सामन्त, जाली, फटाहाहरू र ठालुहरूको विरुद्धमा आवाज बुलन्द गर्नुभयो ।

समाज परिवर्तनको एकमात्र उद्देश्य बोकेका भीमदत्त पन्तको काम र निष्ठा शोषक, सामन्त, जाली, फटाहा र ठालुहरूलाई चित्त बुझ्ने कुरै भएन । सामन्ती जाली-फटाहाहरूले किसानहरूको नाममा बनाएका नक्कली तमसुक च्यात्ने, च्यात्न नमान्नेहरूलाई कारवाहीको निशाना बनाउने, दलित तथा उत्पीडित समुदायलाई माथि उठाउन उनीहरूको घरमा बस्ने, सँग-सँगै खाने, महिला तथा किसान जागरण, शैक्षिक आन्दोलन सञ्चालन र नेतृत्व गर्दै हिँड्ने युवा क्रान्तिकारी जननेता भीमदत्त पन्त राणा शासक र सामन्त ठालुहरूको आँखाको कसिङ्गर बन्दै जानुभयो । वि.सं. २००१ मा उहाँ पुनः अध्ययनका लागि भारत जानु भयो । त्यतिबेला भारतमा अङ्ग्रेज विरुद्धको आन्दोलन जोडतोडले अगाडि बढिरहेको थियो । आफ्नो अध्ययनलाई थाँती राखी अङ्ग्रेज विरुद्धको भारतीय स्वतन्त्रता सङ्ग्राममा भारतीय जनताको पक्षबाट आन्दोलनमा सरिक हुनुभयो । आन्दोलनमा अगाडि बढ्दै जाने क्रममा भीमदत्त पन्त अङ्ग्रेजहरूबाट गिरफ्तारीमा पर्नुभयो । गिरफ्तारी पछि पन्तलाई भारतको इलाहावाद जेलमा ठुलो दमन र यातनाका साथ राखियो । १८ महिनाको कठोर जेल सजायपछि उहाँ रिहा हुनुभयो ।

त्यसताका नेपालमा पनि राणा शासन विरोधी आन्दोलन सशक्त रूपमा अगाडि बढ्दै थियो । भीमदत्त पन्त जेलबाट रिहा भएपछि अध्ययनमा जोडिने सोच गर्नु भएको थियो । तर, उहाँको क्रान्तिकारी प्रवृत्ति र गरिव एवम् उत्पीडित जनताप्रतिको कर्तव्यवोधले व्यक्तिगत अध्ययनमा लाग्न दिएन ।

उहाँ नेपाल प्रवेश गरी राणाशाही विरोधी आन्दोलनलाई सफल बनाउन लोकतन्त्रका पक्षधर नेता/कार्यकर्ताहरूसँग सम्बन्ध विस्तार गर्दै आदिवासी, जनजाति, दलित र किसान जनसमुदायलाई गोलवन्द गर्न थाल्नु भयो । उहाँले दुस्मनको सङ्गठित फौजसँग लड्न विशाल जनसमुदायको पनि फौज बनाउन आवश्यक ठानी "किसान मुक्ति सेना" गठन गर्नु भयो र राणा विरोधी आन्दोलनको सक्रियतापूर्वक नेतृत्व गर्नुभयो । उहाँले निर्माण

गरेको "किसान मुक्ति सेना"मा सबै जातजातिका उत्पीडित जनताको सहभागिता थियो । राना थारु, मगर र दलितहरूको उल्लेखनीय सहभागिता रहेको सो फौज निर्माण भएको केही समयमै करिब ३५० को हाराहारीको सङ्ख्यामा पुगेको थियो । तत्कालीन अवस्थालाई हेर्दा यो एक अत्यन्तै महत्वपूर्ण उपलब्धी थियो ।

वि. सं. २००७ साल पुस २६ गते डडेल्धुरालाई "किसान मुक्ति सेना"ले कब्जामा लियो । आन्दोनलले सफलता प्राप्त गरेपछि भीमदत्त पन्त, टिकाराम भट्ट, कृतिबहादुर विष्ट, पहलमान कटुवाल, जयराम जोशी, गुणाखर पन्त, डम्बरबहादुर बोगटी र भक्तबहादुर मल्ल सहभागी भएको ८ सदस्यीय आन्तरिक व्यवस्था सञ्चालन गर्ने अस्थायी सरकार निर्माण गरी त्यसको गर्भनर पद सम्हाल्नु भयो ।

आन्दोलनको बल र त्यसमा जनताले देखाएको साहस, त्याग, बलिदानपछि प्राप्त परिवर्तन एवम् त्यसपछि बनेको नयाँ सरकारले जनअपेक्षा अनुसार काम गर्न सकेन । दिन प्रतिदिन सरकारको काम कारबाहीले जनतामा असन्तुष्टि बढ्दै गयो । आमूल परिवर्तनका पक्षपाती र विद्रोही स्वभावका किसान नेता भीमदत्त पन्तलाई सरकारको त्यसप्रकारको रबैया चित्त बुझ्ने कुरै थिएन । उहाँले पुनः जनताको पक्षमा काम गर्न शुरु गर्नुभयो । जनतालाई सामाजिक न्याय दिने, जनताको दैनिक जीवनस्तर माथि उकास्ने र जातपात छुवाछूतको अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यलाई घनीभूत ढङ्गले अगाडि बढाउनु भयो । यस प्रकारको कार्यले चिढिन पुगेका धर्मभीरु र शोषक ठालुहरू उहाँको विरुद्धमा भित्रभित्रै षड्यन्त्रको सुरुवात गर्न थाले । उनीहरूकै षड्यन्त्र र उक्साहटको पछाडि लागेर नेपाली काँग्रेस सरकारको रक्षादल सिद्धि गणेशको फौजले वि.सं. २००८ सालको भाद्रमा आफ्नै पक्षधर गर्भनर भीमदत्त पन्तलाई गिरफ्तार गऱ्यो । गिरफ्तारीपछि पन्तलाई पटक-पटक अड्डासार गर्दै काठमाडौंको हनुमान ढोकामा जेल चलान गरी थुनामा राखियो । ४ महिनाको जेल बसाईपछि जेलमुक्त भयो ।

विभिन्न आरोह-अवरोह पार गर्दै जेल जीवनबाट रिहाइपछि भीमदत्त पन्तको राजनीतिक जीवनले नयाँ मोड लियो । उहाँको राजनीति नेपाली काँग्रेसको राजनीतिक विचारधाराबाट शुरु भएको थियो । आफ्नो क्रान्तिकारी जीवनको लामो अनुभव र उहाँले पाएको

*यो २००९ सालको घटना हो । सुदूर पश्चिममा नुन र खाद्यान्नको हाहाकार मच्चिएको थियो । कञ्चनपुर जिल्लाको ब्रह्मदेव मण्डीमा भन्सारका कर्मचारी र नाफाखोर काला व्यापारीहरूको मिलोमतोमा गोदाममा नुन र खाद्यान्न लुकाई छिपाई राखेको सूचना भीमदत्त पन्तलाई प्राप्त भयो । सूचना प्राप्त भएपछि मण्डीको गोदाम कब्जा गर्ने योजना बनायो ।*

दुःख, कष्ट, हण्डर, ठक्कर र षड्यन्त्रबाट काँग्रेसको राजनीतिले सामन्तवादको अन्त्य, जातीय विभेदको समाप्ति, राष्ट्रिय स्वाधीनताको रक्षा, घुसखोर कर्मचारीतन्त्र, नाफाखोर कालाबजारी र भ्रष्टाचारको अन्त्य हुन नसक्ने, बरु त्यसकै पक्षपोषण हुने र सशस्त्र क्रान्ति विना आफूले बोकेको महान् लक्ष्य तथा उद्देश्यहरू प्राप्त नहुने अन्तिम ठहर गर्दै आफूले सम्हाल्दै आएको अस्थायी सरकारको गर्भनर पद र काँग्रेसको राजनीतिलाई परित्याग गर्ने निष्कर्षमा पुग्नु भयो ।

तत्पश्चात् उहाँले तत्कालीन कम्युनिस्ट नेताहरू निरञ्जन गोविन्द वैद्य, मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ लगायतलाई भेटी सम्पर्क स्थापित गर्नु भयो । उहाँहरूसँगको भेटघाट, छलफल र सरसल्लाह बमोजिम भीमदत्त पन्त आफ्नै कर्मथलो सुदूर पश्चिम फर्कनु भयो । सुदूर पश्चिम फर्किसकेपछि त्यसबिचमा भीमदत्त पन्तको कञ्चनपुरको ब्रह्मदेव मण्डीमा भारतको तेलङ्गना किसान विद्रोहका नेता कृष्णस्वामी अयङ्करसँग भेट भयो । उहाँले पछिल्लो किसान सशस्त्र विद्रोहको सैद्धान्तिक आधार र प्रेरणा नेता अयङ्करबाट नै प्राप्त गर्नु भयो । त्यसपछि किसान विद्रोहको नयाँ बाटोमा अगाडि बढ्नु भयो । वि.सं. २००८ सालको अन्त्यतिर कञ्चनपुरलाई आन्दोलनको मुख्य केन्द्र बनाउँदै समग्र सुदूर पश्चिममा सामन्तवाद विरोधी सशस्त्र किसान आन्दोलनका साथै कम्युनिस्ट पार्टीको विचार र दर्शनको विस्तारमा लाग्नु भयो । क. भीमदत्त पन्तको नेतृत्वमा कञ्चनपुरको ब्रह्मदेव मण्डीमा भएको नुन र खाद्यान्न काण्ड एवम् बेलौरीमा गरेको किसान विद्रोह त्यस बेलाका चर्चित आन्दोलनहरू थिए । यो २००९ सालको घटना हो । सुदूर पश्चिममा नुन र खाद्यान्नको हाहाकार मच्चिएको थियो । कञ्चनपुर जिल्लाको ब्रह्मदेव मण्डीमा भन्सारका कर्मचारी र नाफाखोर काला व्यापारीहरूको मिलोमतोमा गोदाममा नुन र खाद्यान्न लुकाई छिपाई राखेको सूचना भीमदत्त पन्तलाई प्राप्त भयो । सूचना प्राप्त भएपछि मण्डीको गोदाम कब्जा गर्ने योजना बनायो । आफ्नो नेतृत्वमा हजारौंको सङ्ख्यामा शोषित, पीडित किसानहरू, दलित, जनजातिहरूको भेला गराई गोदाममा लुकाई राखेको सयौं क्विन्टल नुन र खाद्यान्न कब्जा गरी तिनको अभावले छट्पटिएका जनतालाई वितरण गर्नुभयो । ब्रह्मदेव मण्डीको कोटाको व्यवस्था, भन्सार ठेकेदारको मनोमानी, ठेकेदार र कर्मचारीहरूको मिलोमतो र षड्यन्त्रको विरुद्धमा गरिएको त्यस प्रकारको सङ्घर्षको अभियानले जनतामा ठूलो प्रभाव पर्न गयो भने भन्सारमा हाकिम रहेको सुब्बा जयदेव भट्ट, डिट्ठा धर्मसिंह रावल, सुवेदार जोगराज ऐरु विरुद्धको सशक्त कारबाहीले आन्दोलनलाई थप ऊर्जा थप्ने काम गऱ्यो । त्यस घटनामा डिट्ठा धर्मसिंह रावललाई बोरामा बाँधेर महाकाली नदीमा फ्याँकिएको थियो । कञ्चनपुरको ब्रह्मदेव मण्डी गोदामको सफल कब्जा र त्यसले जनतामा पारेको प्रभावले भीमदत्त पन्तको विद्रोही स्वभावलाई झन् उत्साही बनायो । त्यसको लगत्तै २००९ सालको अन्त्यतिर "किसान राज-जिन्दावाद", "शोषक सामन्त(मुर्दावाद", "कि त जोत हलो, कि त छोड थलो" विना जोती हलो, अब हुन्न ठुलो", "रोजी रोटी कपडा दे': नत्र गद्दी छोडिदे" जस्ता गगनभेदी नाराका साथ गाउँगाउँमा सामन्त, ठालु, जमिन्दारहरूको विरुद्धमा हुङ्कार गर्दै हजारौंको सङ्ख्यामा किसान तथा उत्पीडित जनसमुदायको उपस्थितिमा किसान मुक्ति सेनालाई साथमा लिंदै डडेल्धुरा र कञ्चनपुरको तत्कालीन सदरमुकाम वेलौरीलाई चारैतिरबाट सशस्त्र घेरावन्दी गर्दै कब्जा गऱ्यो । सरकारी वडा हाकिमलाई गिरफ्तार गरी वन्दी बनाइयो र वडा हाकिमको कुर्चीमा गरिब किसानको छोरा भुख्खा राना थारुलाई बसाइयो । उक्त सशस्त्र सङ्घर्षको क्रममा एक प्रहरी प्रमुख मारिए भने अन्य कर्मचारीहरू भागाभाग गरी आफ्नो ज्यान जोगाए । यसप्रकारको किसान विद्रोहको सफलताले थोरै समयमा नै शोषक, सामन्त, जमिन्दार, पटवारी र सरकारलाई समेत आच्छुआच्छु बनायो । उक्त आन्दोलनको क्षेत्र किसानहरूको नियन्त्रणमा आयो । सङ्घर्षको रापताप पुरै सुदूर पश्चिम क्षेत्रसँगै देशभर फैलियो । भारतमा समेत यसको प्रचार र प्रभाव पऱ्यो ।

ब्रह्मदेव मण्डी र वेलौरीलाई सशस्त्र विद्रोहद्वारा कब्जामा लिइसकेपछि भीमदत्त पन्तले

कैलालीको सदरमुकाम धनगढी कब्जा गर्ने योजना बनाइरहनु भएको थियो भने अर्कोतर्फ किसान सशस्त्र विद्रोहले अत्तालिएको नेपाली काँग्रेसको सरकार र त्यसका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भीमदत्त पन्तको सशस्त्र किसान विद्रोहलाई दमन गरेर सिध्याउनका लागि षड्यन्त्रका तानावाना बुनिरहेका थिए ।

आन्दोलनको नेतृत्व गर्दै अगाडि बढ्ने क्रममा २००९ साल चैत्र २७ गते भीमदत्त पन्तलाई दुस्मनले गिरफ्तार गर्न सफल भए । गिरफ्तारीपछि उहाँलाई कडा निगरानी र यातनाका साथ वेलौरी जेलमा राखियो । जेलको सुरक्षामा खटेका धर्मशमशेर लगायतका सुरक्षाकर्मीहरूलाई छक्काउँदै वेलौरी जेल तोडेर २०१० साल असारको तेस्रो हप्तामा उहाँ जेलबाट उम्कन सफल हुनुभयो र डडेल्धुरा जानु भयो । जेल तोडेर उम्कन सफल भए पनि दुस्मनले उहाँमाथि निगरानी रहेकोले उहाँ लामो समय भूमिगत रहन सक्नु भएन । डडेल्धुराका सामन्त, जाली, फटाहाहरूको साथै वडा हाकिम मोहनबहादुर सिंहको मिलोमतोमा उहाँलाई पुनः आफ्ना सहयोद्धाहरूसँगै गिरफ्तार गरी वेलौरी जेलमा चलान गरियो । वडा हाकिम मोहनबहादुर सिंहले वेलौरीमा धेरै दिन राख्नु उचित नठानी त्यहाँबाट अन्यात्र जेल चलान गर्ने क्रममा जोगबुढा पुग्दा नपुग्दै आफू लगायत आफ्ना सहयोद्धालाई लिएर गइरहेका सिपाहीहरूलाई आफ्नो प्रभावमा पारी भीमदत्त पन्त सहयोद्धाहरू मुल्मी प्रधान र गर्भु राना थारुसहित उम्कन सफल हुनुभयो । त्यसपछि त किसान विद्रोहले झन् तीव्र गति लियो ।

सो घटनाबाट विक्षिप्त भई पागल झैं बनेको काँग्रेसको मातृका सरकार र आफ्नो सुरक्षा बलले मात्र किसान विद्रोहलाई दबाउन नसक्ने अन्तिम निष्कर्ष निकाल्दै विस्तारवादी भारतीय शासकहरूलाई गुहार्न पुग्यो । भारतीय शासकहरूले आफ्नो कठपुतली मातृका सरकारको अनुनयलाई स्वीकार गर्दै भारतको लखनउबाट ठुलो सङ्ख्यामा भारतीय फौजलाई नेपालमा पठायो । नेपाली सेनाका तत्कालीन सेनापति किरण शमशेर र भारतीय फौजको नेतृत्व कमाण्डका बिच भारतको वरेलीमा बसेर भीमदत्त पन्तको हत्या गर्ने र किसान सशस्त्र विद्रोहलाई व्यापक दमन गर्दै समाप्त पार्ने योजना बनाए । त्यसको संयुक्त कमाण्ड किरणशमशेरले गर्ने सहमति गरे । त्यसको लगत्तै दक्षिण तर्फबाट भारतीय सेना र उत्तर तर्फबाट नेपाली सेनाले तीव्र दबाब बढायो । भारतीय सेना र भीमदत्त पन्तले नेतृत्व गर्नु भएको किसान जनसेनाको बिचमा धनगढी ( कैलाली)को बेदाहामा भिषण दोहोरो भिडन्त भयो । दुवैतर्फ ठुलो सङ्ख्यामा सेनाहरूको हताहती भयो । तत्काल किसान विद्रोह छापामार युद्धमा बदलियो र दुवैबिच ठाउँठाउँमा भिडन्तहरू भए । यसै क्रममा भारतीय शासकहरूले थप भारतीय फौज नेपालमा पठाउने निर्णय गऱ्यो भने नेपाली काँग्रेसको मातृका सरकारले भीमदत्त पन्तको टाउको काटेर सरकारलाई बुझाउने व्यक्तिलाई भा.रु. ५,०००/- र एउटा बन्दुक पुरस्कार दिने घोषणा गऱ्यो ।

भीमदत्त पन्तले ठूलो सङ्ख्यामा थप भारतीय फौज कैलाली र कन्चनपुरको सीमाबाट नेपाल प्रवेश गरेको थाहा पाउने बित्तिकै आफ्नो विद्रोहको कार्यनीति परिवर्तन गर्दै आफनो सङ्घर्ष र फौजलाई तराईबाट पहाडी भू-भागमा केन्द्रित गर्दै आफना सहयोद्धा र सेनालाई दुस्मनबाट बच्न र सुरक्षित हुन निर्देशन दिँदै उर्दी जारी गर्नु भयो । त्यसपछि भीमदत्त पन्त सङ्घर्षका भावी योजनाहरू तयार गर्न आफ्ना महत्वपूर्ण सहयोद्धाहरू बहादुर खत्री र मोहनसिंह सेठीका साथ डोटीको उत्तर गल्लेकको जङ्गलमा पुग्नु भयो । जङ्गलमा बस्दा बाहिरको स्थिति बुझ्न समस्या परेको हुँदा बाहिरको स्थिति बुझ्न र खबर ल्याउनका लागि सहयोद्धा मोहनसिंह सेठीलाई बाहिर पठाइयो ।

बाहिरको परिस्थिति बुझ्न डडेल्धुरा पुग्नु भएका मोहनसिंह सेठी दुस्मनको कब्जामा पर्नुभयो भने बहादुर खत्रीलाई अर्को महत्वपूर्ण काममा खटाइएको हुँदा भीमदत्त पन्त जङ्गलमा एक्लै पर्नुभयो । जङ्गलमा एक्लै बस्न उचित नठानी उहाँ जङ्गलबाट बाहिर निस्केर डडेल्धुरा र डोटीको सिमानामा पर्ने जङ्गल किनारको बुडर गल्लेक गाँउका हामजाली मगरको घरमा आश्रय लिन पुग्नु भयो । त्यहाँ आश्रय लिएको २०१० साल श्रावण १७ गते ७ दिन पुगिसकेको थियो ।

अर्कोतर्फ डडेल्धुराका वडा हाकिम मोहन सिंहले आफ्ना गुप्तचरहरू मार्फत भीमदत्त पन्तको खोजी कार्य तीव्र रूपमा बढायो । आफ्नै नजिकको मान्छेबाट खोजी कार्य गर्न र बसेको ठाउँ पत्ता लगाउन सहज र सम्भव हुने कुरा बुझेको वडा हाकिम मोहन सिंहले प्रहरीको हवल्दार रहेको स्वयम् भीमदत्त पन्तको मित लालबहादुर थापाको नेतृत्वमा भीमबहादुर दयाल लगायतको ११ जना सरकारी भिजिलान्तेहरूको विशेष टोली गठन गऱ्यो । उक्त टोलीले भीमदत्त पन्तको खोजी गर्ने क्रममा उहाँ हामजाली मगरको घरमा आश्रय लिई बस्नु भएको कुरा सुराकीहरूद्वारा पत्ता लगायो ।

भीमदत्त पन्त हामजाली मगरको घरमा आश्रय लिएर बसेको ७ औं दिन बिहानको खाना खाने समय पारी मित लालबहादुर थापा लगायतको टोली त्यहाँ पुगे । त्यतिबेला उहाँ खाना खाँदै हुनुहुन्थ्यो । सरकारी भिजिलान्तेहरूको समूहले उहाँ बसेको घरलाई चारैतिरबाट घेरा हाले । उहाँलाई आफू सरकारी भिजिलान्तेहरूबाट घेरामा परेको थाहा भयो । उहाँले घेरा तोडेर निस्कन सकिन्छ कि भनी दायाँ बायाँ हेर्नु भयो । तर कतैबाट पनि उम्कन सक्ने ठाउँ थिएन । त्यसको लगत्तै उहाँको मित लालबहादुर थापाले घरको आँगनबाट "मितज्यू, हजुरको सहयोग गर्न आएको छु, घर बाहिर निस्कनुहोस्" भनी बोलायो । भीमदत्त पन्तलाई लालबहादुर थापाले सरकारी सिन्दुर पहिरिएको र सामन्त, जमिन्दार एवम् ठालुहरूको नुन खाएको भएता पनि आफ्नै मित भएकोले "मारी त हाल्दैनन् कि" भन्ने लाग्यो । तर सोच र चिन्तन नै लम्पट भइसकेको र आफ्नो स्वाभीमान गुमाइसकेको व्यक्तिसँग यस प्रकारको नैतिकताको अपेक्षा राख्नु उहाँको भ्रम मात्र हुन पुग्यो । उहाँ घरको ढोका खोलेर बाहिर मात्र के निस्कन लाग्नु भएको थियो, आततायी प्रहरी हवल्दार रहेको गद्दार मित लालबहादुर थापाले भीमदत्त पन्तको छातीमा गोली प्रहार गऱ्यो । गोली लागेका भीमदत्त पन्त जमिनमा ढल्नु भयो । जमिनमा ढल्दै गर्दा उहाँले निकै ठुलो स्वरमा "शोषक सामन्तः मुर्दावाद, किसान राजः जिन्दावाद" को नारा लगाउनु भयो र आफ्नो प्राण त्याग गर्नु भयो ।

प्राण त्याग गरिसकेका भीमदत्त पन्तको हत्या गरेर पनि नपुगेर सँगै गएको सरकारी भिजिलान्ते समूहको अर्को हत्यारो जल्लाद भीमबहादुर दयालले आफ्नो कम्मरमा भिरेको खुकुरी झिकेर उहाँको गर्दनमा प्रहार गऱ्यो । शरीर र टाउको अलग अलग छुट्याई हत्यारो जत्था भीमदत्त पन्तको शरीर त्यहीँ छोडी उहाँको टाउको बोकेर डडेल्धुराको सदरमुकाम खलङ्गातिर लागे । हत्यारो जत्था टाउको बोकेर भोलिपल्ट अर्थात २०१० श्रावण १८ गते दिउँसो खलङ्गा सदरमुकाममा पुगे । भीमदत्त पन्तको हत्याको खबर पाउनासाथ खलङ्गामा सुदूर पश्चिमका शोषक, सामन्त, ठालुहरू र सरकारी कर्मचारीहरू जम्मा भई

विजयोत्सवका साथ खुसीयाली मनाउँदै भोजभतेर गर्न थाले । अर्कोतर्फ आफ्नो प्यारो नेताको हत्याले शोकाकूल भएका आम उत्पीडित र गरिब जनताका साथै किसान जनसमुदाय पीडा, शोक र चिन्ताले छट्पटाइरहेका थिए ।

हत्याराहरूले त्यसै दिन डडेल्धुरा जिल्लाको खलङ्गा बजार स्थित गौडा गोश्वारा अगाडि (हाल जिल्ला प्रहरी कार्यालय हाताभित्र रहेको भैरव मन्दिर भएको स्थानमा) एउटा अग्लो बाँसको लिङ्गो गाडे । भीमदत्त पन्तको आँखा बन्द भएको टाउको बाँसको कप्टेरोले आँखा खोलेर उहाँको टाउको लिङ्गोमा सिउरेर झुण्ड्याउँदै "हाम्रा विरुद्धमा धावा बोल्ने, देशद्रोह र राजद्रोह गर्नेको हविगत यस्तै हुन्छ" भन्ने पोस्टर लेखेर राखियो । त्यसलाई ३ दिनसम्म प्रदर्शन गरी आमजनतामा आतंक फैलाउने काम गरियो । भीमदत्त पन्तको हत्या गरे वापत हत्यारो जल्लाद प्र.ह.लालबहादुर थापालाई वडा हाकिम मोहनबहादुर सिंहले भा.रु. ५,०००/- बक्सिस दिँदै धन्यवाद दियो । उसले बक्सिस र धन्यवाद पाएकोमा आफूले ठूलो बहादुरी गरेको ठानी खुसीयाली मनायो । प्रतिक्रियावादी मातृका सरकारले श्रावण २० गते 'गल्लेकको जङगमा सेना र प्रहरीसँग भिडन्तमा देशद्रोही र राजद्रोही आतंककारी भीमदत्त पन्त मारिएको' भनी झूठो समाचार प्रकाशित गऱ्यो भने श्रावण २४ गते "नेपाल पुकार" साप्ताहिकले त्यसप्रकारको सरकारी झूठो समाचारको खण्डन गर्दै भीमदत्त पन्तको "सरकारी सेना र प्रहरीसँग दोहोरो भिडन्तमा नभई सरकारी हत्यारा भिजिलान्तेहरूले षड्यन्त्रपूर्वक हत्या गरेको" सत्यतथ्य खबर प्रकाशित गऱ्यो ।

भीमदत्त पन्तको हत्या गरी उहाँको टाउको प्रदर्शन गरेको ३ दिनपछि श्रीमती पार्वतीदेवी र भाई धर्मदेव पन्त लगायतका आफन्तहरू उहाँको शव माग्न सदरमुकाम खलङ्गा पुग्नु भयो । वडा हाकिम मोहनबहादुर सिंहसँग भेट गरी अन्त्यष्टि गर्नका लागि शव माग्दा उसले "शव नदिने" भनी उल्टै हप्कायो । पछि उहाँहरूले धेरै जोडबल गरेपछि ३१ वटा शर्तमा श्रीमती पार्वतीदेवीको सहीछाप गराएर उहाँको जिम्मामा भीमदत्त पन्तको टाउको दिइयो । भाइ धर्मदत्त पन्तले दाजुको काटिएको टाउको बोकी डोटी घटाल बाबा मन्दिर छेउमा अन्तिम संस्कारका लागि ल्याउनु भयो । हजारौं गरिब तथा उत्पीडित किसानहरू आफ्नो एक होनाहार क्रान्तिकारी किसान नेताको अन्तिम संस्कारमा आउन चाहन्थे तर आततायी मातृका सरकारको दमन र आतंकले जनतालाई अन्त्यष्टिमा आउन रोकियो । आतंकको बिचबाट पनि सिद्धराज पन्त, शिवराज उप्रेती, सोबे सार्की, झकिरे दमाई लगायतका सहयोद्धाहरू अन्त्येष्टिमा सहभागी हुनुभई उहाँको अन्तिम संस्कार गर्नु भयो । यसरी प्रतिक्रियावादी सामन्ती राजको अन्त्य गर्दै किसान राज कायम गर्ने मुख्य उद्देश्य बोकेर हिँडेको एउटा युगपुरुष तथा क्रान्तिकारी किसान जनविद्रोहका नायक भीमदत्त पन्तले आफ्नो सपना पुरा नहुँदै २६ वर्ष ८ महिना ७ दिनको उमेरमा दुस्मनको कब्जामा परी वीरगति प्राप्त गर्नु भयो । उहाँको हत्या र किसान विद्रोहलाई दमन गर्न आएको भारतीय फौज श्रावण २७ गते नेपालबाट भारत फर्कियो । भीमदत्त पन्तको हत्या लगत्तै उहाँको नेतृत्वमा रहेको किसान मुक्ति सेनाका २७६ जना सहयोद्धाहरूलाई समेत गिरफ्तार गरी धनगढी जेल चलान गरियो । २०१३ सालमा टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि मात्रै सबैलाई आममाफी दिई जेलमुक्त गरियो ।

भीमदत्त पन्तका जेठा छोरा लिलाराज पन्त, कान्छा छोरा प्रेमराज पन्त र छोरी रेखा पन्त गरी २ छोरा र १ छोरी थिए । यी तिनै जनाको मृत्यु विरामी हुँदा उपचार पाउन नसकेर भएको थियो । यस्तो दुःखद अवस्थामा पनि भीमदत्त पन्तले परिवारप्रति कुनै सहयोग गर्न सक्नु भएन । उहाँले निजी र पारिवारिक जीवनलाई भन्दा किसान विद्रोहलाई प्राथमिकतामा राख्नु भयो । देश र जनताप्रतिको आफ्नो महान् अविभारा पूरा गर्ने क्रममा उहाँले परिवार र व्यक्तिगत जीवनलाई आवश्यक समय दिन पाउनु भएन । भीमदत्त पन्तले नेपाली किसानहरूका लागि गरेको किसान विद्रोह होस् वा तत्कालीन भ्रष्ट तथा राष्ट्रघाती सरकार विरुद्धको सङ्घर्ष होस्, ती आफैमा महान् छन् । नेपाली किसानहरू, उत्पीडित गरिब जनता र तमाम क्रान्तिकारीहरूले भीमदत्त पन्तलाई युगौ युगसम्म स्मरण गर्दै क्रान्तिको विकासमा पन्तले पुऱ्याउनु भएको योगदानको कदर गरिरहने छन् ।

हाम्रो गौरवशाली सङ्गठन अखिल नेपाल किसान महासंघ उहाँको अधुरो सपना पूरा गर्न र उहाँले देखाउनु भएको बाटोको अनुशरण गर्न दृढ संकल्पित छ । साथै, क्रान्तिकारी किसान आन्दोलन सफल नहुञ्जेल क्रान्तिको बाँकी अविभारा पूरा गर्न अन्तिमसम्म अथक रूपमा लडिरहने प्रतिवद्धता जाहेर गर्दछ ।

**भाद्र महिनाको कृषि कर्म**

खेतीपाती :

-धानमा गवारो लागमो नियन्त्रण गर्ने ।

-धानबाली गोडमेल गरी पहिलो टप ड्रेसिङ्ग गरेको २५-३० दिन पछि ६० केजी हे.का दरले युरिया मलले दोस्रो टप ड्रेसिङ गर्ने गरेको २५-३० दिन पछि ६० केजी/हे का दरले युरिया मलले दोस्रो टप ड्रेसिङ्ग गर्ने

डम्बरसाई जातको अलैंची टिप्ने ।

भदौको दोस्रो हप्तासम्म पाखो बारीमा मकै भाँचेपछि आकाश र प्रकाश जातको बोडी भदौ दोस्रो हप्तासम्म पाखो बारीमा मकै भाँचेपछि आकाश र प्रकाश जातको बोडी रोप्ने । बीउको लागि छानेको मकै र तथा भण्डारण गरिएको अन्नहरू एकपटक हेरेर राम्ररी सुकाउने र मेटल बीन वा सुपर ग्रोन ब्यागमा राख्ने

स्याउको भुवादार लाही कीरा नियन्त्रण गर्ने ।

तल्लो पहाडी भेकमा बेमौसमी प्याजको गाना उत्पादन गर्न प्याजका सेट रोप्ने ।

मूला, रायो जस्तो तरकारीको बीउ छर्ने ।

-भदौको पहिलो हप्तासम्म मास छरिसक्ने

-पतझड फलफूलहरूमा फल टिपीसकेपछि राम्ररी पाकेको गोठेमल प्रतिमल प्रति बोट १-२ डोको बिरुवाको वरिपरि खनेर माटोमा राखी छोप्ने

**पशुपालन :**

-वर्षायाम भेडा बाखालाई सुधारिएको गोठ बनाई राख्ने ।

-गाईभैंसीहरू समयमा बाली नगएको भए नजिकको पुशसेवा प्राविधिक वा पशुविज्ञसँग सम्पर्क राख्ने ।

# किसानहरुका लागि प्रेरणाको स्रोत : भीमदत्त पन्त

## सन्दर्भ : ३० किसान सहिद दिवस तथा ६८ औं भीमदत्त पन्त स्मृति दिवस

*नेपालको सन्दर्भमा पनि सामन्ति व्यवस्थाको अवशेषको अवस्था छ । परिवर्तित अवस्था छ । आधारभूत रुपमा परिवर्तन भएको छैन । पूँजीवादको विकास गर्ने हो भने करपोरेट बजारको व्यवस्था र उत्पादनको अवस्था छ । हामी एकताको सुत्रमा बाँधेर  भीमदत्त पन्तले छोडेको अधुरो सपना पूरा गर्नुपर्छ । किसानको अधिकार भनेको जन्मसिद्ध अधिकार हो ।*



धनबहादुर मगर

काठमाडौं १७ साउन ३० औं किसान सहिद दिवस तथा ६८ औं भीमदत्त स्मृति दिवसको अवसरमा अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र)को आयोजनमा भीमदत्त पन्त स्मृति दिवस भर्चुअल संस्करणमा सम्पन्न भएको छ ।

उक्त आयोजित भर्चुअल कार्यक्रममा प्रमुख अतिथि नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य तथा पूर्व सभामुख कृष्णबहादुर महराले भीमदत्त पन्तले दिएको वलिदानलाई सबैले आत्मसाथ गर्नु पर्ने बताउनु भएको छ ।

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य शेसुराम भण्डारी स्वागत मन्तव्य व्यक्त गर्दै भीमदत्त पन्तले किसान संघर्षमा गरेको वलिदान भारतीय विस्तारवादको सहयोगमा किसान संघर्ष दमन गरेको बताउँदै । भण्डारीले जबसम्म किसानहरुले जमीनको अधिकार प्राप्त गर्दैन तबसम्म समाजवादको कल्पना र नारामा मात्र सीमित हुने बताए । यसमा कुनै विवाद छैन । नयाँ जनवाद भनौं अथवा समाजवाद विवादमा नफसौं भन्ने लाग्छ । किसानहरुको अधिकार प्राप्त नभएसम्म ठूला पैपानाका कृषि उत्पादन हुन सक्दैन । यो वैज्ञानिक तथ्या हो । नेपालको सन्दर्भमा पनि सामन्ति व्यवस्थाको अवशेषको अवस्था छ । परिवर्तित अवस्था छ । आधारभूत रुपमा परिवर्तन भएको छैन । पूँजीवादको विकास गर्ने हो भने करपोरेट बजारको व्यवस्था र उत्पादनको अवस्था छ । हामी एकताको सुत्रमा बाँधेर  भीमदत्त पन्तले छोडेको अधुरो सपना पूरा गर्नुपर्छ । किसानको अधिकार भनेको जन्मसिद्ध अधिकार हो । उत्पादनसित सम्बन्धित अधिकार हो । त्यो उत्पादनसितको अधिकार उत्पादकत्व सम्बन्धी अधिकारको लागि अहिलेको सबभन्दा ठूलो वाधक करपोरेट प्रणालीको वितरण प्रणाली हो । सबभन्दा ठूलो वाधक सरकारमा जाने कम्युनिष्ट नामको, काँग्रेस जो सुकै होस् किसानको एजेण्डा, नबनाउने दलाल पूँजीपति वर्ग र करपोरेटहरुसँग सम्झौता गरेर जाने त्यस प्रकारको सरकारको प्रवृति छ । त्यसको विरुद्ध संघर्ष गर्नु पर्छ । किसानले उत्पादन गरेको वस्तु बजारमा बिक्री गर्नु पाउनु पर्छ । किसानले उत्पादन गरेको वस्तु बजार नपाउनु र विदेशीहरुले अथवा भारतले, वहुराष्ट्रिय कम्पनीहरु, साम्राज्यवादीहरुले उत्पादन गरेको वस्तुको निर्वाध रुपमा व्यापार हुनु दुःखको कुरा हो ।

त्यसलाई अँकुश लगाउने पर्छभन्ने कुरामा त्यही विवाद हो । अन्तर्राष्ट्रिय साम्राज्यवाद नवउद्धारवादी नीतिको विरुद्ध शसक्त रुपमा पार्टी र सरकार उभिनु पर्छ भन्ने कुरा हो र सरकारले किसानलाई लगानी बढाउनु पर्छ भन्ने कुरा हो । सशक्त रुपमा आन्दोलन उठाउनु सक्यौं भने किसानहरुलाई दीर्घकालीन रुपमा अगाडि बढाउन सकिन्छ । अहिले जति पनि अधिकारहरु प्राप्त गरेका छन् त्यसले अगाडि बढ्नमा सहयोग पुग्छ र सहिद भीमदत्त पन्तले अधुरो किसान आन्दोलन छोडेर जानु भएको दिन भएकाले हामीले उहाँको विचार धारालाई नछोडौं । उहाँले किसानहरुका लागि त्याग र वलिदान दिएको छ । आत्मसाथ गरेर जाऔं । अबको दिनहरुमा संयुक्त रुपमा किसान संघ-संगठनहरुले संयुक्त रुपमा किसान संघर्ष गरौं । अखिल नेपाल सुकुम्वासी संघका अध्यक्ष अमर परियार नेपालको किसान आन्दोलनको आदर्श पुरुष भीमदत्त पन्तलाई हामीले सम्झिरहेका छौं । किसान आन्दोलनको लागि थुप्रै महान सहिदहरु गरिव किासन वर्ग र मजदुरहरु सहिदहरु प्रति हार्दिक आभार व्यक्त गरेका छन् ।

परियारले नेपालमा यति बेला लोकतन्त्र, जनगणतन्त्र त्यसै आएको होइन, थुप्रै मजदुर किसान लगायतको वलिदानले आएको हो । नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । किसान आन्दोलनले जति अग्रता लिनु पर्थ्यो, लिएन । हामी अहिले पनि व्यक्तिगत स्वार्थको लागि हामी अगाडि बढ्छौं । विडम्वना नेपालको किसान आन्दोलन पछि परेको छ । सुकुम्वासी आन्दोलन पछि परेको छ । कम्युनिष्ट आन्दोलन पछि परेको छ । हामीले विचारमा एकरुपता सैद्धान्तिक रुपमा एकरुपता हुँदापनि कहिले काँही एउटा समूहको स्वार्थको लागि र व्यक्तिगत स्वार्थको लागि लागिपर्दा सुकुम्वासी र किसान आन्दोलनले धक्का खानु परेको छ । हामीले मार्क्सवाद, लेनिनवाद, माओवाद विचारधारालाई अंगीकार गर्दै अगाडि बढ्नु छ । नेपालमा जमीनको समस्या छ । किसानको हातमा जमीन रहनु पर्दछ । महलमा बस्नेहरुको

हातमा हुनुहुन्न, खेती किसान गर्ने किसानको हातमा जमीन हुनुपर्छ । महान संघर्षले देखाएको बाटोमा हामी अगाडि बढ्ने प्रण पनि गरिरहेका छौं । नेपालको किसान र सुकुम्वासी आन्दोलन हामी मुख्यतयाः किसान सुकुम्वासी र मजदुर वर्गले एउटै सिद्धान्तलाई अंगीकार गर्छौं । हामीले वैज्ञानिक भूमि सुधार प्राप्त गर्न सकेका छैनौं । नवउद्धारवादी सामन्तवाद छ । नेपाल सरकारको किसान र सुकुम्वासी प्रति हेर्ने दृष्टिकोण सकारात्मक छैन । अब देशमा कृषि क्रान्ति आवश्यक छ र राजनीतिक आन्दोलन पूरा गरे पनि किसान र सुकुम्वासी आन्दोलन पूरा भएको छैन ।

अखिल नेपाल प्रगतीशील किसान संघका फ्याक्सन इन्चार्ज कृष्ण रानाले भीमदत्त पन्तले सहादत प्राप्त गरेको ६८ औ वर्ष पुग्दा पनि मुलुकमा चरणवद्ध रुपमा राजनीतिक परिवर्तन हुँदा पनि कृषि क्षेत्रको परिवर्तनलाई हामीले ग्रहण गर्न नसकेको बताउनु भयो । किसानका समस्या जहींका तहीं छन् । कृषियोग्य जमीनको अभावमा वास्तविक कृषकहरु आफ्नो पेसाबाट प्रताडित भएका छन् । निर्वाहमुखी कृषि गर्नेहरुका लागि कृषि गर्ने समयमा मल उपलब्ध गर्न सकेको छैन । चरम अभाव छ कृषि बजारमा विचौलियाको हावी छ । सरकारले नियमन गर्न प्रयत्न समेत गरेको छैन । कृषि उत्पादनले बजार पाउन सहज भईरहेको छैन । भीमदत्त पन्तलाई सम्झिरहँदा उहाँले उठाएका किसानका समस्याहरु कृषि क्रान्तिका सवाल, कृषि श्रमिकका सवालहरु छन् ति समस्या र सवालहरु समाधान गर्न आ-आफनो ठाउँबाट संयुक्त किसान आन्दोलनलाई अगाडि बढाउन आवश्यकता भएको छ । संयुक्त आन्दोलन अगाडि बढाउन आशा लिएका छौं । किसानको समस्याहरुको राजनीतिक दल र उनीहरुका उद्देश्यलाई टाढा राखेर किसानका समस्याहरुलाई समाधान गर्नको निमित्त संयुक्त किसान आन्दोलनलाई जोडदिन पर्ने अहिलेको आवश्यकता हो । त्यसो गऱ्यौ भने भीमदत्त पन्त प्रतिको श्रद्धा हुनेछ । भीमदत्त पन्तको समयको कृषि र अहिलेको कृषि फरक छ । यद्यपी अहिले बेसाएर खानु परेको स्थिति छ । बाहिरको खाद्यमा भरपर्नु पर्ने अवस्था छ । तहसनहस भएको नेपाली कृषि उत्पादनको क्षेत्र मात्र होइन, नेपाली कृषि बजार अस्तव्यस्त भएको अवस्था छ । यसमा निराकरण गर्नको निमित्त हामी सबैको प्रयत्न हुनु पर्दछ । सम्पूर्ण नेपाली किसानहरुको साझा प्रयन्तबाट संयुक्त आन्दोलनबाट मात्रै किसानको समस्या समाधान हुनसक्छ ।

अखिल नेपाल किसान संघ (क्रान्तिकारी)का अध्यक्ष हरि श्रेष्ठले किसान आन्दोलनको संयुक्त अवाज आउन आउनु पर्ने बताइएको छ । श्रेष्ठले भीमदत्त पन्तले विभिन्न समयमा, अग्रपंक्तिमा लडीरहँदा हिजोको समान्तवाद विरुद्ध लड्नु भएको थियो । आज ति किसान साम्राज्यवादको विरुद्ध तिनै सामन्तवाद, दलाल पूँजीवादको विरुद्ध लड्नु परेको छ । अब नेपाली किसानलाई कसरी लाने, जहाँ विचौलिया हावी छ । किसान र उपभोक्तालाई बचाउन बजार संरक्षण गर्न आवश्यकता पर्छ । हिजो सामन्तवादको विरुद्ध लडेका किसानहरुले उत्पादन गरेको वस्तुहरुको बजार पाएका छैनन् । उपभोक्ताले उचित मूल्यमा उत्पादित वस्तु पाएका छैनन् । त्यसको विरुद्ध लड्नु पर्ने अवस्था छ । ६५ प्रतिशत किसानहरुमा हिजोको दाँजोमा हेर्दा ३ प्रतिशत किसानहरु व्यवसायिक रुपमा परिणत भएका छन् । यो अवस्थामा भोलीको किसान आन्दोलन कसरी बढाउने र भू-माफियाहरुले गर्दा किसानहरुले जमीन पाएका छैनन् । त्यसको विरुद्ध कसरी लड्ने ? २००८ सालदेखि २०१२ सालसम्म नेकपा माथि प्रतिवन्ध लगाउँदा पनि किसानहरुले ज्यानको बाजी लगाएर अग्र पंक्तिमा लडेका थिए । सरकारको कारण नेपाली कृषिको बजारमा अन्तर्राष्ट्रिय उत्पादनले प्रश्रय पाईरहेको अवस्थामा छ । यसलाई कसरी विस्थापन गने ? र नेपाली किसानलाई आत्मनिर्भर उन्मूख कसरी बनाउने भन्ने तर्फ जानु पर्छ । नेपाल सरकारले नेपालमा आत्मनिर्भर भएको अण्डा, कुखुराको मासु विचौलियालाई मूल्य निर्धारण गर्न दिन्छ । नेपाली किसान विदेश पलायन किन भयो ? अब नेपाली कृषि उत्पादन सरकारले खरिद गरेर सरकारले नै बेच्न सक्ने वातावरण नेपाली किसानले लिनु पर्छ ।

आफूले उत्पादन गरेको उखुको मूल्य लिन उखु किसानले ज्यान गुमाउनु परेको छ । आत्मनिर्भर हुने लागेको दूध बढी भयो भने अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न नसक्ने अवस्था छ । उत्पादनको बजार नपाउनु संगठनमा मुद्दा आएको छ । हामी भन्छौं किसान पलायन भयो । किसानले उत्पादन गरेन । उत्पादन गरेको वस्तुले बजार नपाएपछि आफै पलायन हुन्छ । व्यवसायिक रुपमा पालेको गाईवस्तुहरु सडकमा लगेर छोड्न वाध्य छ । यसमा हामी किसान संगठनहरुको दायित्व हो कि होइन ? अनुदानको विषयमा कुरा गर्दा वास्तविक किसानले डकुमेन्टसम्म बनाउन सक्दैन । नेपालको ८० प्रतिशत भू-भाग कृषि गरेको भनिन्छ । ८० प्रतिशत भू-भागमा किसान पुगेको छ कि छैन ? किसान सहिदहरुले देखाएको बाटोमा हामी लाग्ने कि नलाग्ने ? ५० रुपैयाँको मल बजारमा हजार रुपैयाँमा बिक्री गरिन्छ । हाम्रो देशमा ३ प्रकारका किसानहरु छन्, जो एउटा परम्परागत खेतीमा आवद्ध छन् । अर्को व्यवसायिक रुपमा आवद्ध छन् भने अर्को कागजी रुपमा सीमित किसान छन् । यी बिचमा संगठनमा किसान पहिचान गरेर कारवाही गर्ने कि नगर्ने ?

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङले भीमदत्त पन्तले सामन्तवादको विरुद्धमा किसान आन्दोलन उठाएको, त्यहाँको सामान्तहरु भनेको ठकुरीहरु थिए । जमीनदारका नाइकेहरु थिए यिनले किसान माथि शोषण गर्थ्यो । शिक्षाको विरोध गर्थ्यो । छुवाछुट र भेदभाव गर्थ्यो । यी तीनवटा कुरामा सशक्त विरोध गर्ने, जनताको पक्षमा आवाज उठाउने त्यो पनि आजभन्दा धेरै वर्ष पहिले, यो व्यक्तित्व हुनुहुन्थ्यो भीमदत्त पन्त । उहाँबाट सिक्नु पर्ने केही कुराहरु छन् । सामन्तवाद : भीमदत्त पन्तको जस्तो सामन्तवाद अहिलेको सामन्तवाद छैन । त्यसको स्वरुपमा बदलिएको छ । तर सामन्तवाद अहिले पनि किसान माथि हावी छ । अहिले पनि संस्कृति हावी छ । हाम्रो कम्युनिष्ट भन्ने नेताहरु हिन्दुराज्य बनाउन पर्छ भनेर लागिरहेका छन् । त्यो सामन्तवादी ब्रह्मणवादी प्रतिक हो । अहिले पनि दलित छुवाछुट ठूलो आन्दोलन चलिरहेको छ ।

हाम्रो देशको आर्थिक प्रणालीले, राजनीतिक प्रणालीमा आर्थिक प्रणालीले काम गरिरहेको छ । आर्थिक भेद्भावको रुपमा काम गरिरहेको छ । भीमदत्तको पालामा ५६ प्रतिशत किसानको हातमा १९ प्रतिशत जमीन थियो । कति भन्दा आधा विगाहभन्दा कम जमीन ५६ प्रतिशत मानिसको हातमा १९ प्रतिशत जमीन थियो । अहिले २०११ को तथ्याङ्क अनुसार पनि ५२ प्रतिशत मानिसको हातमा त्यही १९ प्रतिशत जमीन छ । अनि ति मानिसहरु घरको जमीनबाट गुजारा नचलेको हुनाले अधिकांश किसानका छोराछोरीहरु खाडी मुलुकमा अदक्ष मजदुर भएर गएका छन् । तिनैले पठाएको रेमिटेन्सबाट जीविकोपार्जन गरेको छ । त्यसैले अहिले पनि किसान आन्दोलन हुनुपर्छ । भीमदत्त पन्तको बेलामा पनि किसान आान्दोलन थियो, आज त्यसको ठाउँमा हामी छौं । विश्व

बदलिएको छ । विश्वको आर्थिक प्रणाली बदलिएको छ । त्यो भएको हुनाले आर्थिक प्रणालीको रुप पनि बदलिएको छ । आधारभूत तहमा भीमदत्त पन्तले लड्नु भयो । सामन्तवादको विरुद्ध लड्नु भयो । ब्राह्मणवादको विरुद्ध लड्नु भयो । किसान आन्दोलनको पक्षमा लड्नु भयो । यो आन्दोलन आज पनि जारी छ । नेपालमा उहाँलाई हत्या गर्ने तत्कालीन मातृका काँग्रेको सरकारले के गर्‍यो । विदेशी सेनालाई गुहारेर हत्या गर्ने क्रम आज जारी छ । हाम्रो देशमा विदेशीको चलखेल बढेकै छ । अहिले हामी जुन एमसीसी भनिराखेका छौं कमको कुरा छैन । अहिले बजारको कुरा छन् । कमको कुरो छैन । हामीले तिनको विरुद्ध केही गर्न सक्दैनौं । किन सक्दैनौं भने हाम्रो सरकारले विभिन्न सम्झौता गरेको छ । गण्डकी, कोशी, महाकाली सम्झौता गरेको छ । बजारको सम्झौता गरेर हाम्रो आधारभूत किसान आन्दोलनलई दमन गर्ने काम गरेको छ । आज हामीले दलाल पूँजीवाद भनेको के हो त ? हाम्रो आर्थिक प्रणाली कस्तो छ ? साम्राज्यवादीहरुले दलाल खडा गरेको छ । त्यो दलाले देश चलाएको छ । जुनसकै पार्टीको सरकार आएपनि काम चाहीँ भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको काम गरिरहेको छ ।

यो किसान आन्दोलनले मात्र गर्न सक्छ । हामी कम्युनिष्ट सरकारमा गएर काँग्रेस र हिजोको पञ्चे सरकारमा गएर त्यो काम गर्न सक्दैनौं । विदेशी दलालहरुले खेती गरिहेका छन् । त्यसको विरुद्ध संयुक्त किसान आन्दोलनले मात्र त्यो काम गर्न सक्छ । आज हामीसँग खड्केको कुरो त्यही हो । हामी किसान आन्दोलनको कुरा गर्छौं । किसान आन्दोलनका साथीहरु सरकारमा गयो भने उहाँहरुले त्यो आन्दोलन छोडिदिन्छ । उहाँहरुले त्यसो गर्नु भएन । सञ्जालसँग मिलेर एकतामा जोडिएर कार्यक्रम बनाउनु पर्‍यो । हामीले सञ्जाल मार्फत ३० वटा माग राखेर लड्दै आएको छ । त्यसमा तलमाथि के हुने सक्छ वर्गीकृत गरेर प्राथमिकताको आधारमा एकठाउँमा कार्यक्रम अगाडि बढाउनु पर्छ ।

अहिले एकदमै डरलाग्दो स्थिति छ । हिजो भीमदत्त पन्तजीको त ज्यानै गयो । अहिले लाखौंको ज्यान जानेगरि कार्यक्रमहरु सरकारले ल्याईरहेको छ । हाम्रो जस्तो गरिब देशमा क्रान्तिकारी भूमि सुधार हुन पर्नेमा भूमि बैंक विधेयक ल्याएर आएको छ । कृषिमा सरकारले लगानी गर्नु पर्ने, सहकारी बनाएर समाजवादतिर लानु पर्ने, वैदेशिक पूँजी भित्र्याउने भनेर करपोरेट प्रणालीमा गईसकेको पछि अब नेपालमा किसान भन्ने नरहन सक्छ । किनभने भूमि बैंकले जमीन एकीकृत गरिन्छ । जमीनमा लगानी गर्ने करपोरेट किसानहरु आउनु हुन्छ । उनीहरुले हजारौं हजार विगाह जमीनमा एकल खेती गर्छ । खेती गर्ने पनि विदेशी लिएर आउँछ । अनि यहाँको जमीन उनीहरुले किन्छ । लिजमा लिन्छ । सय वर्ष लिजमा लिईसके पछि त्यो ठाउँको किसान अब के हुन्छ ? छोरानातीसम्म अलिअलि आम्दानी खाईरहला ठेक्का पाईरहला तर पछि उसको जमीन पनि हुँदैन, नागरिकता पनि हुँदैन, नागरिकता विहिन, घरवार विहिन बनाउने कार्यक्रम सरकारले ल्याइरहेको छ । मुलुककै लागि सबभन्दा गम्भीर खतरा चाहीँ अहिलेको करपोरेट फामिङ्ग भूमि बैंक, एमसीसी, किसानहरुले यसका लागि जोडदर लड्नु पर्छ । भीमदत्त पन्तले स्थानीय सामन्तवाद, राष्ट्रिय सामन्तवाद र भारतीय विस्तारवादको विरुद्ध लड्नुभयो । सरकार साम्राज्यवादको पक्षधर रह्यो भने त्यसमा किसानले केही पनि पाउँदैन र सरकार जुनसुकै पार्टीको भएपनि त्यस्तो सरकारको विरुद्ध लड्नु पर्छ अहिलेको एमसीसीको विरुद्ध लड्ने कुरा पनि त्यही भूमि बैकको विरुद्ध लड्ने पनि त्यही हो ।

सबैकुरा विदेशीहरुलाई जिम्मा लगाएर खाद्य सम्प्रभुक्ता हुन सक्दैन । कृषि बजार विदेशीले कब्जा गरेको छ । त्यसको विरुद्ध किसान आन्दोलन हुनुपर्छ । किसान आन्दोलन जगैबाट उठ्नु पर्छ । हामीले भारतीय सामान दैनिक उपभोग गर्नु परेको छ । उसको विरुद्ध सरकार जान सक्दैन, सरकारले सम्झौता गरेको छ । यसका विरुद्ध किसान आन्दोलन मात्र जान सक्छ । त्यो किसान आन्दोलन अलग-अलग भएर जान सक्दैन । किसानलाई जगाउनको निम्ति किसान आदोलनसँग जोडिएका छौं । जनजीविका र जनतन्त्रमा जोडिएको छ । जसले किसानको भलोको निम्ति, किसानलाई समाजवाद उन्मूख बनाउनको निम्ति, राष्ट्रिय पूँजीवादमा लैजानेको निम्ति जो हामी किसान आन्दोलनमा जोडिएको छ । लगातार किसान आन्दोलनको नेतृत्व गरेर अगाडि बढ्नु पर्छ । मेरो लामो अनुभव के छ भने आन्दोलनसँग जोडिन्छ पछि पार्टीले के भनिदिन्छ । आन्दोलनबाट पछि हट्छ । हामी अहिले भारतीय किसान आन्दोलनबाट शिक्षा लिन सिकौं । भारतमा लामो किसान आन्दोलन भएको छ । सरकारी पार्टीका किसान संघ-संगठन पनि जोडिएका छन् । यस किसिमले सिक्ने हो भने किसान आन्दोलन उठाउन सक्छौं । जसले गर्दा पार्टीका नेताहरु किसान आन्दोलको पछि पछि लागेको छ । भारतमा त्यही देखिरहेको छु । त्यहाँका कम्युनिष्टहरु किसान नेताको पछि पछि दौडिरहेका छन् । किन पार्टीले गर्न नसकेको पछि किसानले त गर्छन् । निस्चित रुपमा अहिले गम्भीर रुपमा छलफल गर्ने समय आएको छ । अब दायाँवायाँ कुरा नगरौं । हिम्मतका साथ अघि बढौं । हामीले दबाव नदिएपछि ओली सरकारले पनि गरेन, अहिलेको शेरबहादुर देउवाको सरकारले पनि गर्दैन । सरकारलाई दवाव दिनुपर्छ सरकार विदेशीको दबावमा पनि हुन्छ । किसानले नै दबाव दिनुपर्छ होइन भने भीमदत्त पन्तले गरे जस्तै कि जोत हलो, कि छोड थलो, भन्ने जस्ता कार्यक्रम बोकेर अगाडि बढ्नु पर्छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले आम नेपाली किसानहरुको निम्त सपथ खाने दिने भएको बताउँदै, भीमदत्त पन्तले देखाएको किसान आन्दोलनको बाटोमा अगाडि बढ्नुपर्ने जोड दिइएको छ । श्रेष्ठले आफ्नो कर्तव्य पालन गर्ने दिन भएको, पन्तका अधुरा सपनाहरु पूरा गर्नका निमित्त अझै योगदान दिन बाँकी छ । देशमा व्यवस्था परिर्तन भएपनि अवस्था परिवर्तन भएको छैन । अवस्था परिवर्तन गर्नको निम्ति भीमदत्त पन्तले देखाएको बाटोलाई निरन्तर रुपमा आत्मसाथ गर्दै अगाडि बढ्न जरुरी छ । म अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का नेतृत्वहरुलाई किसानको मुक्तिको निम्ति किसानहरुलाई अगाडि बढाउनको निम्ति एकढिक्का भएर अगाडी बढ्न आग्रह गर्दछु । अहिले पनि नेपाली शासकहरुले विडम्वना पूर्वक कृषि क्षेत्रलाई अपमान गरिरहेको छ । अझ नेपाली किसान र नेपाली जनतालाई अपमान गर्नको निमित्त भूमि बैंक र विदेशी लगानी जस्ता यी तमाम दलाल पूँजीपतिहरुलाई पोष्ने, पक्ष पोषण गर्ने कार्यक्रम अगाडि सारेको छ । यसको विरुद्धमा आम नेपाली किसानहरुको मुक्ति जबसम्म क्रान्तिकारी भूमि सुधार लागु हुँदैन तबसम्म जमीन जोत्नेको आधारमा जमीनको मालिक किसानहरु बन्दैन तबसम्म नेपाली किसान आन्दोलनमा अगाडि बढी रहन म सबैलाई आग्रह गर्दछु । हामी यो दिनले हामी सबैलाई प्रेरणा दिईरहोस् भन्ने आशा गर्दछु । कार्यक्रममा सहभागी मित्रहरुले एकीकृत किसान आन्दोलनको कुरा उठाई रहनु भएको छ ।

साँच्चीकै हामी एक्ला एक्लै बसेर किसान आन्दोलन अगाडि बढाउन सक्दैन । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)ले भावीका दिनहरुमा एकतावद्ध किसान आन्दोलनको प्रतिवद्धता जाहेर गर्न चाहन्छु । सबै किसान संगठनका नेताहरुलाई एक ठाउँमा उभिएर एकै स्वरका साथ मिल्नसक्ने विषयमा एकतावद्ध भएर आम नेपाली किसानको भाग्य र भरोसाको केन्द्र बन्न आग्रह गर्दछु ।

राष्ट्रिय जल तथा सिँचाई उपभोक्ता महासंघका अध्यक्ष शम्भु दुलालले १८ हजार सामुदायिक सिँचाई प्रणाली किसानहरुलाई समृद्ध बनाउने कार्यमा संलग्न भएको बताउँदै किसानको हकहीत अधिकार र कृषि उत्पादनसँग जनताको न्यायिक समानताको लागि लडि राख्नु भएकोले जल उपभोक्ता महासंघसँग आवद्ध भएका सामुदायिक सिँचाई प्रणाली त्यसमा संलग्न किसानहरुको तर्फबाट हार्दिक आभार व्यक्त गरेका छन् । भीमदत्त पन्तले किसानको हकहीत र अधिकारको लागि जुन संघर्षको बाटो रोज्नु भएको छ । त्यसबाट पाठ सिकेर अगाडि बढ्नु पर्ने कुरामा जोडदिइएको छ ।

राष्ट्रिय सिँचाई तथा जल उपभोक्त महासंघले किसानलाई समृद्ध बनाउने पानीको व्यवस्थापन गर्ने, जल व्यवस्थापनको माध्यमबाट मात्र कृषिलाई समृद्ध बाटोमा लान सकिन्छ भन्ने दृष्टिकोणका साथ कृषिलाई पानी र सिँचाईको लागि लगानी भन्ने नाराका साथ अघि बढेका छौं । यही सन्दर्भमा तीनै तहका सरकारलाई अनुनय विनय गरिरहेका छौं । २०६२/०६३ सालको जनआन्दोलन, विक्रम सम्वत् २०७२ मा बनेको नपालको संविधानले मुलुकमा राजनैतिक अधिकार लड्नु पर्दैन । अब हामी समृद्धि र आयआर्जनको गर्दै समृद्धिको बाटोमा अघि बढ्ने हो । तर, २०७२ सालको संविधन जारी भईसकेपछि सरकारले कृषिमा लगानी बढाएको छैन । कृषिमा लगानी नबढाएसम्म किसानले हक प्राप्त गर्न सक्दैन । सिँचाई क्षेत्रमा पुग अपुग २ प्रतिशत कृषि मन्त्रालयको ३ प्रतिशत जम्मा ५ प्रतिशत नपुग लगानी नगरे सम्म किसानलाई समृद्ध र कृषि आयतलाई विस्थापन गर्न सक्दैनौं । कृषिमा उन्नति गर्न सिँचाईको संरचना बनाउने हो । संरचना बनाउनु देशभर पानी व्यवस्थापन, ताल तलैयाबाट वरिपरि विकासको आधार तयार नहुँदासम्म सरकारले निर्भिक ढंगले भएभरको, आफूले भ्याएसम्मका प्रविधिहरु लगाएर लगाउनु पर्छ । यही भनेर सिँचाई महासंघले आवाज उठाउदै आएको छ । यो आवाज उठाउनुमा नेपाल सरकारले ऐन नियमहरु संशोधन गरि देशमा १२ औं महिना सिँचाईको उपलब्धता हुनेगरि ३२ लाख ४० हजार हेक्टर जमीनमा पानी उपलब्धता हुने लक्ष्य निर्धारण गरेको छ । तर त्यो लक्ष्य निर्धारण वजेटको अभावको कारणले नभईसकेको अवस्था छ । यसलाई अगामी दिनमा कसरी लान सकिन्छ । यो विषयमा राजनीतिक नेताहरुको ध्यान पुगोस् सिँचाईको विकासको लागि जुन सामूदायिक विकास आवधारण छ । भईरहेको संरचना छ संरचनालाई संस्थागत संरचनामा विकास गरौं । सामूदायिक, सांस्कृतिक नेटवर्क अगाडि बढाउनु पर्छ ।

अखिल नेपाल किसान महासंघ (अप्फा)का अध्यक्ष भैरव रेग्मीले जबसम्म किसानहरुले जमीनको अधिकार प्राप्त गर्दैन तबसम्म नेपालको कृषि आत्मनिर्भर नबन्ने बताएका छन् ।

रेग्मीले महान सहिद भीमदत्त पन्त लगायत सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धा व्यक्त गर्दै । सहिद भीमदत्त पन्तले किसान आन्दोलनको शुरुवात गर्नु भयो । कलिलो उमेरमा उहाँले ज्यान गुमाउनु भयो । आज जुन कलिलो उमेरमा उहाँको ज्यानगयो । जुन कार्यक्रम गरियो कार्यक्रमले २ वटा सन्देश दिएको छ । पहिलो सन्देश किसान संगठनहरुमा सन्देश गएको छ । यसले नेपालमा संयुक्त रुपमा किसान आन्दोलन अगाडि बढाउनु पर्छ भन्ने सन्देश दिएको छ । गत २ वर्षदेखि हामीले संयुक्त आवाजहरु सँगै राख्दै आएका छौं । त्यो आवाजले अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)ले सबै किसानहरुलाई समेत्ने प्रयास गरेको छ । र देशमा संयुक्त रुपमा किसान आन्दोलन नजाँदासम्म किसान आन्दोलन सफल हुँदैन । हाम्रो आन्दोलन जारी छ । विगतमा किसानको समस्याको बारेमा आवाज उठाउने कतिपय संगठनका नेताहरु सरकारमा जानुभयो सत्तामा गएपनि बाहिर सरकार विरुद्ध आवाज उठाई रहेको छ । किसानहरुको आवाज एउटै भएता पनि विभाजित भएपनि भविष्यको लागि खुशीको कुरा हो । माओवादी निकट अखिले नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) निकट भविष्यमा सत्तामा जाला अथवा उसले एउटा प्रतिवद्धता जाहेर गरेको छ । कि हामी हाम्रो पार्टी सत्तामा गएपनि हामी सडकमै बसेर किसान आन्दोलन गर्न छोड्दैनौं । खुशीको कुरा हो । निकट भविष्यमा ऐक्यवद्धता भएर अगाडि बढ्ने छौं । दुःखको कुरा के छ भने जुनसुकै पार्टी सरकार गएता पनि किसानको एजेण्डा प्राथमिकतामा परेका देखिदैन । नीति नियम छन्, लागु भएका छैनन् । आम किसानहरुलाई गोलवन्द गरेर सडकमा उतार्ने काम सञ्जालले गर्नुपर्छ ।

हामी विभाजित छौं । कतिपयले पूँजीवाद आईसक्यो समाजवादमा जाने हो भनिरहेका छौं । भीमदत्त पन्तले राणा काँग्रेसको सत्ताको विरोध गर्नुभयो ।

नेपालमा किसान आन्दोलन शुरुवात गर्नुपर्छ भनेर जिल्ला कब्जा गर्ने कुरा गर्नुभयो । त्यही बेला गठवन्धन सरकारले पन्तलाई मार्नु भयो । सरकारमा गएपनि नगएपनि अहिले वादविवादमा नजाऔं । भीमदत्त पन्तकै नारा "कित जोत हलो, कित छोड थलो, होइन भने हुँदैन भलो, जसको जोत उसको पोत"को नारालाई २००७ सालदेखि नेपाली काँग्रेसले पनि नारा लिएर आयो । अब हिजोको जस्तो सामन्त आज छैन परिवर्तन भएको छ । अहिले पनि हामीलाई थाहा छ किसानहरुको जमीन माथिको अधिकार छैन । किसानहरुलाई खेतमा जोत्ने ट्रेक्टर लगाउने, उत्पादन गर्नेको कुरा हामी गर्छौं । संयुक्त रुपमा किसान आन्दोलन गर्नुको विकल्प छैन त्यसकारण एकतावद्ध भएर किसान संघर्ष लाई आत्मसाथ गरौं । अनि मात्र भीमदत्त पन्तले देखाएको बाटोमा अघि बढ्न सक्छौं ।

सामूदायिक वन उपभोक्ता महासंघका महासचिव विर्खबहादुर शाहीले खासगरी वन, वन संरक्षण मूखी भएको छ । सामूदायिक वनका उपभोक्ताहरुको जीवनमा परिवर्तन ल्याउने वनले ठूलो योगदान दिएको छ । त्यसकारण पनि एग्रो फरेस्ट्री, कृषि वनलाई जोड दिनु पर्छ । वनमा फलफूल र वहुवर्षीय वाली उत्पादन गर्न बन्देज लगाएको छ । त्यसका लागि हामीले संघर्ष गरिरहेका छौं । वनलाई अब कृषि वनको रुपमा हुर्काउनु पर्छ । अहिले पनि वनमा थुप्रै खालका खाद्य वस्तुहरु पाइन्छ । चाहे कण्डमूल होस् चाहे जडीबुटी हुन् विभिन किसिमका फलफूल तिनीहरुलाई हामीले कृषि वनको रुपमा ल्याउन सक्यौं भने हाम्रो जीवनमा परिवर्तन ल्याउन सक्छ । ४५ प्रतिशत वन २० प्रतिशत कृषि गरि कूल ग्राहस्थ उत्पादनमा योगदानलाई बढाउन सकिन्छ । वन, वनमात्र होइन, वहुआयामिक वन हो । १६८ मिटर देखि ८ हजार मिटरको उचाईसम्म वनको क्षेत्र रहेको छ । त्यसकारण नेपालको वन भनेको खाली

कार्वन र काठ उत्पादन गर्ने मात्रै नभई सिंगो प्रणालीलाई व्यवस्थित गर्ने माध्यम बनेको छ। यसमा स्थानीय समूह समूदाय अथवा किसानहरुको अधिकार सम्पिनु पर्छ। सामूदायिक वन मार्फत कृषकहरुलाई हस्तान्तरण गर्न सकिन्छ भनेको थियो। यद्यपी ३५ प्रतिशत वन मात्र सामूदायिक वनको रुपमा हस्तान्तरण भएको छ। २६ प्रतिशत वन स्थानीय उपभोक्ताहरुलाई किसानहरुलाई हस्तान्तरण गर्न र आवश्यक छ। संरक्षित क्षेत्र राष्ट्रिय निकुञ्जको नाममा स्थानीय आदिवासी जनजातिहरुको अधिकार कुण्ठित गरि उनीहरुको जनजीविका खोस्ने काम भईरहेको छ। यसको विरुद्ध संघर्ष गर्नु आवश्यक छ।

किसान नेता भीमदत्त पन्त स्मृति दिवस मनाउनु अर्थ संघर्षलाई आत्मसाथ गर्नु हो। मैले भने जस्तै स्थानीय समूदायहरु केही कोही गए कालापानी, कोही गए धनगढी, किसानहरु गए खाडी र मलेशिया भने जस्तै भईरहेको छ। किसानहरुलाई नेपालमै रोकेर हामीसँग भएका ४५ प्रतिशत वन र २० प्रतिशत कृषि गरि ६५ प्रतिशत जमीनमा काम गर्ने वातावरण बनाउनु पर्छ।

कार्यक्रममा अखिल नेपाल किसान महासंघका (क्रान्तिकारी केन्द्र)का स्थायी समिति सदस्य तथा सचिव, संगठन विभाग प्रमुख नहेन्द खड्काले पटक-पटक सहिद हुने किसानहरुको सम्मानमा २०४८ सालदेखि भीमदत्तको वलिदान भएको दिन हरेक वर्ष साउन १७ गतेको किसान सहिद दिवसको रुपमा मनाउँदै गरेको कुरा बताउँदै त्यही सन्दर्भमा ३० औं किसान सहिद दिवस तथा ६८ भीमदत्त पन्त स्मृति दिवस मनाउन गईरहेको बताउनु भयो। खड्काले हाम्रो लागि गौरवको दिन हो। हाम्रो गौरशाली पार्टीको नेता कृष्ण बहादुर महरा केन्द्रीय कार्यालयबाट सहभागी हुनु भएर कार्यक्रमलाई अझ अर्थपूर्ण बनाएको छ। अखिल नेपाल किसान महासंघका अध्यक्ष तुलसीलाल अमात्य स्मृति दिवस, रामदेव रामको स्मृतिदिवस पनि त्यही दिन परेको कार्यक्रमको सार्थकता अझ माथि उठेको बताउनु भयो।

नेता भीमदत्त पन्तको हत्या कसरी भएका थिए भन्ने वृत्तचित्र प्रस्तुत गर्ने क्रममा उक्त कुरा बताउनु भयो। भीमदत्त पन्तमा अभिनय नवल खड्काले गरेका थिए। भीमदत्त पन्त डढेल्धुराको अमरगढीको १ किमि दूरीमा रहेको विकट गाउँमा विक्रम सम्वत १९९३ मंसीर महिनामा काली गाउँमा तारानाथ पन्त र आमा सरस्वती पन्तको कोषबाट जन्मनु भएको थियो। १५ वर्षको उमेरमा मेट्रीक पास गरेपछि भारतमा पढ्न गएको पन्त अंग्रेजको विरुद्धमा संघर्ष गरेर १८ महिना जेल परि नेपाल फर्केर २००६ साल देखि नेपाली राजनीति होमिनु भयो। सुदुरपश्चिमका सामन्त जाली भटाहहरुलाई कारवाही र तमसुक च्यात्ने अभियानमा लागेका पन्तले २००७ सालमा किसान मुक्ति सेना गठन गरे। १९९८ पछि भारत जानु भयो भारतमा पनि अंग्रेज विरुद्ध संघर्षमा सहभागी हुनुभयो। १८ महिनाको कठोर जेल जीवन पछि नेपाल फर्कनु भयो। नेपालको राणा शासनको विरुद्धको आन्दोलनमा सरिक हुनुभयो। उहाँको नेतृत्वमा ३५० जनाको एउटा विद्रोही आन्दोलनमा सरिक हुन सेना बनाएर सर्वप्रथम नेपालमा किसान आन्दोलन अगाडि बढाउनु भयो। नेपाली काँग्रेस सँग आवद्ध पन्तले २००७ सालको कार्तिक २६ गते किसान मुक्ति सेना बनाएर नेपाली आन्दोलन गर्नुभयो। २००७ सालको क्रान्ति पछि भीमदत्त पन्तको अस्थायी सरकार निर्माण गरी प्रान्तिय गभर्नरको रुपमा नियुक्त भए। आन्दोलनका क्रममा २००८ साल भदौमा नेपाली काँग्रेसको गठित रक्षा दलले तत्कालीन प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको निर्देशनमा काठमाडौं हनुमान ढोकामा ४ महिना जेलमा पर्नुभयो। जेलबाट मुक्त भएपछि नेकपाका संस्थापक सदस्य निरन्जन गोविन्द वैद्य, मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठको सम्पर्कमा गई क.पुष्पलालसँग पनि सम्पर्कमा रहनु भयो। त्यसपछि सुदुर पश्चिम फर्के कञ्चनपुरलाई केन्द्रमा राखेर तेलगना विद्रोहका नेता कृष्ण स्वामी सँग भेट भएर राजनीतिक रुपमा प्रशिक्षित भई २००८ सालको अन्त्यतिर कञ्चनपुरलाई केन्द्रमा राखेर व्रह्मदेव मन्दी कब्जा गर्ने बेलौरीमा विद्रोह भयो। यी २ वटा भीमदत्त पन्तका नेतृत्वमा गरेको विद्रोह २००९ सालमा हजारौं किसानहरुले बह्मदेव मण्डी कब्जा गरेर गरिव किसानहरुलाई बाड्ने काम भयो। २००९ सालको अन्त्यतिर डढेल्धुरा सुदरमुकाम त्यतिबेला वेलौरी, हाल अमरगढीमा किसान विद्रोहका घटनाहरु अगाडि बढेपछि काँग्रेसको सरकार अत्तालियो र गिरफ्तार गर्ने काम भयो। २००९ साल चैत्र २७ गते पुनः गिरफ्तार गरि २०१० साल असारमा जेल तोडेर भाग्न सफल हुनुभयो। फेरि डढेल्धुराका वडा हाकीमले भुक्याएर गिरफतार गरियो। मुल्मी प्रधान सहित जेलमा लैजादै गर्दा भाग्न सफल हुनुभयो। मातृका काँग्रेसको सरकारले उहाँको हत्या गर्नेलाई १ वटा बन्दुक र ५ हजार रुपैयाँ इनाम दिने घोषणा गऱ्यो।

नेपाली सेनाले नियन्त्रण गर्ने स्थिति नभए पछि भारतबाट ठूलो संख्यामा सेना मगायो। भीमदत्त पन्तको किसान मुक्ति सेना माथि दमन अभियान चलायो। दमन अभियानमा दुबैतिर आएको सेनासँग लड्न अप्ठेरो हुने स्थिति आएपछि रणनैतिक ढंगले भीमदत्त पन्त पछाडि हट्नु भयो। आफ्नो सेना र कार्यकर्ताहरु बचाउनका लागि उहाँले सेनाको विघटन गर्नुभयो। र उहाँ डढेल्धुराको सीमानामा पर्ने गल्लेकको मगर गाउँमा जानु भयो।

त्यहाँ २००७ साल साउन १७ गते उहाँसँगै भारतमा रहँदाका २ जना सहकर्मी साथीहरु मोहन सिंह सहित बाहिर सरकारको गतिविधिको खबर ल्याउन पठाउनु भयो। उहाँ गल्लेकको किसान घरमा बस्नु भएको थियो। सुराकीको सहयोगमा उहाँ बसेको घरलाई घेरा गर्ने काम भयो र पन्तका आफ्नै मित लालबहादुर थापाले झुक्याएर बाहिर निकाले उहाँलाई आफूसँग भएको पेस्तोलबाट गोली प्रहार गरि हत्या गर्ने काम भयो। गोली हानेर मारेपछि पनि टाउको काटेर टाउकोलाई ३ दिनसम्म बाँसको लिङ्गोमा राखेर डढेल्धुराका बीचमा बजारमा राखियो। २०१० साउन २७ गते उहाँको अभियानमा सरिक भएका २७६ जनाको गिरफ्तार भयो। २०१३ सालमा टंकप्रसाद आचार्यको नेतृत्वमा गठन भएको सरकार बनेपछि मात्र भीमदत्त पन्तको किसान आन्दोलन सहभागी भएका सहकर्मीहरुलाई आम माफी दियो।

भीमदत्त पन्तको २ जनाको छोरी र एक जना छोरा विरामी हुँदा उपचार नपाएर मृत्यु भएको थियो। उहाँको श्रीमती पार्वती पन्त हुनुहुन्थ्यो। नेपाली किसानको सबभन्दा नजिक सहयोगीका रुपमा भूमिहीन किसान, कृषि श्रमिक, सुकुम्वासीहरु रहेका छन्। हामीले जनवादी क्रान्ति पूरा गर्ने सम्बन्धमा भूमिसुधार र कृषि क्रान्तिको कार्यभार कम्युनिष्ट आन्दोलन र कम्युनिष्ट पार्टीको आधारभूत वर्गको रुपमा भूमि हिन किसान, कृषि मजदुर, कृषि श्रमिक, सकुम्वासीहरु गरिव किसानहरु र समग्र किसानहरु रहेका छन्। किसान आफैमा वहुवर्गीय समुदाय हो। जसमा सुकुम्वासी भूमिहिन, कृषि श्रमिकहरु हुन्छन्। धनी किसान, मध्यम किसान, साना किसानहरु हाम्रो आन्दोलनको मुख्य शक्तिको रुपमा रहेका छन्। जमीनमा आधारित समान्त वर्ग हाम्रो शत्रुको रुपमा रहेको छ। किसान आन्दोलनको सबैभन्दा नजिक मित्रशक्ति सकुम्वासी हो। भीमदत्त पन्तले दिल्ली सम्झौता भइसके पछि आफ्नो संगठनलाई नयाँ तरिकाले संगठित

गर्दै किसानहरु माझ शैक्षिक अभियान चलाएका थिए। त्यतिबेला कसरी वाधा अवरोधहरु भए भन्ने खालको सन्देशहरु दिएको छ। पढेपछि सबै कुरा थाहा हुन्छ ? भन्ने प्रश्न उहाँ प्रति लगाईको थियो। सरकार रैतीहरुले नपधुन् भन्ने चाहन्छ। यो देशको सार्वभौम सत्ता विदेशीको दास भएको छ। सानो सानो व्यापारको लागि पनि भारतको अनुमति लिनुपर्छ। हात हतियार खरिद गर्नुपर्‍यो भने भारतको अनुमति लिनुपर्छ। हाम्रो सुरक्षा प्रणाली भारतको सुरक्षा छाता भित्र छ। भारतले चलाखी गरेर हामीलाई भारतको भर पर्ने बनाएको छ। त्यसले यो सम्झौता हाम्रो देशको हीतमा छैन। भारतले हाम्रो देशलाई दीर्घकालीन रुपमा दास बनाएको छ। त्यसैले यो सम्झौता हामीले मान्दैनौं। १९५० को सन्धीको विरुद्ध उहाँले दिएको मन्तव्य थियो।

अहिले नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)सत्ताधारी होइनौं। हामी किसान, मजदुर, श्रमजीवि वर्गका प्रतिनिधी हौं। हाम्रा मन्त्री पार्टी र सत्तामा रहेपनि हामीले किसान आन्दोलनको एजेण्डा कहिल्यै छाडेका छैनौं। कहिलै छोड्ने पनि छैनौं। चाहे त्यो २ तिहाईको ओली सरकार हुँदा होस्, हामीले निरन्तर रुपमा आफ्नै मातृ पार्टीले ल्याएको भूमि बैंक जस्ता आफनो नातागोता, आसेपाससँग जोडेर बनाउने भूमि समस्या समाधान गर्ने नाममा भूमि समस्यालाई विकराल बनाउँदै ल्याएको भूमि आयोग सन्दर्भमा होस् वा कोभिड-१९, ले जनता ग्रसित हुने गरि किसानको राहतको कार्यक्रम नल्याएने सन्दर्भमा होस्। हामीले निरन्तर खबरदारी गरिरहयौं। निरन्तर खबरदारी गरिरहने छौं। भोलीको दिनमा पनि अहिले गठवन्धनमा हाम्रो मातृ पार्टीहरु रहँदा पनि नयाँ सरकार बनेको सन्दर्भमा पनि ती सरकारले गलत नियम ल्याउँदा प्रतिरोध संघर्षमा उत्रने छौं र किसानहरुका मागहरु राखेर, एजेण्डाहरु राखेर निरन्तर रुपमा किसान आन्दोलनको झण्डा उठाईरहने छौं। हामीले किसान आन्दोलन र संघर्षलाई संयुक्त, संघर्षको रुपमा विकास गर्नका लागि विगत देखिनै प्रयन्तहरु गरिरहेका छौं। हामी सबै एकतावद्ध भएर अगाडि बढ्ने छौं। हामी यहाँहरुको विचारको उच्च सम्मान गर्दछौं। भीमदत्त पन्तको वृत्त चित्रमा उल्लेख वाक्य : हामीले चाहेको भए दुई देशको हीरा भएर बाँच्न सक्थ्यौं। हामीले नै हाम्रै देश भारतको निगाहमा बाँच्नको निम्ति वाध्य बनाईदियौं। यो नेपाल इतिहासमा कालो दिन हो। हामी भारतको जालमा फस्यौं। हामीले प्रजातन्त्रको नामा देशलाई बेच्यौं।

# भूमिगत जलस्रोत र जोखिम




**डा.निर शाक्य**

भूमिगत जल अति नै महत्वपूर्ण शुद्ध जल हो। यसलाई तरल सुन पनि भन्ने गरिन्छ। विश्वमा प्रयोग हुने पानीको ५० प्रतिशत भूमिगत जलबाट आपूर्ति हुने गर्दछ। हाम्रो देश नेपालमा भूमिगत जल खानेपानी, उद्योग धन्दा, सिँचाई आदिको लागि प्रयोग गर्ने गरिन्छ। विभिन्न प्रयोजनका लागि प्रयोग हुने भूमिगत जल जमीन मुनि नै रहने हुँदा यो जल प्रदुषित अवस्थामा छ वा छैन ? जोखिमपूर्ण भईरहेको छ वा छैन् ? प्रशोधन गर्न सकिन्छ वा सकिदैन ? आदि कुराहरू तुरुन्तै अनुमान गर्न गाह्रो हुन्छ। साँच्चै नै मानवीय क्रियाकलाप, गल्ती आदि कारणबाट यो जल जोखिमपूर्ण अवस्थामा हुनेछ वा हुने छैन। यी कुराबारे जानकारी लिन आजको विकासोन्मूख युगमा सान्दर्भिक देखिन्छ। भूमिगत जल एकै स्थानमा वा निश्चित स्थान मै मात्र सीमित भएर रहँदैन यो जल जमीनमूनि उच्च भागबाट होचो भागमा बहाव भईनै रहन्छ। यसर्थ मानवीय क्रियाकलापबाट भूमिगत जल दुषित हुने प्रवल सम्भावना रहन्छ। हाम्रो देशमा भूमिगत जललाई संवेदनशील स्रोतको रुपमा लिएका देखिदैन। तर, अन्य विकसित देशहरूमा यो स्रोतलाई अति नै संवेदनशील मानी दुषित हुन नदिन विभिन्न वैज्ञानिक क्रियाकलापहरू अपनाइएको हुन्छ। यसर्थ संसारकै प्रख्यात भू-जल विशेषाज्ञहरूले भूमिगत जललाई प्रदुषणको चपेटाबाट बाहिर रहन दिन विभिन्न मूल्याङ्कन पश्चात परिपूर्ति हुने क्षेत्र जस्ता अति नै संवेदनशील क्षेत्रहरूलाई संरक्षित गर्ने उपाय अवलम्वन गरिसकेका छन्।

काठमाडौं उपत्यकामा खानेपानीको माग जनसंख्याको चापसँगै बढ्दो छ। खानेपानीको लागि अझ ५० प्रतिशत भूमिगत जल प्रयोगमा ल्याईरहेको अवस्था छ। भूमिगत जलको प्रयोग वैज्ञानिकहरूको सल्लाह विपरित पनि निकाल्ने क्रम बढ्दो छ। यस कार्यलाई नियन्त्रण गर्न आकाशे पानी अर्थात वर्षातको पानीलाई प्रयोग गर्नु प्रविधिसम्म प्रचारमा ल्याउन सकिएका छैन। वर्षातको पानी सङ्कलन गरी प्रयोगमा ल्याउन छानाबाट खस्ने पानीलाई सङ्कलन गरी छिमेकी राष्ट्र बंगलादेशमा गैर-सरकारी संस्था मार्फत व्यापक जनस्तरमा प्रचार भईकार्य थालनी भएको देखिन्छ। तर, काठमाडौं उपत्यकामा यस किसिमको प्रचार प्रसार भएको पाईदैन। सम्बन्धित भू-वैज्ञानिक तथा भूमिगत जल विज्ञबाट अनुसन्धान गरी भूमिगत जललाई प्रदुर्षणबाट मुक्त राख्ने भूमिगत जल कानुनको व्यवस्था अत्यन्त जरुरी हुन आउँछ। तर राज्यले सर्वसाधारणलाई खुशी पार्न र क्षणिक स्वार्थका लागि यस सम्बन्धमा नैराश्यता देखाइएको पाइन्छ। जसले जहाँ चाह्यो त्यहाँ भूमिगत जल निकाल्ने र प्रयोगमा ल्याउने गरिएको छ। यसरी निकालिएको जलबाट पछि के कति असर पर्छ विचार गरिएको छैन। हुन सक्छ यसले गर्दा भविष्यमा ठुलो प्रकोपको रूप लिनसक्छ। ज्ञानको अभावमा भूमिगत जल प्रदुर्षणको चपेटाबाट बच्न गाह्रो हुन्छ। भूमिगत जलको प्रदुर्षण भूमिगत जलको ज्ञान र भूमिगत जलको कानुनको अभावमा हुने गर्छन्। यसर्थ जनसंख्याको चापसँगै बढ्दो क्रममा सेफ्टी ट्याङ्की जथाभावी तरिकाबाट निर्माण भइरहेको र परिपुर्ति हुने क्षेत्रको संरक्षित नहुँदा कम गहिराईको भूमिगत जल प्रदुर्षण हुने सम्भावना बढीनै हुने देखिन्छ। टाइफाइड, झाडा, पखालाको अलवा सेफ्टी ट्याङ्कीको मिश्रणबाट भूमिगत जलमा नाइट्रेट भाग बढी संलग्नता हुने र यस्तो अशुद्ध पानी पिउँदा नाइट्रेटको मात्रा रगतमा पाइने होमोग्लोविनमा मिसिन गई अक्सिजनलाई चलखेल गर्ने क्षमताको दर कम हुनगई स्वास्थ्यलाई असर

हुने डर हुन्छ । यसर्थ भूमिगत जल दुषित भए पश्चात प्रशोधन गर्न लगभग असम्भव भएको कारण जनचेतना जगाई मानिसको धारणाको परिवर्तनका साथ-साथै महानगरपालिका र सम्बन्धित मन्त्रालयले समेत आवश्यक सोँच लिनुपर्ने बेला भएको छ ।

भूमिगत जल सम्बन्धित वैज्ञानिकहरूको भेलामा सन् १९७० मा भूमिगत जललाई प्रदुषण हुन नदिन जोखिमपुर्व मुल्याङ्कन तरिकाको विकास भएको छ । यो एक किसिमको सांकेतिक तरिका हो । जसबाट पानीको स्थिर लेभल जनसंख्याको चाप पूर्ति आदिको अध्ययनबाट भूमिगत जल संरक्षण क्षेत्रको विकास गर्न सकिन्छ । कुनै पनि योजना छनौट गर्न Vulnerability range अनुसार विभिन्न जियोलोजिकल र हाइड्रोलोजिकल तथ्याङ्कहरूमा प्रदान गर्न भार तथा अङ्कको योगफलको आधारमा अध्ययन गर्ने यो तरिकाबाट प्रदुर्षित हुने क्षेत्र वा प्रदुर्षित नहुने क्षेत्रको पहिचान गर्न सकिन्छ । विकसित देशहरूमा भूमिगत जलको दृष्टिकोणबाट संरक्षित गर्नुपर्ने क्षेत्रको राम्रै तवरले संरक्षण गरिएको हुन्छ । जहाँ मानव वस्तीको साथै खेतीपाती बँगुरपालन आदि कार्यको पूरै रोकावट नै गरेको हुन्छ । अष्ट्रियामा त भूमिगत जल संरक्षण क्षेत्रमा काँडेतार समेत लगाई पालेपहरा नै राखिएको हुन्छ । जोखिम मुल्याङ्कनको लागि मुख्यतया निम्न कुराहरूको अध्ययन गर्नु आवश्यक हुन्छ ।

**D+Depth to the GW body**

भूमिगत जलको जोखिमपना गहिराईमा पर्ने हुन्छ । कम गहिराईमा बढी जोखिम हुन सक्ने हुँदा पानीको स्थिर लेभल अनुसार पनि जोखिम हुने वा नुहने भनी साङ्केतिक रुपमा अध्ययनको बुँदामा समावेश गर्न सकिन्छ । उदाहरणका लागि पानीको स्थिर लेभल ०-१.५ मिटर भएको क्षेत्रमा Pesticide प्रयोग गर्दा क्षेत्रलाई १० भार दिएको हुन्छ । १५ देखि २३ मीटर वाटर लेभल भएको क्षेत्रमा Pesticide प्रयोग गर्दा ३ मात्रै भार दिएको हुन्छ । यसरी क्षेत्र अनुसार फरक-फरक भारको जोडबाट Pollution potential/non Potential क्षेत्रको पहिचान गरिन्छ ।

**R+Recharge**

परिपूर्ति हुने क्षेत्र संरक्षित नहुँदा पनि मानवीय गल्तीका कारणबाट भूमिगत जल दुषित हुन सक्ने हुन्छ । यसर्थ परिपूर्तिका दर बढी भएको क्षेत्रमा बढी नै भूमिगत जोखिम हुन सक्ने हुँदा यस्ता क्षेत्रलाई संरक्षित गर्दा भूमिगत जललाई स्वच्छ राख्न सकिने छ ।

**A+Aquifer**

पानीदिने तह अर्थात एक्विफर बढी खुल्लापन प्रसारणशील क्षमता भएका अन्य तहहरू सँग एक अर्कामा संलग्नभई फैलावट भएमा पनि भूमिगत जल जोखिम हुन सक्ने बढी सम्भावना देखिन्छ ।

**S+Soil type**

एक्विफर Confirming भएको अर्थात पानीदिन सक्ने तहको तलमाथि अप्रसारणीयशील क्षमता भएका माटोको तह भएमा जोखिम कम हुनसक्ने तर तहमा पानी सोस्न तथा प्रक्षेपण क्षमता बढी भएकोमा भने जोखिम चाँडो हुनसक्ने खस्रोपन तह मसिना कण भएका तहभन्दा बढी जोखिम हुन्छ ।

**T+Topography**

भू-धरातल पनि जस्तै चिरा, दरारपन नभएका ताजा चट्टान बढी जोखिम नहुने हुन्छ । भने खाल्डा, खुल्डि, उच्च, होच्चा भू-भागबाट भने पानी बढी छिट्टै सोस्ने हुँदा भूमिगत पानीलाई जोखिमपूर्ण गर्ने तत्वहरू चाँडो नै भू-जल भागमा पुग्नसक्ने हुन्छ र साथै भिरालोपनमा भूमिगत जल कम दुषित हुन्छ किनभने यस्तो धरातलमा भूमिगत जलको वेग बढी हुन्छ ।

**I+Impact of the Vadose zone (zone between the soil & top of th aquiqife)**

पानीको लेभल माथिको तह कम भिजेको भएमा पनि भूमिगत जलमा जोखिमपूर्ण हुनसक्ने प्रतिशत बढी हुने हुन्छ । विशेषगरी कडा चट्टानमा भूमिगत जल अन्वेषण कार्यमा यो कुराको ध्यानदिनु जरूरी छ । कडा चट्टान भूमिगत जलको बाटो नै दरार र चिरा परेका क्षेत्र Unsaturated हुने भएकाले संख्यात्मक रूपमा जोखिम बढी हुने सम्भावना हुन्छ ।

**C+Hydraulic Conductivity**

कुनै क्षेत्रमा पानीदिने तहको कणहरू बढी नै प्रशारणशील क्षमता भएमा भूमिगत जल जोखिमपूर्ण हुनसक्ने बढी सम्भावना हुन्छ । एक्विफरको यो गण पम्प टेष्ट तरिकाबाट जानकारी लिन सकिन्छ ।

तसर्थ माथि उल्लिखित भएर अङ्क Vulnerability range अनुसार प्रदान गरी अध्ययन गर्ने DRSSTIC का बुँदाहरूलाई राम्ररी ध्यान दिएर जनसंख्या तथा उद्योगहरूको बढी चाप भएको क्षेत्रहरूमा आवश्यक अनुसन्धान गरी संरक्षण क्षेत्रहरूको पहिचान गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । यी कुराहरूलाई मान्ने गरी जन जागरणका कृयाकलाप गरी भूमिगत जललाई प्रदुर्षणको जोखिमबाट बचाऔं र भविष्यका सन्ततिका लागि स्वच्छ पानीको व्यवस्था गरौं ।


## सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको सूचना

कोही कसैले राजस्व छली, भ्रष्टाचार, लागु औषध कारोवार, बैंकिङ्ग ठगी, सहकारी ठगी, कालोबजारी, हुण्डी, विदेशी मुद्रा अपचलन, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी, जुवा, चिट्ठा, जबरजस्ती चन्दा असुली, हातहतियार, गोली गठ्ठाको बेचबिखन, डकैती, चोरी, किर्ते, जालसाजी, वनविनाश, वन्यजन्तु चोरी निकासी, यौन व्यवसाय तथा मानव बेचबिखन, सीमा तस्करी जस्ता गैर-कानूनी एवं आपराधिक क्रियाकलापबाट सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी भए गरेको पाइएमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावाली, २०७३ वमोजिम कडा कारवाही भैजाने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
फोन नं. ०१-५०१०२७७
फ्याक्स नं. ०१-५०१०२८२
इमेल : dmli@dmli.gov.np, ujuri@dmli.ov.np
वेबसाइट : www.dmli.gov.np

# धान बीउ छनौँटमा प्रजनन्‌को भूमिका

विष्णुराज ओझा

**पृष्ठभूमि :**

नेपालको जनसंख्या प्रति वर्ष २.२४ प्रतिशतका दरले वृद्धि भईरहेको छ भने कूल ग्राहस्थ उत्पादनको वृद्धि करिब २.१ प्रतिशतले भईरहेको छ। कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रले करिब ३७ प्रतिशत सहयोग गरेको छ। धान बाली नेपालको करिव १ हजार पाँच सय ४२ हजार हेक्टर जमीनमा लगाइएको पाइएको छ। यसको उत्पादन ४ हजार २ सय ९०



हजार मेट्रिक टन प्रति हेक्टर छ। अन्न बालीहरूको वार्षिक उत्पादन ७ हजार ७ सय ६७ हजार मेट्रिक टन पाइएको छ। उत्पादकत्वको हिसाबले हेर्ने हो भने अन्न बालीको उत्पादन २.३२ मेट्रिक टन प्रति हेक्टर देखिन्छ यसरी अन्न बाली र धानको तुलना गर्दा अन्नबालीको कूल उत्पादनमा धानले ५५.२३ प्रतिशत उत्पादनको अंश लिएको छ। यस्तै उत्पादकत्वको हिसावले पनि अन्न बालीको उत्पादकत्व भन्दा धानको उत्पादकत्व बढी देखिन्छ। यसैले गर्दा धानबालीको सुधारमा प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ।

**समस्या :**

धानको उन्नत जातहरू देशमा विकसित भईरहेका छन्। २-४ वर्षको फरकमा नयाँ-नयाँ जातहरू बजारमा आएका छन्। तर अधिकांश किसानहरू यी नयाँ-नयाँ बढी उत्पादन दिने जातहरूको बीउ खरिद गर्न सक्षम देखिँदैन किनकी उनीहरूलाई एकातर्फ आर्थिक समस्या छ भने अर्कोतर्फ यी जातहरूले धेरै उत्पादन दिन्छन् भनेर विश्वास पनि छैन। यसमा अर्को समस्या यी उन्नत जातहरूको बीउ ठीक समयमा किसान समक्ष उपलब्ध भैरहेका पनि छैनन्। खेति गर्ने समयमा उपलब्ध नहुँदा किसानहरू आफैले संचित गरेर राखेको बीउ प्रयोग गर्न वाध्य देखिन्छन्। फेरि उन्नत बीउबाट अत्याधिक उत्पादनको लागि त्यति नै मात्रामा मलखादको आवश्यकता पर्छ। जसको व्यवस्था गर्न नेपाली किसानहरू असमर्थ छन्। रासायनिक मल किन्न भनेको कतिपय किसानहरूका लागि पहुँच बाहिरको कुरा पनि हो।

अधिकांश किसानहरू आफूसँग भएको प्राङ्गारिक मल जति छ त्यसैको उपयोग गर्छन। फेरि अर्को तर्फ प्राङ्गारिक मलले माटो पनि बिगार्दैन र सो मल प्रयोग भएको अनाज वा सागसब्जी मिठो हुनुका साथै स्वस्थकर पनि हुन्छ।

**समूह छनौट को परिचय :**

उन्नत जातको धान निकाल्नको लागि धानको विभिन्न प्रजनन् गर्ने तरिकाहरू छन्। ती तरिकाहरू मध्ये सबैभन्दा छिटो हुने र सजिलो तरिका समूह छनौट (Mass Selection) हो। यो तरिका किसान स्वयंले अपनाउन सक्छन्।

यो समूह छनौट प्रजनन् तरिका अपनाउँदा केही धेरै बोटहरू एकै किसिमको वाह्य आकृति (Phonotype)को अवधारणमा छनौंट गरिन्छ। त्यसपछि ती छनौट गरिएका बोटहरूको बीउहरू एकै ठाउँमा मिसान्इछ। र अर्को साल परिक्षण गरिन्छ। यदि परिक्षण गर्दा राम्रो देखिएमा किसान स्वयंले तेश्रो वर्षमा नयाँ जातको रुपमा प्रयोग गर्न सक्छन्। त्यो वालीबाट उत्पादित अन्न बीउको रुपमा क्रमिक रुपले ४-५ वर्षसम्म प्रयोग गर्न सक्छन्। यदि गुणस्तरमा कमी हुन थालेमा फेरि प्रकृया दोहोऱ्याउन सकिन्छ।

४-५ वर्षको अन्तरालमा सजिलैसँग अवलोकन गर्न सकिने गुणहरू जस्तै बोटको उचाई, बालाको लम्बाई, दानाको रंग, दानाको आकार प्रकार, रोग निरोधक शक्ति, धेरै गाँज हाल्ने क्षमता, ढल्ने वा नढल्ने, दाना झर्ने वा नझर्ने आदिका आधारमा यो समूह छनौंट प्रजनन् तरिका अपनाइन्छ।

समूह छनौंटको कार्य विधि :

यस तरिकाबाट उन्नत बीउ निकाल्नका लागि करिब ३ वर्ष लाग्छ। जसको कार्यविधि यस प्रकारको छ।

**पहिलो वर्ष :**

धेरै बोटहरू आवश्यकता अनुरुप एकै किसिमको वाह्य आकृतिको आधारमा जस्तै लामो बाला भएको नढल्ने, रोग निरोधक दाना नझर्ने ठूला-ठूला दाना भएको, एकै उचाईका बोटहरू छनौंट गर्ने र ती सबै बोटहरूको बाला एकै ठाउँमा मिसाउने र माडेर एकै ठाउँमा मिसाएर बीउ राख्ने।

**दोस्रो वर्ष :**

पहिलो वर्ष छनौंट गरेर निकालेको बीउ एक ठाउँमा र छनौंट नगरी राखेको बोटहरूको बीउ छुट्टा-छुट्टै ठाउँमा उमार्ने र छुट्टा-छुट्टै प्लटहरूमा रोप्ने। धान पाकेपछि छुट्टा-छुट्टै कटाई गरेर तुलना गर्नुपर्छ। यसरी तुलना गर्दा समूह छनौंट तरिकाबाट तयार पारेको बीउले राम्रो नतिजा दिएमा त्यो बीउ अर्को सालबाट बीउको रुपमा प्रयोग गर्न सकिन्छ।

तेस्रो वर्ष :

यदि बीउ पुग्ने भएमा सिधै बीउको रुपमा प्रयोग गरिन्छ। तर यदि बीउ नपुग्ने भएमा यस वर्ष बीउको विस्तार गरिन्छ। र अर्को सालबाट बीउको रुपमा प्रयोग गरिन्छ। यसरी किसान आफैले पनि २-३ वर्ष भित्रै धानबालीमा सुधार ल्याउन सक्छन्।

धान एउटा स्वयं सेचन हुने बाली हो। त्यसैले यस समूह छनौंटका दुईवटा मूख्य प्रयोगहरू हुन्छन्।

क) स्थानीय जातहरूको सुधार

ख) प्रयोगमा आईरहेको शुद्ध लाइन जातहरूको शुद्धीकरण

क) स्थानीय जातहरूको सुधार : यो समूह छनौट प्रजनन् तरिका स्थानीय जातहरूको सुधार गर्नको लागि अति उपयोगी देखिन्छ। किन कि स्थानीय जातहरू विभिन्न किसिमको जीनको रुपमा मिश्रित जात हुन् यी जातको बोटहरू एक अर्कोमा फरक-फरक पाइन्छ। तिनीहरूको फूल फुल्ने समय, पाक्ने समय, बोटको उचाई, रोग वा कीरा निरोधक शक्ति, वालाको लम्बाई आदि गुणहरू एक बोटको अर्को बोटसँग मिल्दैन। त्यसैले स्थानीय जातमा फरक-फरक किसिमका गुणहरू भएका बोटहरू एउटै जात अन्तरगत पाइन्छ। जसले गर्दा गोडमेलको कार्यदेखि बाली भित्र्याउने

समयसम्म केही न केही रुपमा भएपनि वाधा अड्चनहरू आउँछन् । साथै उत्पादन भएको वस्तु वा अनाज पनि कमसल खालको हुनसक्छ । त्यसैले कमसल खालका बोटहरू यस समूह छनौंट तरिकाबाट हटाउँदा र एकै किसिमको गुणहरू भएको बोटहरूको छनौंट गर्दा ती स्थानीय जातको एकनासेपनमा सुधार हुन्छ । हामी यी स्थानीय जातहरूलाई महत्वका साथ हेर्छौं । किनकी यी जातहरू लामो समयदेखि किसानहरूको प्रयोगमा छन् । फेरि यस्ता जातहरू स्थानीय वातावरणमा धेरै राम्रोसँग अभ्यास्त छन् । यी जातहरूलाई रोगहरू र कीराहरूले पनि त्यति आक्रमण गरेको पाइएको छैन । नराम्रो किसिमको समयमा वा प्रतिकूल मौसममा पनि यिनीहरूलाई त्यति असर पारेको देखिन्न । तसर्थ समूह छनौंट प्रजनन् तरिका अपनाउँदा यी स्थानीय जातहरूमा अत्याधिक सुधार आउने र त्यसको प्रभाव पनि राम्रो देखिन्छ ।

ख) प्रयोगमा आइरेहको शुद्ध लाइन जातहरूको शुद्धीकरण :

प्रयोगमा आईरहेका शुद्ध लाइन जातहरूको शुद्धीकरण गर्नु समूह छनौट प्रजनन् तरिकाको अर्को महत्वपूर्ण प्रयोग हो ।

समयको प्रवाह सँगसँगै शुद्ध जातमा पनि फरकपना आउन सक्छ । शुद्ध लाइन जातमा यान्त्रिक मिसावट प्राकृतिक हाइब्रिडाइजेशन र म्युटेशनको कारणबाट फरकपना आउँछ । त्यसैले नियमित समूह छनौंट प्रजनन् तरिका अपनाई शुद्ध लाइन जातको शुद्धता व्यवस्थित तवरले कायम गर्न सकिन्छ । ती जातहरू उन्नत खाले भएको हुनाले बढी उत्पादन दिन्छन् । तर एउटै जातका बोटहरू बीच फरक-फरक पनि आउन थाल्यो भने अन्न उत्पादनमा तीव्र ह्रास हुनसक्छ । यसले गर्दा किसानहरूलाई नोक्सानी हुन्छ । तसर्थ यी शुद्धलाइन जातमा राम्रोसँग किसान आफैले स्वयं अनुकूल हुने गरिशुद्धीकरण गर्न सक्छन् । समूह छनौंट प्रजनन् तरिकाबाट हुने फाइदाहरू :

क) यस तरिकाबाट मिश्रित वंशानुपन भएका बोटहरू पर्छन । तर ती सबैमा एकनासेपन पाइन्छ । त्यसैले छनौंट भएको जात फराकिलो क्षेत्रमा लगाउन सकिन्छ किनकि शुद्धलाइन जातमा एकै किसिमको वंशाणुपन भएको हुनाले उक्त जात सीमित क्षेत्रमा मात्र लगाइन्छ ।

ख) थोरै समय र लागतमा पनि नयाँ जात आउन सक्छ । धेरै नभएका किसानहरूले पनि यो तरिका अपनाउन सक्छन् । यो अन्य प्रजनन् तरिकाहरू भन्दा ज्यादै सजिलो र छिटो तरिका पनि हो ।

ग) यस छनौंट तरिकाबाट प्रजनन् गर्दा प्रचुर मात्रामा जे जति फरकपना संचित भएको पाइन्छ । त्यसैले पनि पटक-पटक समूह छनौट प्रजनन्. तरिका अपनाउन सकिन्छ ।

घ) स्थानीय जातहरू विशेष महत्वका हुन्छन् । जस्तैः- मिठो स्वाद भएको प्रतिकूल मौसममा पनि हुने, रोग र कीरा नलाग्ने वा सहन सक्ने शक्ति भएका फराकिलो दायरामा पनि लगाउन सकिने । तसर्थ किसान स्वयंले यी जात राम्रोसँग सुरक्षित तवरले राख्न सक्छन् । र मूल्यवान जातहरूलाई लोप हुनबाट जोगाउन सक्छन् ।

# भुइँऐसेलु खेती प्रविधि

**परिचय :**

भुइँऐसेलुलाई अङ्ग्रेजीमा Strawberry भनिन्छ भने वानस्पतिक नाम Fragaria ananasa हो । यो rosacea परिवारमा पर्छ । नेपालमा यसको खेती केही वर्ष अगाडि



देखि गर्दै आएको छ । यो खेतीलाई पकेटको रुपमा विकास गर्न सकेको खण्डमा बढी उत्पादन भै छिमेकी मित्र राष्ट्रहरुमा जाम बनाई निर्यात गर्न सकेमा केही व्यक्तिहरुलाई रोजगार पाई खेती गर्ने कृषकहरुले बढी प्रोत्साहन पाई काम गर्ने हौसला बढ्ने र जग्गाहरु हराभर भई वातावरण राम्रो देखिन्छ । यसको खेतीका लागि पहाडी इलाका उपयुक्त हुन्छ । काठमाडौं उपत्यकामा पनि यसको खेती गर्न सकिन्छ । यो फल स्वादिष्ट हुन्छ । फल गोला र अण्डा आकारको पाकेको रातो रङको हुन्छ । स्ट्रवेरी भिटामिनयुक्त, दाना तथा बोक्रा समेत नहुने फल हो । यसको खेती प्लाष्टिक टनेल (सेड) हाउस बनाई गर्न सकिन्छ । यो फलमा केही चिल्लो पदार्थ, प्रोटिन, प्रशस्त भिटामिन र खनिज पदार्थ पाइन्छ ।

**माटो :**

यसको खेतीगर्न दोमट बलौटे, ढुङ्गा नभएको माटो भएमा राम्रो हुन्छ । भिरोलो जग्गा पानी नजमेको हुनु पर्छ । माटोको अम्लीयपन पिएच ४-७ सम्म उपयुक्त हुन्छ ।

**पानीको निकास :**

जुनसुकै खेती गर्दा पनि पानीको निकास गर्न अति जरुरी हुन्छ । जसले गर्दा उत्पादन ह्रास नआओस् भन्नका लागि जग्गाको चारै तर्फ २५-३० सेमी गहिराई, चौडाई बनाई कुलेसो बनाउनु पर्छ । जसले गर्दा पानीको नोक्सानी हुनबाट बचावट हुने, परेको पानी बगेर जान सजिलो हुन्छ र पानी जमेर जरा कुहिएर जाने समेत नियन्त्रण हुन्छ ।

**जग्गाको तयारी :**

एँसेलु खेती गर्नको लागि जग्गालाई २/३ पटक खनजोत गरी पाकेको कम्पोष्ट मल प्रति रोपनी ४०-५० डोको र डिएपी मल ५ केजी सबै माटोमा छरी जग्गा तयार गरिराख्ने व्यवस्था गर्नु पर्छ जसले गर्दा माटो-मल राम्रो सित पाकेको हुन्छ । पुनः एकपटक माटोलाई चलाई ड्याङ बनाउनु उपयुक्त हुन्छ । ड्याङको पुनः एक पटक माटोलाई चलाई ड्याङ बनाउनु उपयुक्त हन्छ । ड्याङ्को उचाई २०-२२ सेमी, चौडाई ६० सेमी र लम्वाई जग्गा अनुसार बनाउनु पर्छ ।

स्ट्रवेरी रोप्न तयार भएको ड्याङमा छड्के तरिका वा सोझो तरिकाबाट १ बोटबाट अर्को बोट ३० सेमी, एक रोबाट अर्को रो ३० सेमी फरक गरी १ ड्याङमा २ लाइन डोरी तन्काई लाइन मिलाई बोट रोप्नु पर्छ यसरी रोपेको स्ट्रवेरीमा नसरेसम्म दिनको २ पटक झारीबाट पानी दिनु पर्छ । बोट सरे पछि चिस्यान हेरी सिँचाई गर्नु पर्छ । स्ट्रवेरीका जात धेरै छन् जस्तै १. Robinson २. Gen ३. जापानी nyahno जात नेपालमा राम्रो भएको छ ।

# वायूमण्डलीय प्रभावका कारण प्राणी जगत संकटमा

*विश्व ब्रह्माण्ड उष्णताकै कारण अन्टार्कटिकाको वरफीय तह प्रत्येक वर्ष ३६ क्युविक माइल्सका दरले घट्दै छ । यसैगरी ग्रीनल्याण्डको हिमनदीहरू पहिले अनुमान भन्दा बढी दुईगुणा तीव्र रुपले पग्लिएर समुद्रमा मिसिदै छ यो शताब्दीको अन्त्यमा तीव्र तापक्रमका कारण अफ्रिकी महादेशका एक चौथाई तालहरू सुक्न सक्ने छ । अन्टार्कटिकामा विश्वकै ९० प्रतिशत वरफको भण्डारण रहेको छ । जुन यस्तो सानो अंश पग्लियो भने पनि विश्व भरिका समुद्रको सतह २० फीट बढ्न सक्छ ।*

**पवनराज दुवाल** (श्रेष्ठ)

विश्व मानव प्रतिस्पर्धात्मक अहंकारले सीमित निजी स्वार्थले राष्ट्रहरूमा शक्ति र पैसा वृद्धि गरेर विलासिता गरी विश्व ब्रह्माण्डलाई खेल मैदान ठानी विभिन्न रासायनिक पदार्थ उत्पादन एवम् आणविक परिक्षण र भण्डारण गरि विष्फोटन गर्ने र रासायनिक पदार्थ उत्पादन एवं आणविक परिक्षण र भण्डारण गरि विष्फोटन गर्ने र युद्ध गर्ने रासायनिक पदार्थ उत्सर्जन र दंगा प्रदर्शन क्रियाकलाप गर्ने । ब्रह्माण्डलाई उथलपुथल पार्ने कार्यले वायु मण्डल खतरामा पार्ने गर्दछ । जलवायू परिवर्तन र विश्व विश्व ब्रह्माण्ड उष्णता मानव सभ्यताकै लागि वृहत ठूलो खतरा र समस्या भईरहेको छ । यसका कतिपय कारण मानव सृजित वातावरण संरक्षण बारे ध्यान नदिई विकास निर्माणको नाममा प्रचुर रुपमा स्रोत र साधनको अत्यधिक प्रयोगले संकट विनाशको ढोका खोलेको हो । जलवायू परिवर्तनको दुष्प्रभाव विश्वका सबै देशमा देखा परेको छ । जलवायु परिवतन र (Climated Change)को खास उदाहरण हो । विश्व ब्रह्माण्ड उष्णता र (Global Warming) जलवायु परिवर्तन सम्बन्धी राष्ट्र संघीय फ्रेमवर्क अनुवन्ध (UNFCCC) ले जलवायु परिवर्तन शब्दलाई मानवको कारण भएको परिवर्तन भन्ने अर्थमा प्रयोग गरेको छ । जुन अन्य कारणले भएको परिवर्तनलाई जलवायु वहुप्रकार (Climate Variability) भन्ने शब्द प्रयोग गरेको छ । विश्वव्यापी उष्णता भनेको पृथ्वीको नजिकको हावाको ( सतहको नजिकको हावाको तापक्रम गत एकसय वर्षमा (सन् २००५ सम्ममा) ०.७४ देखि ०.१८ डिग्री सेल्सियस (१.३३-०३२ डिग्री फरेन हाइट सम्मले बढेको छ । जुन पुरानो अनुमान भन्दा बढी छ । विगत एकसय वर्षमा धर्तीको सतहमा हाल सबैभन्दा बढी तापक्रम वृद्धि भएको देखिएको छ । जलवायु परिवर्तन सम्वन्धि अन्तर सरकारी प्यानेल (IPCC) को प्रतिवेदन अनुसार विसौ शताब्दीको मध्यदेखि विश्व ब्रह्माण्डमा सरदर तापक्रम वृद्धि यस्तो वृद्धिमा प्रमुख कारण हरित गृह ग्याँसको (Green House Gas) वृद्धिले गर्दा भएको हो । तापक्रममा यस्तो वृद्धिले समुन्दी सतह बढ्ने, कृषि क्षेत्रमा प्रतिकुल प्रभाव पार्ने, हिमनदी पग्लने कतिपय जीव लोप हुने र रोगको संख्यामा वृद्धि हुने जस्ता प्रतिकुल प्रभाव पार्ने तथ्य दर्शाएको छ । वैज्ञानिक कथन अनुसार पृथ्वीको उत्पत्ति भएको झण्डै ४ अर्ब पच्पन्न करोड देखि चार अर्ब सत्तरी करोड वर्ष वितेको छ । पृथ्वी अस्तित्वमा आए पछि यस भित्रको वातावरणीय परिवर्तन अनुरुप हालको अवस्थासम्म आइपुगेको हो । विश्व कालखण्डमा कुनै क्रममा घटनावश पृथ्वीमा वज्र र वायुको समायोजन हुन गई यस्तो वातावरण उत्पन्न भएको जुन जीवका लागि अनुकुल रह्यो । त्यही वातावरणीय चक्र प्राणीहरूको उत्पत्ति अस्तित्व र जीव रक्षाको लागि आवश्यक प्रमुख स्रोत भै रह्यो । केही दशक अगाडि देखि पृथ्वीको जलवायुमा अचानक परिवर्तन आउन थालेको र यसले समग्र प्राणी जगत मानव सभ्यता माथि नै खतरा उत्पन्न भएकोले ठूलो हलचल उत्पत्ति भएको छ । केही दशक अगाडि देखि पृथ्वीको जलवायुमा अचानक परिवर्तन आउन थालेको र यसले समग्र प्राणी जागृत मानव सभ्यता माथि नै खतरा उत्पन्न भएकोले ठूलो हलचल उत्पत्ति भएको छ । विश्व औद्योगिकरणको युग प्रारम्भ भएपछि मानव गतिविधिको कारण जलवायू परिवर्तनमा ठूलो असर परेको तथ्य वैज्ञानिक तथ्याङ्कले प्रष्ट पारेको छ । हरित गृह ग्याँसहरू (Green House Gas) को बढ्दो उत्सर्जनका कारण पृथ्वीको सतहको



तापक्रममा वृद्धि हुन गई जलवायुमा प्रतिकुल प्रभाव पर्ने गर्दछ । अन्टार्कटिका सागरमा थुप्रिएर रहेको हिउँ जुन संयुक्त राज्य अमेरिकाको आकार बराबर थियो । सन् २०४० मा पूर्ण रुपमा पग्लिने भविष्यवाणी पहिले वैज्ञानिकहरूले गरेका थिए । जुन वार्षिक ६ प्रतिशतका दरले पग्लिरहेको छ । वैज्ञानिक मत अनुसार सो हिउँ सन् २०१५ सम्म अत्यधिक पग्लन सक्ने विश्लेषण गरिसकेको छ । विश्व ब्रह्माण्ड उष्णताकै कारण अन्टार्कटिकाको वरफीय तह प्रत्येक वर्ष ३६ क्युविक माइल्सका दरले घट्दै छ । यसैगरी ग्रीनल्याण्डको हिमनदीहरू पहिले अनुमान भन्दा बढी दुईगुणा तीव्र रुपले पग्लिएर समुद्रमा मिसिदै छ यो शताब्दीको अन्त्यमा तीव्र तापक्रमका कारण अफ्रिकी महादेशका एक चौथाई तालहरू सुक्न सक्ने छ । अन्टार्कटिकामा विश्वकै ९० प्रतिशत वरफको भण्डारण रहेको छ । जुन यस्तो सानो अंश पग्लियो भने पनि विश्व भरिका समुद्रको सतह २० फीट बढ्न सक्छ । विकसित देशहरूले विशेषगरी औद्योगिकरण र भौतिक विकासले वातवरणीय संकट प्रकट गरेको छ भने नेपाल जस्तो विकासोन्मुख राष्ट्रले गरीवी, अज्ञानता, जनसंख्या वृद्धि र आर्थिक पछौटेपन नै वातावरणीय विनाशको प्रमुख कारक तत्वको रुपमा लिदँदै आएको छ । यसरी विश्वमा वातावरणीय विनाश सँगै मरुभुमिकरणको समस्या पनि प्रमुख रोगको रुपमा देखा परिरहेका छन् । सबभन्दा बढी मरभूमिकरणको समस्या अहिले अफ्रिकी राष्ट्रहरूमा देखिएको छ । र ल्याटिन अमेरिकामा ३१ प्रतिशत भू-भाग

मरुभूमिको अवस्था उब्जेका छन् भनि वातावरणविद्हरूको तर्क छ। मरुभुमिको कारण वर्तमान विश्वको कुल जनसंख्याको ४४ प्रतिशत (दुई अर्ब ७० करोड) मानव प्रभावित रहेका छन्। तसर्थ एक करोड ३५ लाख जनसमुदाय विस्थापित हुने अवस्था सृजना भएको करीव अनुमान गरिएको छ।

कृषि क्षेत्रमा प्रभावहरू :

यदि यो समस्याबाट नेपाल पनि मुक्त रहने नेपालको डोल्पा, मनाङ र मुस्ताङ जस्तो दुर्गम जिल्लाहरूमा हाल करिब १० हजार वर्ग किलोमिटर जमीन चिसो मरुभुमिमा परिणत भएका छन्। प्रमुख रुपमा तीव्र गतिमा वृद्धि भैरहेको वनजंगलको क्षय साथै अति प्रचुर मात्रामा मानव उपभोग क्रियाकलापका कारण तराई देखि हिमाली क्षेत्रका कैयौं भु-भागमा मरुभुमिकरणको समस्याबाट ग्रसित भै रहेका छन्। विश्व २१ शताब्दीमा पनि गरिब राष्ट्रले करिव ८० प्रतिशत उर्जा वनजंगलबाट निकालिएका छन्। वातावरणविद्का अनुसार कुनै पनि राष्ट्रको कूल क्षेत्रफल मध्य ४३ प्रतिशत वातावरण सन्तुलनका लागि कुल क्षेत्रफलमा मध्ये ४३ प्रतिशत वनजंगलले ढाकेको हुनु जरुरी छ। तर नेपालमा करिब ३० प्रतिशत मात्र वनजंगल बाँकी रहेको साथै त्यसमा पनि क्रमिक रुपमा घट्ने क्रम रोकिन सकेको छैन। जसले वातावरणीय विनाश तीव्र गतिमा भैरहेका छन्। तसर्थ रोकथाम नियन्त्रणका लागि देशका विभिन्न स्थानमा वृक्षरोपण अभियान ल्याई रोपिएको बाट बिरुवाको संरक्षण र सम्वर्द्धन गर्ने हरियाली अवस्था ल्याई जनचेतना शिक्षामूलक कार्यक्रमहरू तीव्र रुपमा सञ्चालन गर्ने अत्यन्त आवश्यक छ। तीव्र वन विनाश जनसंख्या वृद्धि, वस्ती र चरीचरणका लागि प्रत्येक कालखण्डमा वनजंगलको फँडानी र नेपालको पहाडी क्षेत्रको दुई करोड ४० लाख घनमटिर माटो बगेर जाने गर्दछ। साथै प्रतिवर्ष एक दशमलब ७० मिलिमिटर उर्वरा भूमि माटोको सतह घट्ने गरेको छ प्राणी आचरण क्रियाकलापबाट प्रत्येक वर्ष करिब ३५ मेट्रिक टन प्रति हेक्टर अवैज्ञानिक अनैतिक र अशिक्षित विधिबाट गरिने कृषि प्रणालीको कारण प्रतिवर्ग प्रति हेक्टर २५ मेट्रिक माटो बगेर गईरहेका छन्। एक अध्ययन अनुसार चुरे तथा मध्य पहाडी भागको १९ हजार १३४ वर्ग किलोमिटर भैसकेका छन्। यसैगरि वन जंगलको विनाश भैरहे आगामी एक दशकभित्र नेपालको पहाड र तराई क्षेत्रको उर्वरा भुमि नष्ट हुन गई राष्ट्रले खडेरी र भूक्षय जस्ता प्राकृतिक विपत्तिहरूको सामना गर्नु पर्ने वातावरणविद्हरूले स्पष्ट पारेको छन्। रुख बिरुवाले वायु मण्डलमा रहेको कार्वन डाइअक्साइडलाई सोस्ने साथै संचित गरेर राख्ने भएकाले जलवायु परिवर्तनलाई कम गर्नमा ठूलो योगदान दिइरहेको हुन्छन्। जलवायू परिवर्तनको कारण वातावरणमा आएको

*विशेषज्ञका अनुसार स्वच्छ मानिसले सास फेर्ने हावामा कम्तीमा पनि २० दशमलब ७ प्रतिशत अक्सिजनको मात्रा हुन आवश्यक छ। धुवा धुलो प्रदुर्षणले ग्रसित शहरहरूमा काठमाडौं, विराटनगर, विरगञ्ज, राजविराज र नेपालगञ्ज जस्तो औद्योगिक क्षेत्रहरूको वायुमण्डलीय अक्सिजनको मात्रा क्रमिक रुपमा ह्रास आईरहेको शहरको रुपमा चिन्दछ र वातावरणीय ध्वनी प्रभाव यसरी नै ध्वनी प्रदुर्षण पनि दिनानुदिन बढ्दै गईरहेको छन्।*

परिवर्तन अनुसार आफूलाई विकास गर्न नसक्दा धेरै अरु बिरुवा तथा जीवजन्तु लोप हुने सम्भावना हुन्छ। तीव्र वन डडेलो, नयाँ प्रजातिका परचक्री जीवहरू र रोगको प्रकोपले थप वन विनाश भए पछि यसको प्रत्यक्ष असर वन्यजन्तु साथै अन्य जैविक विविधतामा पर्दछ तसर्थ उनीहरूको अस्तित्व विनाश भै लोप हुँदै जाने गर्दछ।

अर्को पानीमा भरपर्ने हाम्रै कृषि प्रणालीमा वर्षाको मात्रामा आउने उतारचढावले उत्पादन घट्न जाने छ। जलवायु र वर्षाको प्राकृतिक चक्रमा परिवर्तन हुँदा परम्परागत बाली चक्रको सन्तुलनमा वाधा पर्न जान्छ र जसले भू-क्षय बाढी पहिरोका कारण माटोको उर्वरा शक्ति घट्नगई कृषि उत्पादनमा आउँछ। साथै नयाँ खालका किटाणु तथा रोगव्याधि परचक्री जीव उत्पन्न भएर बालीनालीलाई विनाश गर्दछ। बढी तातोपनले विशेष गरेर मानव स्वास्थ्यमा झाडा पखाला र लामुखुट्टे जातिबाट सर्ने मलेरिया कालाज्वर जापानिज इन्सेफ्लाइटिस जस्ता रोगमा वृद्धि भई मृत्युदर बढ्दै जान्छ। नेपालका तराई भेगमा यो समस्याबाट बढी पीडित हुन सक्ने छन्। साथै बाढी पहिरोका घटनाको समयमा शुद्ध पिउने पानीका अभावले धेरै जनसमूदाय पानीजन्य रागेहरूबाट पीडित ग्रसित दुखी बनी अति तड्पित अवस्थाबाट मृत्युको मुखमा पुग्न वाध्य हुन्छन्। वातावरणीय विनाशमा औद्योगिक कलकारखानाबाट निस्केको कार्वनडाइअक्साइड ग्याँस र शहरका विभिन्न सडक गल्लीमा गुड्ने गाडी र पूराना थोत्रा गाडीहरूले ओकल्ने प्रदुषित धुवाका कारण वायू मण्डलमा हुने स्वच्छ अक्सिजनको मात्रामा समेत कमी हुने गर्दछ। विशेषज्ञका अनुसार स्वच्छ मानिसले सास फेर्ने हावामा कम्तीमा पनि २० दशमलब ७ प्रतिशत अक्सिजनको मात्रा हुन आवश्यक छ। धुवा धुलो प्रदुर्षणले ग्रसित शहरहरूमा काठमाडौं, विराटनगर, विरगञ्ज, राजविराज र नेपालगञ्ज जस्तो औद्योगिक क्षेत्रहरूको वायुमण्डलीय अक्सिजनको मात्रा क्रमिक रुपमा ह्रास आईरहेको शहरको रुपमा चिन्दछ र वातावरणीय ध्वनी प्रभाव यसरी नै ध्वनी प्रदुर्षण पनि दिनानुदिन बढ्दै गईरहेको छन्। प्राणी जगतको कानले श्रवण गर्ने सक्ने क्षमता भन्दा बढीको ध्वनीलाई ध्वनी प्रदुर्षण भन्दछ। यसलाई डेसीवलले नाप्ने गरिन्छ। सामान्य कुराकानी गर्दा निस्केको ध्वनीको वेग ६० डेसिवल छ भने ८० डेसिवल भन्दा चर्को ध्वनी स्वास्थ्यको लागि खरावी मानिन्छ तसर्थ विशेषाज्ञको कथन अनुसार नेपालमा शहरी क्षेत्रहरूमा ध्वनीको वेग औसत ११० डेसिवल सम्म पुग्ने गरेको पाइन्छ जुन प्राणी जगतको मानसिक र शारिरिक स्वास्थ्यमा प्रतिकुल असर गरिरहेको हुन्छ। औद्योगिक कलकारखानामा जडित मेशिनबाट निस्कने कर्कश ध्वनी मोटर गाडीबाट बज्ने ध्वनी र हर्न ध्वनी मानव हो-हल्ला र भीरबाट निस्कने कोलाहपूर्ण आवाजले काठमाडौं, धरान, विरानगर, हेटौडा र बुटवल जस्तो औद्योगिक क्षेत्रहरूमा ध्वनी प्रदुर्षणको मात्रा अति बढ्दो छ।

वातावरणीय प्रभावहरू :

सूर्यको किरण पृथ्वीमा पर्ने गर्दछ। सो किरणका कारण पृथ्वीमा उत्पन्न भएको ताप, धुवा, धुलो, ग्याँस आदिको कारणले आकाशमा जान नसकी पुनः पृथ्वीमा फर्की पृथ्वी, तातो हुनुनै हरित गृह ग्याँसको असर हो। पृथ्वीलाई ६ प्रकारको भिन्न ग्याँसहरूले तर्साई रहेका हुन्छन्। ती ग्याँसहरू कार्वन डाइअक्साइड ($Co_2$) मिथेन ($CH_4$) नाइट्रसअक्साइड ($N_20$), हाइड्रो फ्लोरो कार्वन (HFCs) परफ्लोरा कार्वन (PFCs) सल्फर हेक्जाफ्लोराइड ($HF_6$) हुन तीन मध्ये कार्वन डाइअक्साइड, मिथेन, नाइट्रस अक्ससाइड पानीको वाफ लगायत अन्य केही ग्याँसहरूलाई

हरित गृह ग्याँस भन्दछन् । यी हरित गृह ग्याँसहरूले वायु मण्डलमा एक प्रकारको तह नै बनाई पृथ्वीको सतहमा ढाकिएर परावर्तित हुनगई फर्केका सूर्यको किरणहरूको केही मात्रा पुनः पृथ्वी मै फर्काई दिन्छ । सो प्रक्रियालाई हरित गृह प्रभाव भनिन्छ । प्राकृतिक रुपमा रहिरहेको हरित गृह प्रभावकै क्रियाकलापले गर्दा पृथ्वीमा प्राणी जीवन सम्भव भैरहेको छ । वायु मण्डल क्षेत्रमा हरित गृह ग्याँसहरूको प्रभावले विभिन्न उथलपुथल भई वातावरण परिवर्तनको अवस्था सिर्जना भएको हुन्छ । हरित गृह ग्याँसहरू विभिन्न प्राकृतिका र मानव सृजित दुबै स्रोतबाट उत्सर्जित भई वायु मण्डलमा प्रभाव पार्दछ प्राकृतिक वन डढेलो ज्वालामुखी विष्फोटन, रुख तथा पात पतिंगर कुहिने आदि प्राकृतिक सोतहरू हुन भने मानव सृजित स्रोतहरूमा, घर भवन, यातायात साधन, उद्योग तथा कलकारखानामा खनिज इन्धनको व्यापक प्रयोग हुनु वन विनाश तथा जमीनको उपयोगमा आउने परिवर्तन पशुपालन, फोहोर मैलाको उचित व्यवस्थापन नहुनु आदि पर्दछन् । ओद्योगिक क्रान्ति, वायू मण्डलमा हरित गृह ग्याँसको मात्रा वृद्धि हुनु मानवीय कारण हुन् र हरित गृह प्रभाव बढ्न गई पृथ्वीको औसत तापक्रम क्रमिक रुपमा वृद्धि भैरहेका छन् । यस प्रक्रियालाई विश्व उष्णीयकरण भएको भन्दछन् । विश्व उष्णीकरणले कुनै पनि स्थानमा लामो समयसम्म औसत वर्षा र तापक्रम (जलवयू)मा आएको परिवर्तनलाई जलवायू परिवर्तन हो । यस्तो परिवर्तन दशकौ वा सयवर्ष भन्दा बढीको अवधिमा भएको हुनु पर्दछ । वैज्ञानिक मत अनुसार मानवीय क्रियाकलापका कारण हरित गृह ग्याँस उत्सर्जनमा वृद्धि हुँदा जलवायू परिवर्तन भैरहेको हुन्छ । हरित गृह प्रभावको प्रमुख तत्व कार्वनडाइअक्साइड (Co2) ले भविष्यमा खतराको स्थिति सृजना गर्नेछ । यसको परिणाम स्वरुप जैविक विविधतामा ह्रास, हिमताल विष्फोटन, हिमरेखा माथि सर्नु, ज्वालामुखी विष्फोटन र नयाँ रोग उत्पन्न हुनु आदि समस्याहरू आइरहेका छन् । वायु मण्डलीय तापक्रम 1.5 देखि 2.5 डिग्री सेलिसयस वृद्धि हुँदा ५० प्रतिशत जति जैविक विविधतामा ह्रास खतरा पर्ने छन् र सन् २०३० सम्म २५ प्रतिशत जति वनस्पति एवम् पशुपक्षी लोप हुने अवस्थामा पुग्ने वैज्ञानिक तर्क छन् । कृषिक्रम गर्दा प्रयोग हुने डिजेलबाट निस्कने धुँवा, विजुली तथा अन्य उर्जाको प्रयोग, रसायनिक मल रसायनिक पदार्थ विषादीको प्रयोगबाट निस्कने खतरनाक ग्याँस, कृषि क्षेत्रबाट प्राङ्गारिक पदार्थ कुहिँदा निस्कने ग्याँसहरू माटो व्यवस्थापन गर्दा र नाइट्रोजन युक्त रसायनिक मलको प्रयोगले नाइट्रस अक्साइड निस्कन्छ । धान खेतबाट र चौपायको खाना पचाउँदा हुने पाचन प्रक्रिय तथा मलद्वारबाट मिथेन ग्याँस निस्कन्छ । कृषि कर्ममा प्रयोग गर्ने इन्धन बाल्दा, विभिन्न मेशिन चलाउँदा बढी खनजोत गर्दा साथै प्राङ्गारिक पदार्थ कुहिँदा, कार्वन डाइअक्साइड निस्कन्छ । यी कारणहरूले गर्दा वायु मण्डलीय तापक्रमका कारणले नेपाल लगायत अन्य विकासोन्मूख राष्ट्रहरूलाई तुलनात्मक रुपमा बढी असरहरू भईरहेको छ । नेपालको हरित गृह ग्याँस उत्सर्जन दर अरु देशहरूको तुलनामा की (0 .025) प्रतिशत भएता पनि यसको नराम्रो प्रभावबाट गुज्रिरहेको अति संवेदनशील र भविष्यमा अति प्रभावित हुने लक्षण हुन अगाडि आइरहेका छन् । वातावरणविद्को अध्ययन अनुसार नेपालको औसत तापक्रम प्रति वर्ष ०.००६ डिग्री सेल्सियसका दरले वृद्धि भइरहेका छन् । औद्योगिक गतिविधि र अन्य मानव गतिविधिहरू जस्ता वन विनाशले वायु मण्डलमा कार्वन डाइअक्साइडको घनत्वमा वृद्धि गरेको छ । ओद्योगिक गतिविधि इन्धनहरू मध्येबाट कार्वन डाइअक्साइडको उत्सर्जनको मात्रा हेर्ने हो भने ठोस इन्धनबाट २० प्रतिशत जुन कि कोइलाबाट ३५ प्रतिशत तरल इन्धन जुन कि ग्यासोलिन (पेट्रोल)बाट ३६ प्रतिशत पाकृतिक ग्याँस इन्धनबाट २० प्रतिशत र सिमेन्ट उत्पादनबाट ३ प्रतिशत रहेको छ । वायुमण्डलमा हरित गृह ग्याँस प्रायः ३६ देखि ७० प्रतिशतको मात्रामा रहेको छ । यसैगरि कार्वन डाइअक्साइड ९ देखि २६ प्रतिशत, मिथेन ४ देखि ९ प्रतिशत र ओजोन ३ देखि ७ प्रतिशत रहेको छ । हरित गृह ग्याँसहरू मुख्यतया प्राकृतिक स्रोतबाटै प्राप्त हुन्छन् । तर मानव गतिविधिका कारण यसको वृद्धि भै रहेका छन् । यी हरित गृह ग्याँसहरूले पृथ्वीको वायु मण्डलको माथिल्लो सतहमा रहेको महत्वपूर्ण उपयोगी ओजन तह नष्ट गरिरहेका हुन्छन् । हरित गृह प्रभावले वायु मण्डलबाट उत्सर्जन भएको (Infrared Radiation)ले पृथ्वीको सतहलाई न्यानो पार्दछ । पृथ्वीले सूर्यबाट Radiation को रुपमा उर्जा हासिल गर्दछ । जसमध्ये ३० प्रतिशत सौर्य विकिरणलाई पृथ्वीले माथि फ्याँक्छ भने ७० प्रतिशत जुन उर्जा सोस्ने गर्दछ । जसले जमीन वायुमण्डल समुद्रलाई न्यानोपारी राख्दछ । फलस्वरुप पृथ्वी बढी तातिन र चिसिन पाउँदैन । हरित प्रभाव नहुने हो भने धर्ती वासस्थानको लागि उपयुक्त हुँदैनन् । तसर्थ सजिव प्राणीको लागि वास असम्भव हुन्छ यद्यपि हरित गृह प्रभाव नहुने हो भने धर्तीको औसत तापक्रम माइनस् १९ डिग्री सेल्सियस हुने गर्दछ । जबकी अहिलेको औसत तापक्रम १५ डिग्री सेल्सियस छ । यस अर्थमा हरित गृह ग्याँसहरू महत्वपूर्ण छन् । जसको प्रकृया मार्फत धर्तीमा प्राणीका लागि उपयुक्त भएको छ । मानव आचरण कै कारण हरित गृह ग्याँसको बढ्दो उत्सर्जनले प्राणीका लागि उपयुक्त भएका प्राणीहरूको लागि अनुकुल बासस्थान पुष्टि हुँदै आएको धर्तीको सन्तुलन विग्रन थालेको छ । साथै विगतमा पृथ्वी थुपै पटक तातिने र चिसिने क्रममा रहि आएको छ ।

सजिव प्राणी र पृथ्वी संरक्षणका महत्वहरू : तीव्र औद्योगिक प्रतिस्थापन गरिरहेको चीन र भारत जस्ता जनसंख्या र क्षेत्रफलको दृष्टिले समेत भीमकाय ठहरिएको राष्ट्रहरूको बीचमा रहेको नेपालले हरित गृह ग्याँस उत्सर्जनको सुचिमा अग्रपंत्तीमा रहेको चीन भारत जस्तो राष्ट्रलाई समेत दवाब दिन क्षेत्र तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा निरन्तर दवाव र पहल जारी राख्नु अति महत्वपूर्ण हुन्छ । विश्व पृथ्वी बचाउन (Save the Earth) सन् १९९० देखि विश्वका प्रत्येक राष्ट्रहरूले पृथ्वी दिवस मनाउन थाल्यो र नेपालमा सन् १९९२ देखि पृथ्वी सम्मेलन र त्यस पछिका प्रत्येक राष्ट्रका सबै जसो बैठकहरूमा आफ्नो उपस्थिति जनाउँदै आएको छ । औद्योगिक गतिविधिबाट निस्कने हानीकारक रसायनिक तत्व अव्यवस्थित भवन निर्माण फोहोरमैलाको डँगुर, सडेगलेको पदार्थ यततत्र फोहोरमैला मिल्काउने थलोको रुपमा नेपालका कैयौ नदीनालाहरू प्रयोग हुने गरेका छन् । गाईवस्तु, मृत जनवार फ्याक्ने तथा खोलाको बगरहरू फोहोर थुपार्ने र सौचालय खुला रुपमा गर्ने प्रदुर्षित खोलाको पानी बालीनालीमा प्रतिकुल असर पार्ने संक्रमित रोगको प्रकोप बढाउने र पानीको सफा मुहानलाई समेत प्रदुर्षित तुल्याउने काठमाडौंको बागमती, विष्णुमती र टुकुचा खोला प्रदुर्षित भई प्रदुर्षण गतिविधिले नेपालमा वातावरणीय समस्याको प्रमुख समस्या भ्ल्लेदै आएकोछ । जसको समयमै व्यवस्थापन गर्न सम्बन्धित निकायले जिम्मेवारी वहन गर्न जरुरी छ । तीव्र वन विनाश भईरहेको देशहरू इन्डोनेशिया, पहिलो नम्बरमा पर्दछ । जुन तस्करहरूले काठ मलेसिया र चीन पुर्याई त्यहाँबाट बनेको फर्निचर अमेरिका यूरोपसम्म

पुग्ने गर्दछ । नेपालमा पनि तल्लो हिमाली क्षेत्र जहाँ एउटा वृक्ष र हुर्किएर पूर्णता पाउन १०० वर्ष भन्दा बढी लाग्छ । जुन वृक्ष कटान गरि तिब्बत लगेर बेच्ने क्रम जारी छ । साथै दुर्लभ रक्तचन्दन वनस्पतिको ओसार प्रसार तथा बेचविखन तस्करहरूले निर्वाध रुपमा भारत तथा चीनसम्म व्यापार व्यवसाय गरिरहेको हुन्छ यद्यपि अन्तर्राष्ट्रिय महासन्धि साइटिसको अनुसुचि २ मा दुर्लभ वन्यजन्तु तथा वनस्पति (रक्तचन्दन) बेच विखनमा प्रतिवन्ध लगाइएको छ । पृथ्वीको बढ्दो तापक्रमले जुलवायु परिवर्तन सम्बन्धी समस्याहरू उत्पादन भई शताब्दीको अन्त्यसम्म अन्टार्किटिका ओसन अन्टार्किटिका र ग्रीन एरिया क्षेत्रको हिमखण्ड पग्लिएर समुद्री सतह ५ देखि ७ मिटरसम्म बढ्ने सम्भावना विशेषाज्ञको राय छ । यद्यपि हरित गृह प्रभावलाई बेलैमा नियन्त्रण गर्न नसकेमा माल्दिभ्स, र वंगलादेश जस्ता होचा स्थानमा रहेका राष्ट्रहरू समुद्रको गर्भमा समाहित हुने प्रवल सम्भावना छ । वातावरणीय सन्तुलनले जलवायु परिवर्तनको समस्या सृजना भएकाले नेपाल र अन्य राष्ट्रहरूमा कृषि उत्पादनमा ह्रास आइरहेको छ । अहिले विश्वमा खाद्य संकटको स्थिति उत्पन्न हुन थालेको छ । वातावरण संरक्षण एवम् सम्वर्द्धनका लागि नेपाल लगायत समस्त विश्व वैज्ञानिक अध्ययन अनुसार समुद्रको चिसो नुनिलो पानी क्रमशः महासागरको गहिराईमा अघि बढ्दै जाने क्रम र द ग्रेट ओसन कन्भेयर हुन्छ । उक्त एटलान्टिक महासागरमा यो क्रमले विशाल रिक्त ठाउँ सिर्जना गर्छ । साथै महासागर माथिको वायुमण्डलमा गल्फधारले आफ्नो ताप छोड्दछ र विद्यमान वायुले उक्त तापलाई समेत्दै बढ्दा समग्र यूरोपलाई न्यानो राख्न मद्दत गर्दछ । द ग्रेट महासागरीय कन्भेयरले संसारको सागरहरूमा ताप ओसार्ने कार्य गर्दछ । अन्टार्कटिका सागरमा रहेको हिउँ अत्यधिक रुपमा पग्लिएर ताजा पानी समुद्रमा मिसिए पछि महासागर कन्भेयरको यो प्रणालीमा कमजोर हुने गर्दछ । त्यसकारण ताजा पानी र वरफ पग्लिएको नुनिलो पानी भन्दा कम घना हुन्छ । समुद्रकै माथिल्लो भागमै विस्तारित भएर फैलन्छ । जुन सतहमा ताजा पानीको वर्चस्का कारण ओसन कन्भेयर चक्रले सतहको चिसो नुनिलो पानीलाई डुवाएर माथि बढ्न नसके पछि गल्फको न्यानो नुनिलो पानी खिच्ने क्रममा असर हुन्छ । र यूरोपको खण्ड चिसिन सक्छ र प्रचुर मात्रामा त्यसै क्रम अनुरुप तीव्र गतिमा सञ्चालन भई अघि बढ्यो भने युरोप र अमेरिकाको कतिपय भू-भागहरू आधा शताब्दीको समय अवधिमा मै हिमक्षेत्रमा परिणत हुने तथ्य पुष्टि गरिएका छन् । फलस्वरुप विश्व ब्रह्माण्ड उष्णताकै कारणले पृथ्वीको उत्तरी गोलार्ध तीव्र गतिमा नै रिओ दि जिनेओिा शहरमा पृथ्वी शिखर सम्मलेन जलवायु परिवर्तन सम्बन्धी राष्ट्र संघीय फ्रेमवर्क अनुवन्ध (UNFOCC) को स्थापना भयो सो सन्धिले हरित गृह ग्याँसको उत्सर्जनलाई घटाउँदै विश्व ब्रह्माण्डमा उष्णता विरुद्ध लड्ने लक्ष्य लिएको छ ।

हरित गृह ग्याँसको उत्सर्जनमा पहिलो नम्बरमा अमेरिका, दोश्रोमा चीन, तेस्रोमा इण्डोनेशिया, चौथौंमा ब्राजिल र पाँचौंमा भारत पर्दछ र शक्तिशाली राष्ट्रको रुपमा अमेरिका पहिलो नम्बर छ । विश्वव्यापीमा हरित गृह ग्याँसको उत्सर्जनमा अमेरिका पहिलो राष्ट्र भएपनि यसलाई कमी गर्न सकिराखेको छैन । यद्यपि चीनले पनि विभिन्न निर्माण कार्य औद्योगिक क्षेत्र र आणविक भत्तीहरूको विस्तार अमेरिकालाई हरित गृह ग्याँस उत्सर्जनमा उछिन्न सक्ने तथ्य प्रकाशित भएको छ ।

हरित गृह ग्याँसको उत्सर्जन हुने वस्तु र सामाग्रीहरूको प्रयोग हाल दैनिकी जनजीवनको प्रमुख हिस्सा विश्वमा भएको छ । यस्तो ग्याँस उत्सर्जन गर्ने वस्तु तथा सामाग्रीको पूर्णतया निषेध गर्न सम्भव छैन । तर त्यसलाई न्यूनिकरण तथा नियन्त्रण गरि वातावरण सन्तुलन कायम राख्नु वृहत आवश्यक भएको छ । वृक्षरोपणका साथै भएको वन जंगलको संरक्षण सुधार र भूमि (माटो) व्यवस्थापनबाट वायु मण्डलमा भएको कार्वन डाइअक्साइडको मात्रालाई हटाउन सकिन्छ । तसर्थ वन संरक्षण र वृक्षरोपण अति महत्वपूर्ण जीवन्त र सार्थक ढंगमा अघि बढाउनु पर्छ । वन विनाश फँडानीमा संलग्नलाई कानूनी कारवाही गर्न विशेष अभियान आवश्यक हुन्छ । जीवन र जगतको अन्तरसम्बन्ध प्रति गम्भीर र प्रतिवद्ध भई लोक र विश्वप्रेमको हृदयले जीवन चक्र परिस्थिति (Ecological) सन्तुलनका दृष्टिले परिमार्जन गर्नु र राज्य संयन्त्रलाई सो आर्दश अनुसार सञ्चालन गर्नु आवश्यक छ । जलवायु परिवर्तनले विस्थापित शरणार्थी सम्भावित प्राकृतिक विषय विपत्तिको सामना तथा व्यवस्थापन गर्न राज्य गम्भीर भई उक्त समय शीघ्र उद्दार राहत र पुनर्वासका लागि आवश्यक जनशक्ति सहित संचय र पूर्वाधार बनाउनु पर्दछ । साथै संकटको घडीमा राज्य संयन्त्रहरूको सचेत परिचालनको हेतु आवश्यक अभ्यास र समन्वय तर्फ विशेष पहल गनुपर्छ । जैविक विविधता, वातावरणीय विशिष्टता प्राकृतिक सोत र साधनको प्रचुरता र सुन्दरतालाई मध्य नजर गर्दै नीति निर्माणका प्रत्येक क्षेत्रमा वातावरण संरक्षण प्राथमिकता दिई विकास निर्माणका योजना तर्जुमा गर्दा वातावरण प्राकृतिक प्रभाव कम हुने तथ्य सुनिश्चिता पश्चात मात्र स्वीकृति दिँदा प्राकृति र जीवन जगतको भविष्य खतरा नहुने गरि कार्यन्वयन गर्ने प्रकृयाको विकास अभियान अघि बढाउनु पर्दछ । हिमतालहरू फुट्ने सम्भाना, नदी किनाराका वस्तीहरूको अध्ययन गरी वस्तुहरूमा पूर्व चेतावनी जनाउने साइरनहरू जडान गर्ने र सूचना सुचित गर्ने कार्य तत्काल प्रारम्भ गर्नु पर्दछ । जनचेतनामूलक वातावरण सम्बन्धि शिक्षा प्रणालीको विकास गर्नु पर्छ । कृषि जगतमा सुधार गरि जनसंख्या वृद्धिमा नियन्त्रण गर्नु पर्दछ ।

जलवायु परिवर्तनले सजिव प्राणी जगतको स्वास्थ्यमा पर्न सक्ने प्रतिकुल असर सम्बन्धमा आवश्यक अनुसन्धान अध्ययन हुन अति महत्वपुर्ण एवम् संवेदनशील कदमका साथै रोगलाई तत्काल नियन्त्रण गर्नु आवश्यक हुन्छ ।

यद्यपी जापानमा आणविक भत्तीहरू विष्फोटन हुँदा रेडियो विकिरणले हजारौं मनुष्य मृत्युका साथै प्राकृतिक विनाश भएको ज्वलन्त उदाहरण छ । त्यस्तै भारत, इन्डोनेशिया, रुसमा तुफान समुद्री सुनामी र भुकम्प आदि प्रकृति विपदको रोगहरूले प्रत्येक कालखण्डमा दुख दिईरहेको छ ।


**कृषि जर्नल मासिकद्धारा जनहितको लागि समर्पित सूचना**

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं ।

अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू नखाऔं ।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं
४. समयमा सुतौं, अनिदो नबसौं ।

**विचारी चाम्लिङ**
अध्यक्ष
मिर्गौला डाइलासिस् तथा प्रत्यारोपण समाज, काठमाडौं
मोवाइल नं :९८६९२४२०८७

# राष्ट्रिय कृषि नीति २०६१



**पृष्ठभूमि :**
देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरुको अनुभव तथा आधुनिक कृषि प्रविधिहरुको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवं विभिन्न प्रकोपहरुको कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरुमा कृषि भूमिको पहुँच नपुग्नु र पहुच पुग्नेहरुले पनि आधुनिक प्रविधिहरुको प्रयोग गरी पर्याप्त मात्रामा व्यवसायिक रुपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकास अभावको रुपमा रहेको कृषि क्षेत्रको विकास पुर्वाधार सिँचाई, सडक, विजुली, सञ्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आकृष्ठ हुन नसक्नु कृषि क्षेत्रको विकासको मूल समस्याको रुपमा रहेका छन् ।

कृषि क्षेत्रको समग्र विकासका लागि ल्याएको कृषि विकासको नीतिगत रुपरेखा २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशावोध गराएको छ । तथापि आर्थिक उदारिकरण विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरुमा नेपालको विद्यमान प्रतिवद्धता, नेपालको लागि दिगो विकासको एजेण्डा एवं सहस्राब्दी विकासको लक्ष्यहरु समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी नयाँ राष्ट्रिय कृषि नीति तर्जूमा गरी लागु गर्न आवश्यक देखिएकाले नेपाल सरकारले यो राष्ट्रिय कृषि नीति २०६१ जारी गरेको छ । यस क्षेत्रमा नयाँ तर्जुमा हुने वस्तुगत तथा विषयगत नीतिहरु यसै नीतिबाट निर्देशित हुने छन् ।

**दृष्टिकोण :**
निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहने छ ।

**उद्देश्यहरु :**
व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरि खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न ।

१. कृषि उत्पादन एवं उत्पादकत्व बढाउन ।

२. व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरि क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने ।

*एक भन्दा बढी समेटेर सम्भाव्य कृषि व्यवसाय प्रवर्द्धन गरी व्यवसायीकरणका आधार खडा गर्ने तुलनात्मक रुपमा ठुला आयोजनाहरु स्थानीय निकायको सहभागीता केन्द्रीत आयोजनाका रुपमा सञ्चालन गरी टेवा पुऱ्याइनेछ । यसको कार्यन्वयनका लागि केन्द्रमा रहेका विभाग एवं निर्देशनायलहरुलाई जिम्मेवार र सक्षम बनाईनेछ ।*

३. प्राकृतिक स्रोत, वातारवरण जैविक विविधताको संरक्षण र सम्वर्द्धन एवं सदुपयोग गर्ने ।

नीतिहरु

प्रस्तुत उद्देश्य प्राप्तीका लागि स्रोत साधनमा पहुँच भएका र साधन र अवसरमा तुलनात्मक रुपमा न्युन पहुँच भएका दुबै समूहका कृषकहरुको लागि आवश्यकतालाई समेत्ने गरि निम्न नीतिहरु अवलम्वन गरिने छन् ।

क) कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि

१.स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरुको विकास, प्रसार तथा उपभोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण तथा विविधीकरणमा जोडदिई आय आर्जन तथा रोजगारका थप अवसरहरु सिर्जना गरिनेछन् ।

२.वैज्ञानिक भू-उपयोग प्रणालीको प्रयोग गरी उर्वरा कृषि भूमिलाई गैर-कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ । पहाडमा भिरालो जमीन व्यवस्थापनको उपयुक्त प्रविधि र तराई तथा समथर उपत्यकामा कृषि भूमि विकासको उपयुक्त प्रविधि प्रयोग गरी जमीनको वैज्ञानिक प्रयोगलाई बढावा दिइनेछ ।

३.सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाई सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्धता प्रविधिको सघन र व्यापक उपयोग गराइनेछ ।

४.उत्तर-दक्षिण राजमार्ग तथा सहायक मार्गहरुको आसपासका सम्भाव्य क्षेत्रहरुमा बढी मोल जाने कृषिवस्तुको पकेट विकासमा विशेष प्राथमिकता दिइनेछ । विशेषगरी दुर्गम क्षेत्रहरुमा कम तौल तथा बढी मुल्य जाने कृषि वस्तुहरुको उत्पादनमा प्राथमिकता दिइनेछ ।

५.स्थानीय आवश्कता र प्राथमिकतामा ध्यान दिइनेछ ।

५.स्थानिय आवश्यकता र प्राथमिकता अनुरुपको कृषिका योजना तर्जुमा कार्यन्वयन र अनुगमनको कार्य स्थानीय निकायहरुमा जिम्मेवार र सक्षम बनाइनेछ । यसको लागि सशर्त अनुदान उपलब्ध गराउने व्यवस्थामा टेवा पुऱ्याइनेछ ।

६.एक भन्दा बढी समेटेर सम्भाव्य कृषि व्यवसाय प्रवर्द्धन गरी व्यवसायीकरणका आधार खडा गर्ने तुलनात्मक रुपमा ठुला आयोजनाहरु स्थानीय निकायको सहभागीता केन्द्रीत आयोजनाका रुपमा सञ्चालन गरी टेवा पुऱ्याइनेछ । यसको कार्यन्वयनका लागि केन्द्रमा रहेका विभाग एवं निर्देशनायलहरुलाई जिम्मेवार र सक्षम बनाईनेछ ।

७.खाद्य पोषण लगायतका कृषि प्रविधिको स्थलगत प्रसार सेवामा कृषि समूहको माध्यम अपनाईनेछ । कृषि/वन कलेजहरुबाट पनि आफ्नो प्रभाव क्षेत्रमा समन्वयत्मक रुपमा कृषि प्रविधि प्रसार प्याकेजहरु सञ्चालन गरिनेछ । साथै कृषि प्रसारमा सूचना प्रविधि तथा आमसञ्चार माध्यमको पनि उपयोग गरिनेछ ।

८.विकास क्षेत्र र भौगोलिक उपक्षेत्रहरुको आधारमा स्थानीय बीउ, बेर्ना । विरुवा नश्लहरुको उत्पादन गर्नेहरुको लागि गुणस्तरीय स्रोत सामग्रीहरुको केन्द्र र कृषिवस्तु संकलन, प्रशोधन, संचय र ढुवानी आदिकार्य गर्ने उद्यमी तथा व्यवसायीहरुको लागि विशेष प्रविधि सेवाको स्रोत केन्द्रका रुपमा, राष्ट्रिय कृषि स्रोत केन्द्रका रुपमा,राष्ट्रिय स्रोत केन्द्रहरुको विकास गरी सुदृढ गरिने छन् । यस्ता स्रोत केन्द्रहरुलाई माटो विश्लेषण, बीउ प्रमाणीकरण, बाली संरक्षण तथा पशुरोग निदान लगायतका क्षेत्रमा सर्भे, सर्भिलेन्स सेवा सञ्चालन, प्रयोग शाखा सेवा सञ्चालन एवं उद्यमी, व्यवसायी सहकारीकर्मी एवं कृषि कार्यकर्ताहरुको क्षमता विकास तालिम समेत दिनसक्ने एकीकृत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

९.भौगोलिक सम्भाव्यता र तुलनात्मक तथा स्थान विशेषको विशिष्ट लाभ समेतका दृष्टिबाट आवश्यक पर्ने कृषि अनुसन्धान कार्यहरु (खाद्य तथा पोषण प्रविधि लगायतका कृषि उत्पादन, संकलन, ग्रेडिङ्ग, भण्डारण प्रशोधन प्याकिङ्ग आदि)का लागि निजी क्षेत्र र गैर-सरकारी क्षेत्र समेतको सहभागीतात्मक तथा प्रतिस्पर्धात्मक कृषि अनुसन्धान तथा विकास प्रणालीको प्रवर्द्धन गरिनेछ । यस्तो प्रणाली सुहाउँदो लगानी व्यवस्था गर्न कृषि अनुसन्धान तथा विकास कोषको अवधारणा अनुरुप अनुसन्धानको संस्थागत उच्च निकायको संरचनालाई सुधार गरी व्यवस्थित गरिनेछ । कृषि अनुसन्धान तथा विकास सम्वद्ध अन्तर्राष्ट्रिय संगठनहरुसँगको सहकार्य र प्रविधि तथा विशेषाज्ञ आदान प्रदानलाई प्रोत्साहित गरिनेछ ।

१०. निजी तथा गैर-सरकारी क्षेत्रबाट कृषि अनुसन्धान तथा विकास गरिने खर्च कर प्रयोजनका लागि खर्च लेख्न सघाउने सुविधाका साथै अन्य उपयुक्त प्रोत्साहन सम्बन्धी व्यवस्थाहरु गरि नीजि तथा वैदेशिक क्षेत्रको लगानी आकृष्ट गरिनेछ ।

११.प्रमुख उत्पादन सामग्रीहरु (उन्नत पशुपन्छी, माछा भूरा, रासायनिक मल एवं बीउ विजन आदि) को आयत, उत्पादन तथा मौज्दात स्थितिको निमित्त अनुगमन गरी आपूर्ति । सुनिश्चित गरिनेछ ।

१२.कृषि उत्पादन तथा व्यवसाय प्रवर्द्धनमा आवश्यक कृषि ऋण प्रवाहलाई उत्पादन तथा व्यवसायको प्रतिफलसँग आवद्ध गरी सुनिश्चित गरिनेछ ।

१३.अतिवृष्टि, अनावृष्टि रोग, किरा एवं अन्य दैवी प्रकोपहरुको आंकलन र कृषि राहत परिचालनका

*कृषि जनशक्ति उत्पादनका लागि कृषि तथा वन विश्वविद्यालय स्थापना र कृषि वन कलेजहरुको प्रवर्द्धन गरिनेछ । विश्वविद्यालय/कलेजहरु र कृषि अनुसन्धान केन्द्र तथा राष्ट्रिय कृषि स्रोत केन्द्रहरुसँग प्राविधिक र विशेषाज्ञ आदान प्रदान गरी सहकार्य गराउने व्यवस्थाबाट कृषि जनशक्तिको गुणस्तर विकास गरिनेछ । कृषि व्यवसायीकरणका लागि कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सम्वद्ध जनशक्ति उत्पादनमा पनि जोड दिइनेछ ।*

लागि सर्भे, सर्भिलेन्स प्रणाली स्थापित गरी क्रियाशील राखिनेछ ।

१५.कृषि जनशक्ति उत्पादनका लागि कृषि तथा वन विश्वविद्यालय स्थापना र कृषि वन कलेजहरुको प्रवर्द्धन गरिनेछ । विश्वविद्यालय/कलेजहरु र कृषि अनुसन्धान केन्द्र तथा राष्ट्रिय कृषि स्रोत केन्द्रहरुसँग प्राविधिक र विशेषाज्ञ आदान प्रदान गरी सहकार्य गराउने व्यवस्थाबाट कृषि जनशक्तिको गुणस्तर विकास गरिनेछ । कृषि व्यवसायीकरणका लागि कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सम्वद्ध जनशक्ति उत्पादनमा पनि जोड दिइनेछ ।

१६.कृषि क्षेत्रको योजना तर्जुमा नीति निर्धारण तथा अनुगमन मुल्याङ्कनका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण र प्रक्षेपण कार्यलाई सुदृढ गरिनेछ । साथै कृषि क्षेत्रको लागि अनुकुल मुल्य तथा व्यापार पद्धति (Terms of Trade) स्थापित गराउन नियमित अनुगमन गरिनेछ ।

१७.कृषिका कार्यक्रमहरुको सञ्चालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता एवं सहभागीतालाई ५० प्रतिशत पुऱ्याइनेछ । महिला कृषि तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घर गाउँ नजिक पुऱ्याउने प्रबन्ध मिलाइने छ । कार्यक्रममा महिला संलग्नता सम्वद्ध सूचना तथा तथ्याङ्कहरुको प्रभावलाई सुनिस्चित गरिनेछ ।

१८.चार हेक्टर भन्दा कम जमीन हुने कम स्रोत साधन भएका (Resources poor) कृषकहरुको पहिचान र वर्गीकरण गरी तोकिएको सुविधाहरु उपलब्ध गराइने छ ।

लक्षित वर्गहरुको लागि विशेष सुविधा :

आधा हेक्टर भन्दा कम जमीन भई सिँचाई सुविधा न्यून् रहेका, दलित, उत्पीडित तथा अन्य सिमान्तकृत कृषि एवं कृषि श्रमिकहरुलाई लक्षित समुहमा वर्गीकरण गरि विशेष सुविधा दिने दृष्टिकोणबाट निम्न नीतिहरु अवलम्बन गरिनेछ ।

१९.सीप भएका भूमिहिन, सिमान्त एवं साना कृषकहरुलाई भूमिको पहुँच पुऱ्याउने कायम रहेका कानुनी हदवन्दीको प्रभावकारी कार्यान्वयन, हदवन्दी छुटको प्रभावकारी अनुगमन, प्रगतिशील कर व्यवस्था, खेती भूमिको लागि कर सम्बन्धी कानुनी व्यवस्था जस्तो बिभिन्न विकल्पहरुको पहिचान गरि भूमिमा पहुँचका अवसरहरुको सिर्जना गरिनेछ ।

२०.भूमि बैंकको स्थापना गरि स्थानीय निकायको सहभागीतामा कृषि कार्यका लागि जग्गा किन्ने/बेच्नेहरुलाई खेतीयोग्य जग्गाको उपलब्धता बारे सूचना सेवा र आवश्यक पर्नेलाई ऋण सुविधा उपलब्ध गराइनेछ । यस बैंकबाट लक्षित वर्गहरुलाई कृषि उत्पादनका लागि सहुलियत दरमा भूमि खरिद गर्न विशेष ऋण सुविधा उपलब्ध गराईनेछ ।

२१.करार वा कवुलियत व्यवस्थाबाट कृषि जग्गा वा पोखरी वा घोल जलाशय वा नदी नालाका क्षेत्रहरु प्राप्त गरी कृषि उत्पादन गर्ने समूहमा आवद्ध भई आउने उत्पीडित, दलित तथा अन्य सिमान्त तथा भूमिहिन कृषि श्रमिकहरुको लागि बीउ विजन प्राविधिक सेवा निशुल्क उपलब्ध गराईनेछ । साथै कृषि विकास बैंक लगायत अन्य वित्तिय संस्थाहरु परिचालन गरि सहुलियत दरमा समूहमा कृषि ऋण उपलब्ध गराइनेछ ।

२२. सिमान्त जमीन, चरन/खर्क, हैसियत बिग्रिएका वन तथा प्रयोगमा नआएका सार्वजनिक जमीनलाई लक्षित समुदायमा कवुलियतमा हस्तान्तरण गरि सम्भाव्यता अनुसार घाँस, डालेघाँस, कृषि वन, जडिबुटी तथा रेशम एवं अन्य स्थायी रुख विरुवा हुने खालका नगदेवाली एवं फलफूल बगैंचा विकासमा उपयोग गराई वन तथा अन्य जमीनको हैसियत सुधारका साथै गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।

२३.साना सिँचाई पूर्वाधारहरु जस्तै ढीकी, पम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रीप, पानी संकलन पोखरी (Water Harvest) आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ ।

२४.खाद्यन्न न्यून् भएका क्षेत्रहरुमा खाद्यान्न उपलब्धता वृद्वि गर्न उत्पादन तथा आय वृद्धिका सम्भाव्यताको उपयोग गराइने छ । साथै अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिस्श्चित गर्नु पर्ने अवस्थामा खाद्यवस्तु ढुवानी, सञ्चय र वितरणमा स्थानीय निकायको सहभागीता, खाद्यान्न सञ्चय एवं परिचालन सञ्जालको विकास गरिनेछ ।

२५.नेपाल सरकारले उपलब्ध गराउने खाद्य वस्तु, ढुवानी, सामग्रीको मुल्य, व्याज आदि सुविधाहरु खाद्य सुरक्षाका दृष्टिबाट जोखिम क्षेत्र र लक्षित समूह पहिचान गरि प्राथमिकता साथ उपलब्ध गराइनेछ ।

२६.मौसम तथा अन्य प्रकोपको उतार चढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमीन भएका र वर्ष भरि सिँचाई सुविधा नभएका कृषिहरुको लागि

भूमिहिन तथा अन्य वैकल्पिक आयस्रोत नभएका सिमान्त कृषिहरुको लागि खाद्य तथा पोषण सुरक्षा कवचका (Safety Nets) विकास गर्दै लगिनेछ।

ख. व्यवसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास

२७.बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरमा कृषि वस्तु उत्पादन गर्ने वृहत उत्पादन क्षेत्र (Large Production Packages) विकास गरिनेछ। यस्ता पकेट क्षेत्रमा तुलनात्मक लाभ भएका कृषि वस्तुहरुको उत्पादनमा प्राथमिकता दिइनेछ। यस्तो क्षेत्रमा प्रविधि एवं प्राविधिक सेवा तथा कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाई, कृषि ऋण, बजार व्यवस्था जस्ता अन्य सुविधाहरु एकीकृत रुपमा परिचालन गरिनेछ।

२८.खाद्यान्नको अभाव भएका क्षेत्रमा खाद्यान्न पुऱ्याउने आपूर्ति कार्यक्रम सञ्चालन गरिने पहाडी क्षेत्र आसपासमा त्यस्तो आपुर्ति कार्यक्रम मार्फत बजार मूल्यमा खाद्यान्न खरिद गरी स्थानीय उत्पादन बढाउने प्रोत्साहन गरिनेछ।

२९.सरकारी फार्म/केन्द्रहरुमा उपलब्ध स्रोत साधनलाई निर्धारित उद्देश्यमा असर नपर्ने गरि अधिकतम् उपयोग गर्न व्यवसायीमूलक कार्यक्रम समेतको दोहोरो मार्ग (Double Track System) व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ।

३०.पशुबीमाको विस्तार गरिनुका साथै पशु एवं छानिएका बालीको बीउ र बढी मोल जाने कृषि वस्तुहरुको क्रमिक रुपमा वीमा गरिनेछ।

३१.प्राङ्गारिक खेती (Organice Farming) लाई प्रोत्साहन गरिनेछ। प्राङ्गारिक खेती गरी कृषि वस्तु निकासी गर्ने उत्पादन क्षेत्रमा उत्पादित कृषि वस्तुहरुको गुणस्तर प्रमाणीकरणको लागि टेवा पुऱ्याइनेछ।

३२.हाइब्रिड बीउ, उन्नत नश्लको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ। र परिवर्तित अनुवंशीक जीवहरु (Genetically Modified Organic)को प्रयोगलाई नियमन गरिनेछ।

३३.परम्परागत स्थानीय मौलिक कषि वस्तु एवं सम्वद्ध प्रविधिहरुको पञ्जीकरण तथा प्रवर्द्धन गरिनेछ। स्वदेशी मलको विशिष्ट उत्पादन एवं उत्पादन प्रविधिहरुको पहिचान तथा अधिकार सुरक्षित गरिनेछ।

३४.कृषि तालिमलाई क्षमता सुधार व्यवसाय प्रवर्द्धनमुखी तालिम वर्गीकरण गरिनेछ। क्षमता सुधार तालिमबाट कृषि कार्यकर्ताहरुलाई क्षमता सुधार तथा कृषकहरुको उत्पादन क्षमता अभिवृद्धि गरिनेछ। व्यवसायीमुखी तालिमलाई तालिमपछिको व्यवसाय प्याकेजमा आधारित गरि माग प्रधान गराइनेछ।

३५.शिक्षित बेरोजगार युवाहरुलाई कृषि पेशामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापना तथा सञ्चालन तालिमको व्यवस्था गरिनेछ।

३६.उन्नत कृषि स्रोत सामाग्रीहरुको (बीउ, विरुवा, वेर्ना, नश्ल, भुरा आदि) स्थानीय उत्पादन तथा बिक्री वितरण र मलखाद एवं रोग तथा कीटनाशक औषधीहरुको बिक्री वितरणलाई नियमन गरि आपुर्तिमा गुणस्तर कायम गराईनेछ। उत्पादन प्रशोधन सेवालाई पनि नियमन गरी मान्यता (Accreditation) दिइनेछ।

३७.गुणस्तरीय कृषि उत्पादन र स्थानीय तथा वाह्य बजारमा विश्वसनीयताको विकास गर्न कृषि र पशु क्वारेन्टाइन सेवालाई व्यवस्थित र सुदृढ गरिनेछ।

३८.खाद्यवस्तुका गुणस्तर निर्धारण, गुणनियन्त्रण, गुणस्तर प्रमाणिकरण र नियमन गर्ने कार्यमा स्थानीय निकाय समेतको सहभागीता परिचालन गरिनेछ

३९.अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा राष्ट्रिय आवश्यकता अनुसार कृषिवस्तुको नियमन सेवालाई अद्यावधिक गर्दै लगिनेछ।

४०.सहकारीमा आधारित कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिइनेछ।

४१.कृषि उद्यमी/व्यवसायी एवं प्रगतिशील कृषि तथा सम्वद्ध संघ-संस्थाहरुको गुनासा एवं सुझावहरुको विश्लेषण गरी निकास दिन र विश्व व्यापार संगठन, क्षेत्रीय व्यापार संगठन जस्ता वाह्य निकासी बजार सम्वद्ध संगठनहरुसँगको प्रतिवद्धताहरु र आयत प्रतिस्थापन गरी निकासी प्रवर्द्धनमा क्रियाशील रहन कृषि उद्योग व्यवसाय प्रवर्द्धन समितिको प्रभावकारी परिचालन गरी कृषि उद्यम व्यवसायीकरणलाई टेवा पुऱ्याइनेछ।

४२.कृषि वस्तुहरुको व्यवसायिक उत्पादन, प्रशोधन र बजार क्षेत्रमा सहकारी एवं निजी क्षेत्रको लगानी आकृष्ट गर्न प्रोत्साहन युक्त वस्तुगत तथा विषयगत नीतिहरुको विकास गरिनेछ।

४३.कृषि क्षेत्रमा दिइनुपर्ने प्राथमिकता अनुरुप कृषि अनुसन्धान, कृषि उत्पादन, कृषि प्रशोधन उद्योगहरु र आन्तरिक तथा वाह्य निकासी जस्ताको अन्तर्सम्बन्ध स्थापित गर्न र वाह्य लगानी समेत आकृष्ट गर्नका लागि छुट्टै कृषि उद्योगको विकास नीति ल्याई कार्यन्वयन गरिनेछ।

४४.व्यवसायिक कृषि उत्पादनका सम्भाव्य क्षेत्रहरुमा कृषि प्रविधि प्रसार सेवा शुल्क उपलब्ध गराई निजी क्षेत्र, सहकारी क्षेत्र तथा गैर-सरकारी क्षेत्रलाई आकर्षित गरिनेछ।

४५.उपयुक्त फार्म केन्द्रहरुलाई करारमा/कबुलियतमा निजी क्षेत्रबाट सञ्चालन गराउन प्रात्सोहन गरिनेछ।

४६.बजार सूचना प्रणालीको विकास विस्तार र प्रभाव गर्ने कार्य निजी एवं सहकारी क्षेत्र तथा स्थानीय निकायहरुसँग साझेदारीमा समेत सञ्चालन गरिनेछ।

४७.कृषि वस्तुहरुको व्यवसायिक उत्पादनलाई बजार अवसरको सुनिस्चितता दिन सम्भाव्य उत्पादन थलो नजिक संकलन केन्द्र र सम्भाव्य घना उपभोक्ता नजिक संगठित बजारको सुनिश्चिता दिनको लागि निजी तथा सहकारी क्षेत्रको लागत सहभागीता र व्यवस्थापनमा रहने गरी सुविधायुक्त कृषि थोकबजार तथा हाट बजारहरुको विकास तथा विस्तारमा टेवा पुऱ्याइनेछ।

४८.आन्तरिक कृषि उत्पादकहरुलाई समेटेर करार उत्पादन प्रणालीमा आवद्ध गरी बजार अवसर दिने र आयत प्रतिस्थापन गर्ने वा निकासी गर्ने उद्योग व्यवसायीहरुलाई पूँजीगत तथा अन्य प्रोत्साहन/सविधाहरु कृषि व्यवसाय प्रवर्द्धन समितिको सिफारिसमा उपलब्ध गराइनेछ।

४९.स्थानीय स-साना पूँजी र अन्य स्रोतको परिचालन तथा प्रवद्धन गरी सहकारीको संस्थागत विकास गर्न सम्भाव्य कृषक तथा उद्यमीहरुको समूहलाई सहकारीकरण गर्दै लगिनेछ। साथै गाउँघरका यस्तो सहकारी संस्थाहरुलाई कृषक समूहको उत्पादन सामग्री तथा सेवाहरु उपलब्ध गराउने उनीहरुका उत्पादनहरुको बजार प्रणालीमा पठाउन स्थानीय केन्द्र (Delivery Point)को रुपमा विकास गरिनेछ।

ग) प्राकृतिक स्रोत तथा वातारवणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग

५०.कृषि (रसायनहरुको प्रयोगबाट माटो तथा जलाशयको अवस्थामा पर्ने नकारात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यून् गरिनेछ। साथै पशुपन्छीमा प्रयोग हुने औषधी तथा हर्मोनहरुको प्रयोगमा कमी ल्याइनेछ।

५१.प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ।

५२.जैविक विविधता संरक्षणको लागि जीन बैंकको व्यवस्था र स्थानीय संरक्षणमा, (In-Situ Conservation)लाई प्रोत्साहित गरिनेछ। सम्भावित क्षेत्रमा सहभागीतात्मक जैविक विविधता संरक्षण क्षेत्र (Participatory Biodiversity Park) स्थापित गरिनेछ।

५३.हैसियत बिग्रेका वन तथा प्राकृतिक जलाशयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण सम्वर्द्धन र सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ।

५४.स्थानीय सहभागीता आधारमा जलाधार व्यवस्थापन र नदी कटान नियन्त्रण गरी संरक्षण प्रधान कृषि प्रधानी विकास गर्दै लगिनेछ।

५५.खेतीयोग्य जग्गाको खण्डीकरण र वैज्ञानिक भू-व्यवस्थापन (चक्लावन्दी)लाई स्थानीय निकायको सहयोग समेतमा व्यवस्थित गरिनेछ।

५६.आवश्यक कानूनी व्यवस्था समेत गरि भूमिको सहकारी/साझेदारी/समूह व्यवस्थापन प्रणालीको विकास गर्न प्रोत्साहित गरिनेछ। यस्तो भूमि व्यवस्थापनमा तत्परता देखाउनेलाई प्राथमिकता दिने गरि सम्वद्ध केन्द्रीय तथा स्थानीय विकास अयोजना तथा कार्यक्रमहरुको छनौट तथा कार्यन्वयनको आधार बनाई उत्प्रेरित गरिनेछ।

कार्यन्वयन तथा अनुगमन व्यवस्था :

क.स्थानीय तहदेखि केन्द्रीय तहसम्मको कृषि क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित सुनिश्चित गरि सहभागीतात्मक पद्धतिलाई बढावा दिइनेछ। पहिला, दलित एवं पिछडिएको वर्ग सम्बन्धी सूचना तथा तथ्याङ्कहरुलाई पनि सूचना प्रणालीमा ल्याइनेछ।

ख.कृषि सम्वद्ध निकायहरुबीच सहभागीतात्मक एवं समन्वयत्मक रुपमा योजना तर्जुमा कार्यक्रम कार्यन्वयन तथा अनुगमन गराई यो नीति कार्यन्वयन गराउने राष्ट्रियस्तरमा राष्ट्रिय तथा अनुगमन गराई यो नीति कार्यन्वयन गराइने राष्ट्रिय स्तरमा राष्ट्रिय कृषि विकास समिति रहनेछ। राष्ट्रिय कृषि विकास समितिलाई सघाउन केन्द्रमा केन्द्रीय कृषि विकास कार्यन्वयन समिति र क्षेत्रीयस्तरमा क्षेत्रीय कृषि विकास समिति रहने छन्। स्थानीय तहमा गाउँ विकास समिति र जिल्ला विकास समितिहरुलाई स्थानीय स्वायत्त शासन ऐन अनुरुप योजना तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कनमा जिम्मेवार बनाइनेछ। जिल्ला तहमा जिल्ला कृषि विकास समिति र गाउ विकासमा गाउँ कृषि विकास समिति तहमा कृषि समिति रहनेछ। यिनले स्थानीय निकायहरुलाई यो नीतिको कार्यन्वयन र अनुगमन गर्नमा सघाउने छन्। राष्ट्रिय कृषि विकास समिति र स्थानीय निकायहरुलाई राष्ट्रिय कृषि स्रोत केन्द्रहरुले प्राविधिक पृष्ठपोषणको सुनिश्चिता दिने छन्।

ग. यस राष्ट्रिय नीतिको कार्यन्वयनको क्रममा सम्वद्ध मन्त्रालयहरुले आ-आफ्नो कार्यक्षेत्रमा परेका विषयहरुको कार्यन्वयन गर्ने छन्। यस राष्ट्रिय कृषि नीतिको कार्यन्वयनको अनुगमन राष्ट्रिय कृषि विकास समितिले गर्नेछ। यस नीतिको कार्यन्वयन रणनीतिहरु र कार्यक्रमहरु तथा जिम्मेवार निकायहरु सम्बन्धी विषयमा सम्बन्धित मन्त्रालयहरुले स्वीकृति गराई लागु गर्नेछन्। साथै वस्तुगत तथा विषयगत नीतिहरु निर्माण गर्दा यस राष्ट्रिय नीतिसँग नबाझिने गरि गर्नु पर्नेछ।

# मेवा खेती प्रविधि



**परिचय :**

नेपालमा मेवा खेतीका लागि तराई क्षेत्र उपयुक्त भएर नै यसको खेती बढी भएको पाइन्छ। मेवाको वैज्ञानिक नाम (Carica papaya) हो। यसको उत्पत्ति मध्य अमेरिकामा भएको पाइएको वैज्ञानिकको भनाई छ। यसको खेती नेपालमा पहिलेदेखि गर्दै आएपनि पकेट क्षेत्रको रुपमा गरेको खण्डमा आर्थिक लाभ निकै लिन सकिने फल हो। मानिसलाई पहैंलो रोग लागेमा यो फल बढी खाने सल्लाह दिइन्छ। जसले गर्दा रोग नियन्त्रणमा मद्दत पुग्छ। डा.डेविड वर्नरका अनुसार मेवा खानाले आन्द्राभित्र रहेका जुकालाई हटाउन सकिन्छ भने पाचन रस (Digestive Enzymes) बढाउनेमा पनि सहयोग पुग्छ। मेवामा भिटामिन ए र सीको साथै क्याल्सियम र अरु खनिज पदार्थहरुको मात्रा बढी हुन्छ। मेवामा खाद्यतत्व ११-५ प्रतिशत र गुलियोको मात्रा ८-११ प्रतिशत पाइन्छ।

**माटो :**

मेवाका लागि चिस्यान भएको माटो आवश्यक हुन्छ भने पानी नजम्ने, बलौटै र दोमट माटो भएको, पिएच ६.५- सम्मा हुनु पर्छ।

जात :

मेवाका जात पसान्हा, पुसा ड्वार्फ, वासिङ्टन, हनिड्यू र पुसा डेलिसस छन्।

बिरुवा उत्पादन गर्ने तरिका :

मेवाको बिरुवा उत्पादन अहिलेसम्म बीउबाट बेर्ना उमार्दै आएका छन्। बीउबाट उत्पादन हुने भएकाले त्यतिको समस्या पर्दैन। माटो बालुवा र पाकेको कम्पोष्ट मल मसिनो पारेको ५०-२५ का दरले मिसाई प्लाष्टिकको थैलो भरी प्रत्येकमा १-२ दाना १ सेमी गहिरो रोपी हल्का किसिमले झारीबाट पानी दिनु पर्छ। यसरी रोपेको प्लाष्टिकको थैलामा चिस्यान हेरेर मात्र पानी दिनु पर्छ। पानी बढी भएमा बीउ कुहिने सम्भावना हुन्छ।

**बिरुवा लगाउने समय :**

बिरुवा लगाउनु भन्दा पहिले लेआउट गर्न जरुरी हुन्छ। एक बोटबाट अर्को बोट ३ वाई ३ मिटर फरकमा रोपन उपयुक्त हुन्छ। रोप्नुभन्दा अगाडि पाकेको कम्पोष्ट मल १०-५ केजी माटोमा मिलाई प्लान्टिङ्ग बोर्डको सहायताले रोप्नु पर्छ। जसले गर्दा जहाँबाट देख्दा पनि सोझो देखिन्छ। यसको जरा कमजोर हुने भएकाले ५-६ सेमी बाँसको भाटा या निगालोको माटो लठ्ठी गाडी अङ्गेजी (आठ) तरिकाबाट सुतलीले बाँधीदिएमा हावाबाट हल्लिन नपाई बोट चाँडै सर्न मद्दत हुन्छ। बोट नसरेसम्म पानी दिन भुल्नु हुँदैन।

फल उत्पादन हुने समय :

मेवा रोपेको एक वर्ष भित्र फल दिने भएकोले धेरैजसो मेवामा एक पोथी भएको हुन्छ भने कुनै बोटमा भालेपोथी दुबै फूल फुल्दछ। पोथी फूल ३ सेमी आकारको हुन्छ। ५ वटा कोपिला भएको ४ देखि ५ वटा भएको झुप्पा हुन्छ। भाले फूल सानो हुन्छ। यदि भाले बोटमा फल नफलेमा बोटको जमीनबाट ५-सेमी माथि फेदमा धारिलो चुप्पी या लामो चक्कुले पछाडिबाट चुप्पी निस्कने गरी घोची दिनाले भालेमा फल लाग्छ भन्ने कसैको भनाई छ। बीउबाट बोट तयार गरिने भएकाले भाले पोथी छुट्याएर रोप्ने सम्भव नभएकाले पछि मात्र भालेपोथी एउटै बोटमा पनि हुने भएकाले परागसेचनमा कुनै फरक नपर्ने देखिन्छ। फल समयमै बजार पुऱ्याउन नसकेमा सडेर जाने भएकाले बजारको व्यवस्था गर्न चनाखो हुनुपर्छ

**रोग र कीरा :**

मेवालाई कीराले त्यतिको आक्रामण गरेको देखिदैन रोगले फल कुहिने भएकाले चारैतर्फ कुलेसोको व्यवस्था हुनु पर्छ जस्तै २६-३० सेमी गहिरो र चौडाईको कुलेसो बनाउनु पर्छ जसले गर्दा परेको पानी बगेर जान्छ। फेद कुहिने रोगबाट बचावट हुन्छ। रोग लागेको जग्गामा घुम्ती बाली लगाएमा यो रोग नियन्त्रण हुन्छ। बढी वर्षात भएमा पनि यो रोगबाट आक्रमण हुन्छ।

**पात गुटमुटिने रोग (Leaf curl disease)**

१. रोग लागेको बिरुवाको पात सानो हुन्छ। बटारिन्छ। बढी चिसो भएमा बोट नजिक रापेमा र बोटलाई बढी छहारी भएमा रोग फैलिने भएकाले पानीको निकास हुनु पर्छ। रोगी बिरुवा नष्ट गरिदिनु पर्छ।

२. Stem rot - यो रोग पहिले बोटमा देखा पर्ने भएकाले समयमै पानीको निकास नभएमा, पानी जमेमा रोग बढी लाग्ने भएकाले पानी निकासको व्यवस्था गर्नु पर्छ। रोग मुक्त फार्मबाट बिरुवालाई लगाउनु पर्छ वा बोर्डो मिक्स्चर ५:५:५० बनाई छर्नु पर्छ।

# कृषिको विकास पछि पर्नु हामी आफै जिम्मेवार छ

किसानहरुका लागि मल, बीउ बजार जस्तो विभिन्न समस्याहरु छन् । यी समस्याको हल गर्न कसरी पहल गर्नुपर्ला के-के गर्नु पर्ला ? हाम्रो देशमा वर्षेनी ५६ अर्बको व्यापार घाटा भईरहेको छ, हाम्रो देश कृषि प्रधान देश पनि हो । हामीले यतिबेला खाद्यान्न आयत गर्नु परेको छ ।
विषयमा अखिले नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) बागमती प्रदेश संयोजक **रामप्रसाद दाहाल**सँग कृषि जर्नल मासिकको लागि **धनबहादुर मगर**ले गरेको कुराकानीको प्रस्तुत अंश :



**रामप्रसाद दाहाल**
संयोजक
अखिल नेपाल किसान महासंघ
(क्रान्तिकारी केन्द्र)
बागमती प्रदेश

**यहाँको परिचय दिनुहोस ?**

रामप्रसाद दाहाल, ललितपुर, जिल्ला, गोदावारी नगरपालिका वडा नं.४

**यहाँले किसान संगठनमा नेतृत्व कहिलेदेखि गर्दै आउनु भएको हो ?**

कृषि कर्म र किसान संगठनसँग धेरै लामो समय भयो । तत्कालीन समयमा म कम्युनिष्ट पार्टी मालेसँग संगठित थिएँ । त्यो भन्दा पहिले शिक्षक संगठनमा थिएँ । २०४६ सालदेखि नै किसान संगठनमा आवद्ध रहँदै आएको छु । तत्कालीन मालेमा काम गर्दै २०५० सालमा तत्कालीन मालेबाट विद्रोह गरि नेकपा ( माओवादी केन्द्र)को जनयुद्धको रफ्तारमा सहभागी भइयो । त्यतिखेर पनि किसान संगठनको जिल्ला कमिटी सदस्यको जिम्मेवारी निभाउँदै आएको थिएँ । नेकपा (माओवादी)को जनयुद्ध कालमा र २०६२/०६३ को जनआन्दोलन पछाडिसम्म अखिल नेपाल किसान संघ ( क्रान्तिकारी) थियो त्यतिबेला म ललितपुर जिल्ला उपाध्यक्ष, तत्पश्चात २०६५ को जिल्ला सम्मेलनबाट ललितपुर जिल्ला अध्यक्ष, र नेवा राज्यको सदस्य हुँदै नेवा राज्य समिति, राज्यको पुनसंरचना पछि भूगोलको संरचना पनि परिवर्तन भयो । २०७४ सालको चुनाव अगावै हाम्रो पार्टी एमालेसँग एकता भएपछि । अखिल नेपाल किसान महासंघ बागमती प्रदेशको संयोजकको रुपमा जिम्मेवारी निभाएको थिएँ । २०७७ साल फागुन २३ गतेदेखि सोही ठाउँमा आएपछि बागमती प्रदेश संयोजक भूमिका निर्वाह गरिरहेको छु । किसान आन्दोलनको हैसियतले नेकपा ( माओवादी केन्द्र) जिल्लाका सचिवालय सदस्य, किसान संघ-सगठनमा आवद्ध रहँदै आएको छु ।

**यतिलामो समय किसान संगठनमा निरन्तर काम गर्दै आउनु भएको रहेछ नेपालको कृषि आन्दोलन सोचे जस्तो अगाडि बढ्न सकेन भन्ने आवाज आईरहेको छ । कारण चाहीँ के हुन सक्दछ । धेरै कुरामा किसानहरु असफल भईरहेको छ । किसान आन्दोलन अगाडि नबढेको कुनै कारण स्पष्ट गरिदिनु होस् ?**

पहिलो कारण हामीले किसानहरुलाई जुन ढंगले सुसजित र व्यवस्थित ढंगले बढाउने सकेन । अर्को कारण हाम्रो माउ पार्टी आन्दोलनसँग जोड्न कुरो र पार्टीले किसान आन्दोलनलाई जोड्ने कुरामा सवेदशील ढंगले नबढेको देखिन्छ । हुन त पार्टीको मुटुको रुपमा रहेको पछिल्लो चरणमा किसान आन्दोलनको सम्बन्धित नेता कार्यकर्ता पार्टीका महत्वपूर्ण अंग हुन भन्ने कुरा अध्यक्ष प्रचण्डले बुझ्नु भयो भन्ने मलाई लाग्छ । केही समय अगाडि अखिल नेपाल किसान महासंघ प्रदेश समितिको बैठक राखेका थियौं । स्वयम अध्यक्ष प्रचण्डले आन्दोलन र किसानसँग समन्वय गर्दै किसान आन्दोलनलाई उचाईमा लैजानु पर्छ भन्ने वचन पाएकोले पछि पछिल्लो चरणमा केही होला जस्तो लाग्छ । किसानहरुको संगठनलाई गोलवन्द गर्न नसक्नु, केही किसानको नाममा राम्रा नराम्रा काम गर्ने मानिसहरुको कारण पनि समस्या रह्यो ।

पछिल्लो चरणमा चित्रबहादुर श्रेष्ठको अध्यक्षतामा बनेको अखिल नेपाल किसान महासंघ र उहाँ किसान आयोगमा हुँदा पुऱ्याउने भएको योगदानले धेरै कुरामा अगाडि बढेको छ । संगठनलाई अगाडि बढाउने सवालमा बलियो प्रयत्न गर्नु भएको छ ।

किसान संगठनले अहिले, यति खेरा जनताका समस्या, किसानको समस्याहरु जस्तै संगठनसँग गाँसिएका समस्या, भूमिहीन किसानको समस्या हामीले क्रान्तिकारी भूमि सुधारका नाराको रुपमा मात्रै भन्दै आएको देखिएको छ । जति पटक सरकार परिवर्तन हुँदा पनि किसानका समस्याहरुलाई परिवर्तित गरि व्यवस्थित गर्न चाहीँ हामी कहि न कहीँ चुकेको छ । त्यसमा माउ पार्टी माओवादी पार्टीको कमजोरीले भए, चाहे हामी आफैमा कमजोरी रहे, मूलत सरकार र सत्तामा जानेहरुको मुभमेन्टको कुरा भईरहेको छ । हामीले आन्दोलन परिचालन व्यवस्थापन गर्दैगर्दा पनि सत्तामा हाम्रै पार्टीका नेताहरु पनि जानुभयो । हरिवोल गजुरेलको नेतृत्वमा कृषि विकास मन्त्रालय रहँदा, संगठन विभाग प्रमुख नहेन्द्र खड्का मन्त्री ज्यूको सल्लाहकार हुनुहुन्थ्यो । त्यसले २७ बुँदे घोषणा पत्र अगाडि बढाएको थियो । अर्को हामी सित के थियो भने २० वर्षे कृषि रणनीतिको बारेमा किसानको महत्वपूर्ण संगठन किसान सञ्जाल र त्यसको नेतृत्व पनि हाम्रै नेतृत्व नहेन्द्रजीले गर्नु भएको थियो । संगठन विभागको सक्रियतामा किसानहरुका समस्याहरुलाई व्यवस्थापन गर्ने कुरामा अगाडि बढ्नु भएको छ । सोचे अनुसारको उपलब्धी हासिल गर्न सकिएको छैन । पहिलो नम्बरमा सबभन्दा ठूलो समस्याको रुपमा भूमिको समस्या छ । क्रान्तिकारी भूमि सुधारको कुरा छ । दोस्रो नम्बरमा कृषि क्रान्ति भूमिमा हुने भएकाले त्यसको सुधार गर्ने कुरा छ । कृषिमा राज्यको खर्च हुने कुरोमा राज्यले हेरेन । सरकारले केही गरेन भन्ने छ । हरिवोल गजुरेल मन्त्री हुँदाको समयमा किसानलाई केही दिन पर्छ भनेर अनुदानको बारेमा, किसान आन्दोलन उठाउन कुरामा ट्याकल गरिरहनु भएको थियो । त्यसभन्दा पछाडिको सरकारले नेतृत्व गर्दा हाम्रो

पार्टीबाट प्रतिनिधित्व गर्ने नेतृत्व वर्गले किसान आन्दोलनको बारेमा उही व्यूरोक्रेसीले जे गऱ्यो त्यहीनै लहैलहमा हिडेको र किसानको लागि खासै ठोस र व्यवस्थित गर्न सकेको देखिदैन । पछिल्लो चरणमा केपी ओलीको सरकारले जुन खालको व्यक्तिगत महत्वकांक्ष, अवसरवादी र दक्षिणपन्थी कोणबाट काम गर्दै जाँदा जाँदा तिनले बनाएका मन्त्री मण्डलले किसानको हकहितको निम्ति सकारात्मक भूमिकामा तात्विक अर्थ राख्ने केही काम गरेन । हामीले किसानको समस्या समाधान गर्नको निम्ति विभिन्न खालको विधेयक, ऐन नियम कानूनका मस्यौदा माथि पनि अन्तर्क्रिया छलफल गर्दै त्यसलाई व्यवस्थित मर्यादित बनाउनको निम्ति लागि पऱ्यौं र छौं । किसान आन्दोलनको निम्ति हामीले धेरै रगत सिँचिएका छौ । हामीले धेरै लडाई लडेका छौं । ठोस् उपलब्धीलाई व्यवस्थित गर्न नसकेको चाहीँ हो । तर तपाई भने जस्तै शुन्य चाहीँ होइन ।

तपाई आफै पनि व्यवसायी किसानहरुलाई प्रेरित बनाएको छ । तर, व्यवस्थित र मर्यादित बनाउन केही कुराहरु बाँकी नै छन् त्यसकारण हामीले भूमि र व्यवसायमूलक कृषि भनिरहेका छन्, चक्लावन्दीको कुरा छ । अहिले भूमिमा भएको दोहनलाई अन्त्य गर्ने कुरामा किसानका चुनौंतीहरु छन् । त्यस प्रकारको समस्यालाई चिर्न किसान आन्दोलन चाहिन्छ । किसान संघ-संगठनहरु लागि पऱ्यो भने सफल हुन्छ भन्ने मलाई लाग्छ ।

**किसानहरुका लागि मल, बीउ बजार जस्तो विभिन्न समस्याहरु छन् । त्यसको व्यवस्थापन गर्न अहिलेको पनि सकिरहेको अवस्था छैन । यी समस्याको हल गर्न कसरी पहल गर्नुपर्ला के-के गर्दा किसानसम्म सुविधाहरु पुऱ्याउन सकिन्छ जस्तो लाग्छ ?**

मल बीउविजन र ऋणको समस्याको कुरा गर्दा सबभन्दा पहिलो कुरा नेपालमै मल उत्पादन गर्ने महत्वपूर्ण भूमिका खेल्नु पर्छ । यो विषयमा राज्यले फोकस गर्नुपर्छ । किसानहरुलाई सुविधा दिनको निम्ति स्वदेशमा नै मल उत्पादन गर्नुपर्छ । कृषि व्यवसायलाई व्यवस्थित ढंगले चलाउनको निम्ति स्वादेशी र स्वदेशीमा अर्गानिक मलको आवश्यकता हुन्छ । अहिले माटोमा भएको अम्लियपना, क्षरियापना त्यसले कृषि उत्पादनमा तहस भईरहेको छ। पहिलो नम्बरमा देश मलमा आत्मनिर्भर हुनुपर्छ। दोस्रो नम्बरमा जुन बाली लगाउने बेला हुन्छ । किसानहरुको राज्यको ढुकुटीबाट पैसा खर्चिन्छ नेपाली किसानहरुलाई प्रयाप्त मल नपाउने समस्या छ । त्यसको समाधान गर्न पहल गर्नु पर्छ । संघ-संस्था संगठन र पार्टी पहल कदमीका गर्नुपर्छ । जोसुकै सरकारमा गएपनि सरकारको पहिलो कदममा त्यो हुनु पर्छ । अहिले एकैपटक नेपाली किसानहरुलाई रासायनिक मलबाट तुरुन्तै अर्गानिक मलमा आउ भन्ने हो भने कृषि बाली उत्पादनमा असफल हुने देखिन्छ । मैले बुझे अनुसार अर्को कुरा मल परनिर्भर भन्दा आत्मनिर्भर बनाउन स्वदेशमा नै मल कारखाना खोल्नु । राज्यले किसानलाई दिने अनुदानको मल जुनबेला चाहिने हो, त्यो बेलामा ल्याउन पर्छ भनेर हामीले पटक-पटक कृषि सामाग्री कम्पनी साल्ट ट्रेडिङ्ग करपोरेशन जस्ता संस्थाहरुलाई झक झकाउने काम संगठनको तर्फबाट आन्दोलनको रुपमा उठाएका छौं । तर राज्यले त्यसलाई व्यवस्थापन गर्नमा चुकेको छ ।

*धेरै प्रक्रियाहरु पूरा गर्नु पर्छ । हाम्रो भनाई चाहीँ के हो भने वास्तविक लक्षित किसानले कुखुरा पालन, गाई पालन गर्ला, अरु कृषि कर्म गर्दा त्यसले फर्म, समूह सहकारी वा त्यही संस्थाको सबैसँग लालपूर्जा हुन्छ भन्ने छैन ।*

हाम्रो बानी के छ भने हामी आफै पनि पहल नगर्ने, सरकारलाई गाली गर्ने गरेको देखिन्छ । तर, मूल रुपमा चाहीँ सरकारै चुकेको हो । त्यो काम चाहीँ भोली किसान महासंघकै कृषि मन्त्रीबाट पहल कदमी हुनु पर्छ । हामीले बुझेको कर्तव्य यही कुरो हो । यी अत्यावश्यक विषयमा सरकारको पहलकदमी नपुगेको कारण किसानहरु यी समस्याबाट ग्रसित पुगेका हुन्छन् । हामीले पनि ठाउँ ठाउँमा मलको अभाव छ । किसानले लगाएको बाली पूरै अनुत्पादक अवस्थामा भएको छ भनिरहेका छौं । जोसुकै सरकारमा गएपनि त्यो राज्यले गर्नु पर्छ । हाम्रो पार्टीको मन्त्रीले नेतृत्व गरुन् वा अरु पार्टीले हामी त्यहाँ तिर जोडिन्छौं । मूल कुरा मल स्वादेश मै उत्पादन गर्ने कुरामा सरकार केन्द्रीत हुनुपर्छ । यी कुरा पत्रपत्रिका, मिडिया मार्फत झकझकाएका छौं । तिनै तहका सरकारलाई भन्ने काम हाम्रो संगठनको तर्फबाट गरेका छौं । साथै किसानहरुको रोजीरोटीको व्यवस्थापन गर्न पहिले मलको व्यवस्थापन हुनुपर्छ भनेर कोशिस गरिरहेको छ ।

ऋणको सम्बन्धमा तपाईंले कुरो उठाउनु भएको आसाध्यै सान्दर्भिके कुरो उठाउनु भएको छ । किसानहरु : पशुपालक किसान होस्, अन्नको खेती गर्ने किसान होस्, तरकारी उत्पादक किसान होस्, विभिन्न भेराइटीका फलफूल उत्पादक किसान होस् सरकारले लक्षित वर्गलाई हुने गरि अनुदान दिने भनिएको छ । फर्मबाट दिइने ऋण भनिएको छ । तर, जसरी बोली राखेको छ । हेर्दा नेपालको किसानहरुलाई असाध्ये राज्यबाट धेरै ठूलो सहयोग गरेको देखिन्छ । यहाँ ऋण र अनुदान व्याज अनुदानको रुपमा लिनको निम्ति पनि धेरै झन्झटीला छन् । धेरै प्रक्रियाहरु पूरा गर्नु पर्छ । हाम्रो भनाई चाहीँ के हो भने वास्तविक लक्षित किसानले कुखुरा पालन, गाई पालन गर्ला, अरु कृषि कर्म गर्दा त्यसले फर्म, समूह सहकारी वा त्यही संस्थाको सबैसँग लालपूर्जा हुन्छ भन्ने छैन । ऋण लिनु पर्दा बैंकहरुले के लालपुर्जा खोज्छन् सबै नेपाली किसानसँग लालपूर्जा हुन्छ भन्ने छैन । उसको लगानी, उसले गरेको फार्मको आधारलाई नै बन्धकी राखेर ऋण र अनुदानको सुविधा उपलब्ध भयो भने किसानलाई व्यवसाय गर्न सहज हुन्छ । त्यो कुरो प्रायः भईराखेको छैन । लक्षित वर्गभन्दा उपल्लो वर्ग, धनाध्य, नाम गरेका किसानहरुले चाहीँ करोडौं रुपैयाँ बैंकबाट कृषि ऋण लिएका हुन्छन् । विभिन्न नाममा पशुपालक रुपमा, बाखा पालकको नाममा लिइएको हुन्छ । सोही ठाउँमा गएर नियालेर हेर्ने हो भने उनीहरुले केही पालिएको हुन्न । उनीहरुको नाममा कृषि ऋण गएको हुन्छ । लक्षित किसानहरुले धेरै दुखः पाउँदा पनि त्यो कुरा प्राप्त गर्न सकिएको हुन्न । बैंकले रोडै चाहिने प्रावधान बनाएको छ । प्राय वित्तिय संस्थाहरुले त्यो हामीलाई अथवा आम किसानहरुलाई सम्वोधन गर्न सक्दैन भन्ने मेरो ठम्याई छ ।

त्यसकारण जति छ, जे छ, उ संस्थागत ढंगले आएको छ भने त्यो किसानलाई आजको भोली नै तत्काल व्याज अनुदानमा ऋण उपलब्ध गर्नुपर्छ । त्यो फकट नारामा मात्र भएर हुन्न । हामीले जसरी पनि ऋस गर्नुपर्छ राज्यबाटनै गर्नुपर्छ । प्रदेशका कृषि ज्ञान केन्द्र, स्थानीय तहबाट प्रमाणित गरिनु पर्छ । आफ्नो स्थानीय तहका सरकारहरुले पनि को किसानहरु हुन् कुन गैह्र किसान हुन् भनेर स्थानीय तहलाई त्यस खालको प्रवर्द्धन गर्नु पर्छ । संघ र प्रदेशले चाह्यो भने छिटो पाउन सक्छ भन्ने मलाई लाग्छ । त्यो दिएको छैन । केन्द्रीकृत छ । हामीले विकेन्द्रीकृतको जति कुरा गरे पनि राष्ट्र बैंकको

निर्देशन नचल्ने र भनेको सुविधा नदिने, ठूलावडाहरु र किसानका नाममा भ्रष्ट गर्नेहरुलाई थुप्रै लगानी गर्ने, राज्यकोषबाट दोहन गर्ने कुरा भएको छ । त्यसकारण लक्षित किसानहरुको निम्ति यो मिडिया मार्फत त्यो कुरा पुग्न जरुरी छ ।

**हाम्रो देशमा वर्षेनी ५६ अर्बको व्यापार घाटा भईरहेको छ कारण कृषि उत्पादन नभएर पनि हो । कृषि उत्पादनबाट हुने हाम्रो देशको वचत छ, सबै बाहिर गईरहेको छ । हाम्रो देश कृषि प्रधान देश पनि हो । हामीले यतिबेला खाद्यान्न आयत गर्नु परेको छ । कृषि उत्पादन नहुँदा देश व्यापार घाटामा परिणत भएको छ र एउटा अर्को हाम्रो किसानहरुले बजार पाउन सकिरहेको छैन । तपाई बागमती प्रदेशको संयोजक यी विषयहरुको व्यवस्थापन गर्न कसरी सम्भव छ ?**

यो प्रश्न अत्यन्तै महत्वपूर्ण छ । किसानको मनमुटुमा छुने खालको कुरा तपाईले गरिहनु भएको छ । पहिलो चक्लावन्दी कृषि र औद्यौगिक उन्मूख कृषिलाई व्यवस्था गर्नुपर्छ ।

दोस्रो त्यसरी व्यवसाय गर्दैगर्दा हामी ठूला-ठूला मुलुक बीच सबै कुराले पूर्ण हुँदा-हुँदै पनि भरिपूर्ण भएको मुलुक, समृद्ध हुनु सक्ने मुलुक त्यस मुलुकमा यस्तो धेरै समस्या देखिनु आफ्नो राज्यको कमजोरी हो । अथवा भ्रष्टीकरणको कारण हो । त्यसबाट किसानहरुलाई निरुत्साही बनाउने काम गरिराखेको छ । त्यसले गर्दा व्यवसाय फस्टाउन एउटा कुरो हो, जति उत्पादित छ राज्यले संघ संगठनले सहयोग गर्ने कुरा हो, देशमा कति वस्तु कति उत्पादन गर्नुपर्छ भन्ने राज्यसँग कुनै तथ्याङ्क छैन । चाहे त्यो संघीय सरकार होस्, प्रदेश राज्यको पुनःसंरचना भएपछि चाहे त्यो स्थानिय सरकारमा होस्, त्यस कुराको व्यवस्थापन गर्न सकेको मैले पाएको छैन । मेरो भनाई चाहीँ के हो भने कुनै पनि पालिकाहरुले आफूले आफ्नो पालिका भित्र खाद्यान्न, तरकारी सम्भव भएसम्म उत्पादन गर्नु पर्छ भन्ने रह्यो । देशको कुरा भारतबाट तरकारी, खाद्यान्न जे जति नेपाल आइरहेको छ नेपालको खाद्यवस्तुलाई निरुत्साही गर्ने गरि, नेपाली किसानहलाई हतोत्साही हुने गरि, जस्तै यहाँको किसानहरुले गोलभेडाको प्रति केजी २० रुपैयाँ प्रति केजीमा बिक्री गरिन्छ भने त्यसको विरुद्धमा भारतबाट १० रुपैयाँमा प्रतिकेजी गोलभेडा बजारमा ल्याइदिन्छ । त्यसले नेपाली किसानहरुलाई निरुत्साही बनाएको छ । विदेशी होइन नेपालकै आय आर्जनले नेपाल चल्नु पर्छ । मैले भनेको छु, स्थानीय तहले स्थानीयसँग, प्रदेश स्तरमा प्रदेशसँग त्यसले विभिन्न खाद्यान्न बाली, तरकारी, फलफूल इत्यादि भूगोलको हिसावले हेर्ने हो भने हिमाल, पहाड, तराईभरको मुलुक, विभिन्न प्राकृतिक स्रोत साधानहरु छन् जस्तै बागमती प्रदेशमा सबभन्दा तरकारी उत्पादन हुन्छ । भक्तपुर धादिङ्ग, काभ्रे चितवन लगायत महत्वपूर्ण तरकारी बालीको केन्द्र हुन् । यी ठाउँबाट विदेश पठाउन सकिने क्षमता राख्छ । तर, के छ भने किसानहरुले कालीमाटीको तरकारी बजारलाई तरकारी बिक्री गर्दा प्रति केजी २० रुपैयाँमा किसानले बेचेको हुन्छ । उपभोक्ताले त्यही तरकारी ४० देखि ५० रुपैयाँ प्रति केजी तिर्छ । एउटा विचौलिया प्रवृति छ । त्यो विचौलिया प्रवृति त्यसको अन्त हुनुपर्छ भने मेरो भनाई हो । किसानको व्यवसाय सप्रनको लागि त्यस्तो हुनु भएन । अर्को कुरो आफ्नो पालिकालाई लक्षित गर्दै आफैमा आत्मनिर्भर भईदियो भने अन्तर्राष्ट्रिय जगतको आयतलाई प्रतिस्थापन गर्न आन्तरिक उत्पादन बढाउनु पर्छ । त्यसो भएको हुनाले मैले पालिकालाई जोड दिएको हो । पालिकास्तरमा नै कृषि गर्ने किसानलाई मल, बीउ, ऋण लगायत सहज रुपमा पाउने गरि सम्वोधन हुनुपर्छ । पालिकाको सरकारलाई त्यस खालको व्यवस्थापन गर्नको निमित्त तत्कालको लागि संघीय सरकारले स्थानीय सरकारलाई सहयोग गर्नुपर्छ । हाम्रो आयस्तर उपलब्ध भइसके पछि आफूलाई खान पुग्ने उत्पादन हामी आफैले गरिसकेपछि विदेशको भरपर्नु परेन । यसो गर्दा विदेशमा आयातित वस्तुलाई प्रतिस्थापन गर्न सकिन्छ भन्ने मेरो मूल कुरो रह्यो । दोस्रो कुरो चाहीँ किसानहरुमा जुन खालको अस्तव्यस्तता छ त्यसलाई व्यवस्थित सोर्सको रुपमा काम गर्न यहाँको वित्तीय संस्था, लगानी कर्तारु, विभिन्न एनजीओ र आइएनजिओहरुले जे जति छन् तिनले खुलेर लक्षित किसान प्रति कार्यक्रम गर्नु पर्छ । बागमती प्रदेश सबभन्दा ठूलो घनावस्ती भएकाले प्रदेश हो । यहाँ अलि अपुग हुन्छ । अन्य प्रदेशले अलिकति मिहिनेत गरिदियो भने विदेशी आयतलाई प्रतिस्थापन गर्न सक्छ । अहिले आयत भएको करौंडौको तरकारी, चामल लगायत खाद्य वस्तुहरु लिएर आएको छ । त्यसले खाद्य सम्प्रभुत्तालाई सम्वोधन गर्न सक्दैन । आयतित वस्तु नेपाली जनताले उपभोग गर्दछ । स्वास्थकर पनि नभएको १० औं वर्षको पुरानो चामल खाएर दुखः गुजारा गरेको छ । अर्कोतिर सरकारले किसानले उत्पादन गरको कृषि उपजको मूल्य निर्धारण न्यूनतम् मल्य मापदण्ड तोक्नु जरुरी छ ।

हरिवोल गजुरेल मन्त्री भएको बेला मूल्य निर्धारण गरेको थियो । अहिले धानको न्यूनतम् मूल्य निर्धारण गरिएको छ । अरु बाली मकै, कोदो अरु अन्नबाली तरकारी मासु, फलफूल, दूध केही मूल्य निर्धारण गरिएको छैन । दूध उत्पादनमा केपी ओलीको तत्कालीन सरकारले मासु र अण्डामा नेपाल आत्मनिर्भर भईसकेको छ भन्ने जुन थियो आत्मनिर्भर भईसकेको छ भन्ने मलाई लाग्दैन । हाम्रो प्रदेश भित्र मैले यी तेह्रवटै जिल्ला भित्र हेर्दा पनि हामी आत्मनिर्भर छौं । जस्तो मलाई लाग्दैन । समस्टीगत रुपमा भनौ भने मैले सुक्ष्म अध्ययन गर्दा त्यो खालको मैले देख्दिन । त्यसकारण आत्मनिर्भर हुन व्यवसायलाई व्यवस्थित बनाउनको निम्ति सरकारबाटनै जोड दिनु पर्छ र विदेशी आयतालाई प्रतिस्थापन गर्न नेपाली किसानहरुलाई सुलभ र सहज अनुदान, ऋण नै नेपाली किसानहरुलाई आवश्यकता छ । किसानहरुलाई अनुदान वजेट भयो भने विदेशी आयतलाई प्रतिस्थापन गरि हामी राष्ट्रिय उत्पादनको मूल्य ३३ प्रतिशत कृषि उत्पादनको राष्ट्रिय आयमा योगदान गर्न सक्छ । यद्यपी त्यसलाई ३३ प्रतिशत मात्र होइन ५० प्रतिशत पुऱ्याउन हामी सक्छौं । यदि म कुनै पनि पालिकाको जिम्मेवार प्रतिनिधी भईदिएको भए पालिकामा पूरै आत्मनिर्भर बनाउन सक्छु भन्न मलाई लाग्छ । किसान भनेको उही थोत्रे, झुम्रे हो भनेर राज्यले जसरी बुझेको छ । सम्मान गर्न जानेको छैन । किसान भनेको प्राण पाल्ने जात हो । सम्मान गर्नुपर्छ भन्ने कुैन पनि सरकारले त्यस्तो खालको किसानलाई भएको छैन । म किसानको नेतृत्व गर्दैगर्दा एकजना कुनैपार्टी कमिटीको व्यक्ति वडाको प्रतिनिधी जानु र म प्रदेश संयोजकको नाताले पुग्दैगर्दा वडा समितिको साथीसँग गरिने सम्वोधन भन्दा पनि, किसानलाई हेयको दृष्टिकोणले हेरिन्छ । त्यतिसम्मको सोचाई हामीमा । त्यसकारण किसानहरुलाई उर्जा थप्नको निम्ति यी कुराहरुलाई सरकारले तत्काल अगाडि बढाउनु पर्छ । मुख्यतयाः स्थानीय सकारलाई प्रदेश र संघले स्थानीय सरकार मार्फत किसानको समस्या समाधान गर्न त्यस खालको कार्य अगाडि बढाउनुको निम्ति आग्रह गर्न चाहन्छु ।

**तत्कालीन सरकारले उत्पादनमा आधारित अनुदान दिनुपर्छ भनेर ५ वुँदे नीति ल्याएको छ । त्यो अहिले कार्यन्वयन**

**भएको अवस्था छैन । यदि ती नीति कार्यन्वयन भयो भने नेपाली किसानलाई कतिको फाइदा हुन्छ ?**

